# 'फालिएको सामान' उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
**गोविन्दप्रसाद पौडेल**
शैक्षिक सत्र २०६४-२०६६
त्रि.वि. दर्ता नं. ९-२-२४३-१५-२००१



**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
सन् २०१२/वि.सं. २०६८

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र गोविन्दप्रसाद पौडेलले **'फालिएको सामान' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनशीलतापूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७०/०२/०७
२१ मई २०१३


**विष्णुप्रसाद सापकोटा**
उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनको लागि उपन्यासकार तारिणीप्रसाद कोइरालाद्वारा लिखित **'फालिएको सामान' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको यो शोधपत्र तयार पारिएको हो । यो शोधपत्र तयार पार्नका लागि आफ्नो अति नै व्यस्त समयको बाबजुद पनि महत्त्वपूर्ण सल्लाह, सुझाव प्रदान गरी बाटो देखाइदिनुहुने निर्देशक आदरणीय गुरु उपप्रा. विष्णुप्रसाद सापकोटाप्रति म सर्वप्रथम हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसै गरी आफ्नो मूल्यवान् समय प्रदान गरी यस शोधकार्यमा सहयोग पुऱ्याउनु हुने वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालज्यूप्रति पनि अत्यन्त आभार व्यक्त गर्दछु ।

यसै क्रममा मलाई प्रेरणा प्रदान गर्नुहुने मकवानपुरका पत्रकार शिवकुमार काशी, शिक्षक तथा कवि निमेष निखिल, कवि श्यामकुमार बानियाँ, व्यङ्ग्यकार आर.सी. रिजाल, पुष्पलाल स्मृति पुस्तकालय प्रमुख अनिता न्यौपाने र मित्र गोकर्णप्रसाद अर्यालज्यूप्रति आभारी छु । यसै गरी वीरेन्द्र बहुमुखी क्याम्पसका सहायक प्रशासकद्वय शिवप्रसाद पोखरेल र विजय पण्डितज्यूमा पनि कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो अध्ययनको प्रत्येक क्षणमा अनवरत प्रेम, प्रेरणा र अवसर जुटाइदिनुहुने पिता भोलाप्रसाद (शर्मा) पौडेल, माता रमा पौडेल, पत्नी सुशीला पौडेल एवं घरपरिवारका सम्पूर्ण सदस्यहरूप्रति आफू ऋणी बन्न पुगेको महसुस गरेको छु । यसका साथै श्री राष्ट्रिय रोटरी मा.वि. मनहरि र श्री महेन्द्रकिरण उ.मा.वि. मनहरी, मकवानपुरका मेरा सहकर्मी शिक्षक साथीहरूप्रति हार्दिक कृतज्ञताका साथै धन्यवाद ज्ञापन गर्न चाहन्छु । समयमै टङ्कन गरी सहयोग गर्ने कालिका कम्प्युटर सर्भिस, नारायणगढका महेश पौडेलप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा **'फालिएको सामान' उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष पेस गर्दछु ।

मिति : २०७०/०२/०९
२३ मई २०१३

............................
**गोविन्दप्रसाद पौडेल**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको सूची यसप्रकार छ-

| | |
|---|---|
| अ.प्र. | अप्रकाशित |
| आब. | आबद्धता |
| आस. | आसन्नता |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| क्र.सं. | क्रमसङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान |
| पु. | पुरुष |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| ले. | लेखक |
| वि.पी. | विश्वेश्वरप्रसाद |
| वि.सं. | विक्रम संवत् |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


१.१ विषय परिचय १

१.२ समस्याकथन २

१.३ शोधकार्यको उद्देश्य ३

१.४ पूर्वकार्यको विवरण र समीक्षा ३

१.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ६

१.६ शोधकार्यको सीमाङ्कन ७

१.७ सामग्री सङ्कलन विधि ७

१.८ शोधविधि ७

१.९ शोधपत्रको रूपरेखा ७


**परिच्छेद : दुई**

**उपन्यासको सैद्धान्तिक परिचय**


२.१ उपन्यासको परिचय र परिभाषा ९

२.२ उपन्यासका आधारभूत तत्त्वहरू ११

२.२.१ कथानक ११

२.२.२ चरित्र १२

२.२.३ देश-काल र वातावरण १३

२.२.४ भाषा १४

२.२.५ शैली १५

२.२.६ उद्देश्य १५

२.२.७ प्रतीक र बिम्ब १६

२.२.८ शीर्षक १६

२.२.९ दृष्टिबिन्दु १७

२.३ निष्कर्ष १७

## परिच्छेद : तीन

## तारिणीप्रसाद कोइरालाको साहित्ययात्रा, व्यक्तित्व र प्रवृत्ति


३.१ जीवनी परिचय २०

३.१.१ जन्म र जन्मस्थान २०

३.१.२ बाल्यकाल २१

३.१.३ शिक्षा-दीक्षा २१

३.१.४ पारिवारिक स्थिति २२

३.१.५ पेसा २२

३.१.६ जीवन-सङ्घर्ष २२

३.२ व्यक्तित्व परिचय २४

३.२.१ सम्पादक तथा सञ्चारकर्मी व्यक्तित्व २४

३.२.२ अनुवादक व्यक्तित्व २५

३.२.३ राजनैतिक व्यक्तित्व २५

३.२.४ साहित्यकार व्यक्तित्व २५

३.२.४.१ गीतकार व्यक्तित्व २६

३.२.४.२ कथाकार व्यक्तित्व २६

३.२.४.३ उपन्यासकार व्यक्तित्व २७

३.२.४.४ कवि व्यक्तित्व २७

३.३ साहित्यिक लेखनको प्रेरणा र प्रभाव २८

३.४ साहित्य लेखनको यात्रा २९

३.५ निष्कर्ष ३२


## परिच्छेद : चार

## फालिएको सामान उपन्यासको विधातात्विक विश्लेषण


४.१ फालिएको सामान उपन्यासको संरचना ३४

४.२ कथानक ३४

४.३ चरित्र ४०

४.३.१ प्रमुख पात्रहरूको चरित्र चित्रण ४२

४.४ परिवेश ५२

४.६ भाषा शैली ५६
४.७ प्रतीक र बिम्ब ६६
४.८ फालिएको सामान शीर्षकको सार्थकता ६७
४.९ दृष्टिबिन्दु ६९
४.१० उद्देश्य ७१
४.११ निष्कर्ष ७२

**परिच्छेद : पाँच**

**फालिएको समान उपन्यासमा प्रयुक्त मनोवैज्ञानिक पक्षको विश्लेषण**

५.१ विषय प्रवेश ७५
५.२ फालिएको सामान उपन्यासको मनोवैज्ञानिक पक्ष ७५
५.३ फालिएको सामान उपन्यासको सामाजिक पक्ष ७९
५.४ मनोवैज्ञानिक उपन्यास परम्परामा तारिणीप्रसाद कोइरालाको योगदान ८३
५.५ निष्कर्ष ८७

**परिच्छेद : छ**

**उपसंहार तथा निष्कर्ष**

६.१ पृष्ठभूमि ८९
६.२ पहिलो परिच्छेदको निष्कर्ष ९१
६.३ दोस्रो परिच्छेदको निष्कर्ष ९१
६.४ तेस्रो परिच्छेदको निष्कर्ष ९२
६.५ चौँथो परिच्छेदको निष्कर्ष ९२
६.६ पाँचौँ परिच्छेदको निष्कर्ष ९३
६.७ समग्र निष्कर्ष ९४

**सन्दर्भसामग्रीसूची**

क) सन्दर्भग्रन्थसूची ९७
ख) सन्दर्भपत्रिकासूची ९७
ग) सन्दर्भशोधपत्रसूची ९८

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

तारिणीप्रसाद कोइराला वि.सं. १९७९ सालमा बनारसमा जन्मेका एक सफल मनोवैज्ञानिक उपन्यासकारका रूपमा परिचित छन् । मनोवैज्ञानिक उपन्यास परम्परामा सफल मानिने कोइराला वि.सं. १९९६ सालपछि लेखनमा प्रवृत्त रहेको देखिन्छ ।[१] उनी **आमाको हृदय** शीर्षकको कथा प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनका दुई दर्जन जति कथाहरू **शारदा, मुकुन्द, धर्ती, प्रगति, झङ्कार, रूपरेखा** आदि पत्रिकाका विभिन्न अङ्कहरूमा प्रकाशित भएको देखिन्छ । उनका कथाहरू **रातो स्वेटर** कथासङ्ग्रहमा सङ्गृहीत भएका छन् । यसैगरी कोइरालाले कविताका क्षेत्रमा पनि कलम चलाएका छन् । उनका **पथ्थर, यो मशान, हार, मेरो जित, तेरो, भुलेकी तारिके, निम्ता, यो दशैं, पवनले फूललाई, पदचाप** आदि शीर्षकका फुटकर कविताहरू विभिन्न समयमा प्रकाशित भएको देखिन्छ । निधनपश्चात् उनको **नैनी (२०५६)** महाकाव्य पनि प्रकाशित भएको छ । कविताका साथै तारिणीप्रसादले गीतहरूको पनि रचना गरेका छन् । उनका गीतिसिर्जनाहरू सानुदेवी, हरिप्रसाद रिमालद्वारा स्वर तथा सङ्गीतबद्ध भएका छन् । उनले महात्मा गान्धीद्वारा लिखित बहुचर्चित पुस्तक **विद्यार्थीहरूलाई** नेपालीमा अनुवादसमेत गरेका छन् । यसैगरी उनले रेडियो नेपालको स्थापना गरी संस्थापक निर्देशक बनेका थिए । यसैको मुखपत्रको रूपमा **झङ्कार** पत्रिकाको सम्पादन तथा प्रकाशन गरेका थिए । २००९ सालपछि उनले **नयाँ कदम, हुरी, दियालो, उज्यालो कल्पना, आँधि-तुफान** आदि पत्रपत्रिकाहरूको सम्पादन तथा प्रकाशन गरेका थिए । यस्ता बहुआयमिक व्यक्तित्वका धनी कोइरालको

[१] तारिणीप्रसाद कोइराला, **सर्पदंश,** काठमाडौँ : प्रतिनिधि साहित्य प्रकाशन, २०२६, पृ. ३ ।

वि.सं. २०३१ बैशाख १७ गते बनारसको सुन्दरलाल अस्पतालमा निधन भएको थियो । वि.सं. २०१७ सालसम्म कथा लेखनमा प्रवृत्त रहेका कोइरालाका त्यसपछि भने दुईवटा उपन्यासहरू **सर्पदंश** (वि.सं. २०२६) र **फालिएको सामान** (वि.सं. २०४२) प्रकाशनमा आएका छन् । सृजन क्षमता एवं मनोवैज्ञानिक चिन्तनको गहिराइसमेतलाई ध्यान दिँदा उनको उपन्यासगत वैशिष्ट्य **सर्पदंश** उपन्यासले स्थापना गरेको देखिन्छ । **सर्पदंश** नेपाली उपन्यास परम्परामा बालयौनमनोविज्ञानलाई विषय बनाई लेखिएको एक मात्र उपन्यास हो भने तारिणीको दोस्रो उपन्यास **फालिएको सामान** बृहद् कायको कृति हो ।[२] दुईवटा खण्डमा विभाजित प्रस्तुत उपन्यास सहरिया परिवेशको आभिजात्य परिधिमा विकसित भएको रहस्यात्मक यौनको उद्घाटन गर्ने कृति हो । दुईवटा मात्रै उपन्यास लेखेर नेपाली उपन्यासको क्षेत्रमा ठूलो ख्याति कमाउन सफल भएका तारिणीको **सर्पदंश** उपन्यास जति चर्चामा आयो त्यति चर्चा **फालिएको सामान**ले पाउन सकेको देखिँदैन । पूर्णतः मनोविज्ञानमा आधारित नभएर पनि सामाजिक यथार्थ र विसङ्गतिलाई कोट्याउन सफल **फालिएको सामान** उपन्यासको गम्भीर अध्ययन र अनुसन्धान हुन सकेको देखिँदैन । अतः उनको **फालिएको सामान** उपन्यासको कृतिपरक अध्ययनलाई प्रस्तुत शोधकार्यका लागि विषयका रूपमा चयन गरिएको छ । यसैले यस शोधकार्यको शीर्षक **फालिएको सामान उपन्यासको कृतिपरक अध्ययन** दिइएको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यका विविध विधामा कलम चलाएका तारिणीप्रसाद कोइरालाको लेखनी अन्य विधाका तुलनामा उपन्यास विधामा नै बढी सफल मानिन्छ । उनका जम्मा प्रकाशित दुई उपन्यासमध्ये उनको पछिल्लो उपन्यास **फालिएको सामान** उपन्यासको कृतिपरक अध्ययन प्रस्तुत शोधकार्यको शीर्षक रहेकोले उपर्युक्त शीर्षक नै अध्ययन सम्बन्धी मूल समस्यामा केन्द्रित रहेको छ । यस शोधपत्रका मूल समस्याहरू बुँदागत रूपमा निम्नानुसार रहेका छन् -

[२] गिरीराज आचार्य, *तारिणीप्रसाद कोइराला : केही खोजखाज,* **चान्द्रमसी**, वर्ष १३, अङ्क १, २०५२, पृ. ४३ ।

क) **फालिएको सामान** उपन्यासको सैद्धान्तिक पक्ष के-कस्तो छ ?

ख) तारिणीप्रसाद कोइरालाको जीवनी र व्यक्तित्व के-कस्तो छ ?

ग) **फालिएको सामान** उपन्यासको विधातात्त्विक अध्ययन कसरी गर्न सकिन्छ ?

घ) **फालिएको सामान** उपन्यासका प्राप्ति र वैशिष्ट्य तथा अन्तर-बाह्य संरचना कस्तो छ ?

यिनै समस्याहरूमा केन्द्रित रही यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य उपन्यासकार तारिणीप्रसाद कोइराला र **फालिएको सामान** उपन्यासमा केन्द्रित रही समस्या कथनमा उठाइएका समस्याहरूको खोजी गर्नु हो । बुँदागत आधारमा प्रस्तुत शोधपत्रको उद्देश्य निम्नानुसार रहेका छन् -

क) तारिणीप्रसाद कोइरालाको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त चर्चा गर्नु,

ख) **फालिएको सामान** उपन्यासको सैद्धान्तिक अध्ययन गर्नु,

ग) **फालिएको सामान** उपन्यासको विधातात्त्विक अध्ययन गर्नु,

घ) **फालिएको सामान** उपन्यासको प्राप्ति र वैशिष्ट्य निर्धारण गर्नु ।

यिनै उद्देश्यहरू परिपूर्ति गर्दै यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

नेपाली साहित्यको उपन्यास विधामा दुईवटा मात्रै उपन्यास लेखेर चर्चा कमाएका तारिणीप्रसाद कोइरालाले आफ्नो जीवनको दोस्रो तथा अन्तिम उपन्यास **फालिएको सामान**को समग्रमा कृतिगत अध्ययन हालसम्म भएको भेटिँदैन । सामान्यतः विभिन्न साहित्यिक पत्रिकाहरूमा तथा समालोचनात्मक कृतिहरूमा सङ्क्षिप्त परिचर्चा भएको पाउन चाँहि सकिन्छ । त्यसैगरी प्रसङ्गवश भिन्नै उद्देश्य राखिएका कृति तथा पत्रिकामा प्रकाशित लेखहरूमा पनि प्रस्तुत उन्यासको सङ्क्षिप्त चर्चा गरिएको पाइन्छ । **फालिएको सामान**

उपन्यासका सम्बन्धमा प्राप्त पूर्वकार्यको विवरण तथा समीक्षा कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ -

मुरारीप्रसाद रेग्मीले *सर्पदंश एक मनोवैज्ञानिक अध्ययन* (**रूपरेखा**, २०३२, माघ पृ. ३१) शीर्षक लेखमा **सर्पदंश** उपन्यासको मनोवैज्ञानिक विवेचना गर्ने क्रममा **फालिएको सामान** उपन्यासको पनि चर्चा गरेका छन् । उक्त लेखमा तारिणीका दुई उपन्यासका तुलनात्मक चर्चा गर्दै रेग्मीले **सर्पदंश**को तुलनामा **फालिएको सामान**ले मनोविज्ञानको सैद्धान्तिक प्रयोगलाई भन्दा व्यावहारिक पक्षलाई बढी विश्वास गरेको कुरा उल्लेख गरेका छन् ।[३]

कृष्णचन्द्रसिंह प्रधानले *तारिणीका उपन्यास र यौनमनोविश्लेषण* (**गरिमा**, २०५१, कार्तिक, पृ. ५४) शीर्षक लेखमा **फालिएको सामान**को सटीक विश्लेषण गरेका छन् । उक्त लेखमा प्रधानले **सर्पदंश** र **फालिएको सामान** यी दुई उपन्यासका चरित्रहरूको यौनमनोवैज्ञानिक आधारमा तुलना गर्दै **फालिएको सामान**लाई सतही यौनमनोवैज्ञानिक उपन्यास भनेर टिप्पणी गरेका छन् । यो लेख यौनमनोविश्लेषणमा मात्र केन्द्रित छ ।[४]

नरेन्द्र चापागाईंले *फालिएको सामान एक परिचयात्मक अवलोकन* (**चान्द्रमसी**, २०५२, तारिणी स्मृति अङ्क, पृ. २१) शीर्षक लेखमा प्रस्तुत **फालिएको सामान** उपन्यासको विशद् चर्चा गरेका छन् । उक्त लेखमा चापागाइँले यस उपन्यासका प्राप्ति र सीमाहरूको विश्लेषण गर्दै यस उपन्यासले मनोविज्ञान, यौनमनोविज्ञान र सामाजिक यथार्थवादका विभिन्न मान्यतालाई पछ्याएको कुरा उल्लेख गरेका छन् ।[५]

दधिराज सुवेदीले *कथा एवं उपन्यास शिल्पी तारिणीप्रसाद कोइराला* (**चान्द्रमसी**, २०५२, तारिणी स्मृति अङ्क, पृ. ३९) शीर्षक लेखमा **फालिएको सामान** उपन्यासको चर्चा गरेका छन् । उक्त लेखमा सुवेदीले प्रस्तुत उपन्यासमा तारिणीले आफ्नो जीवनको यौन

---

[३] मुरारीप्रसाद रेग्मी, *सर्पदंश एक मनोवैज्ञानिक अध्ययन,* **रूपरेखा**, वर्ष १३, अङ्क १, २०५२, माघ पृ. ३१ ।

[४] कृष्णचन्द्रसिंह प्रधान, *तारिणीका उपन्यास र यौनमनोविश्लेषण,* **गरिमा**, वर्ष ११, अङ्क १, २०५१, कार्तिक, पृ. ५४ ।

५ नरेन्द्र चापागाइँ, *फालिएको सामान एक परिचयात्मक अवलोकन,* **चान्द्रमसी**, २०५२, तारिणी स्मृति अङ्क, पृ. २१ ।

अनुभूतिलाई पनि मिश्रण गरेका छन् भनी टिप्पणी गरेका छन् । यो लेखमा स्रष्टापरक समालोचनात्मक पद्धतिको प्रयोग गरिएको छ ।[६]

हिक्मत खड्काले *विश्वेश्वरप्रसाद कोइराला र तारिणीप्रसाद कोइरालाको साहित्यमा यौन मनोविज्ञान* (**चान्द्रमसी**, २०५२, पृ. १११-११३) शीर्षक लेखमा **फालिएको सामान** उपन्यासको सङ्क्षिप्त चर्चा गरेका छन् । उक्त लेखमा खड्काले विश्वेश्वप्रसाद कोइरालाले तीन घुम्ती र तारिणप्रसादको **फालिएको सामान**मा प्रयोग गरिएको यौनजन्य विषयलाई तुलना गर्दै विभिन्न दृष्टिकोणबाट **तीनघुम्ती** र **फालिएको सामान** समकक्षी उपन्यास भएको टिप्पणी गरेका छन् ।[७]

सूर्यप्रसाद रेग्मीले ***सर्पदंश*** *बालयौनमनोवैज्ञानिक विवेचना* (**गरिमा,** २०६० असोज, पृ. ३३) शीर्षक लेखमा **फालिएको सामान** उपन्यासको पनि चर्चा गरेका छन् । उक्त लेखमा रेग्मीले कोइरालाका दुई उपन्यासले उनका दुई प्रवृत्तिलाई उद्घाटन गरेको कुरा उल्लेख गरेका छन् ।[८]

कृष्णचन्द्रसिंह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** (२०६१) नामक समालोचनात्मक कृतिमा तारिणीका प्रवृत्तिको विश्लेषण गर्ने क्रममा उनको **फालिएको सामान** उपन्यासको पनि सङ्क्षिप्त टिप्पणी गरेका छन् । उपर्युक्त कृतिमा प्रधानले **सर्पदंश**मा कोइरालाको जुन यौनमनोवैज्ञानिक चिन्तन छ त्यसको तुलनामा **फालिएको सामान** फिक्का रहेको कुरा औंल्याएका छन् ।[९]

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०४६, पृ ४१-४२) नामक समालोचनात्मक कृतिमा **फालिएको सामान** बारे टिप्पणी गरेका छन् । उक्त कृतिमा सुवेदीले तात्कालीन राणा समाजमा बाहिर देखिने सुन्दर दृश्य र चित्र, चित्रित अश्लील र वीभत्स जीवनको यथार्थ घटनाका रूपमा **फालिएको समान**लाई लिनुपर्ने तर्क राखेका छन् ।[१०]

---

[६] दधिराज सुवेदी, *कथा एवं उपन्यास शिल्पी तारिणीप्रसाद कोइराला,* **चान्द्रमसी**, २०५२, तारिणी स्मृति अङ्क, पृ. ३९ ।

[७] हिक्मत खड्का, *विश्वेश्वरप्रसाद कोइराला र तारिणीप्रसाद कोइरालाको साहित्यमा यौन मनोविज्ञान,* **चान्द्रमसी**, वर्ष १३, अङ्क १, २०५२, पृ. १११-११३ ।

[८] सूर्यप्रसाद रेग्मी, *सर्पदंश बालयौनमनोवैज्ञानिक विवेचना,* **गरिमा,** वर्ष २७, अङ्क ३, २०६० असोज, पृ. ३३ ।

[९] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, ललितपुर : साझा प्रकाशन, २०६१, पृ. २०८ ।

[१०] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, ललितपुर : साझा प्रकाशन, २०४६, पृ ४१-४२ ।

दुर्गाबहादुर घर्तीले **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान** (२०६७, पृ. ६२) नामक कृतिमा **फालिएको सामान** उपन्यासको चर्चा गरेका छन् । उक्त कृतिमा घर्तीले प्रस्तुत उपन्यासमा रहेकी नारीपात्रको काम-क्षुधा, कुण्ठा र प्रतिशोधलाई निषेधात्मक सभ्यताको परिणाम भन्दै टिप्पणी गरेका छन् । प्रस्तुत अध्ययन मनोविश्लेषणमा मात्र सीमित रहेको छ ।[११]

माथिका पूर्व कार्यात्मक रूप रचना निकै सङ्क्षिप्त छन् । एकदेशीय पनि छन् । यी पूर्वकार्यले आख्यानका तारिणीप्रसाद कोइरालाको आख्यानकारिताको सर्वाङ्गपूर्ण अध्ययन गर्न सकेको देखिँदैन । यी समालोचनात्मक, समीक्षात्मक लेखहरूले यस कृतिको समग्र अध्ययन गर्न सकेको देखिँदैन । यी लेख एवं पूर्वकार्यले यस अध्ययनलाई सहयोग पुऱ्याउने देखिन्छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

उपन्यासकार तारिणीप्रसाद कोइरालाको पहिलो उपन्यास **सर्पदंश** नेपाली उपन्यास परम्परामा नौलो प्रयोग भएकाले त्यतातिर सबै समालोचक तथा अध्येताहरूको ध्यान जानु स्वाभाविकै हो । तर उनको दोस्रो तथा अन्तिम उपन्यास **फालिएको सामान** प्रति धेरैजसो पाठक र समालोचकहरू अनभिज्ञ जस्तै रहेको अवस्थामा प्रस्तुत कृतिको समग्र विश्लेषण गर्नुले तारिणीप्रसाद कोइरालाप्रति जिज्ञासु पाठक र विद्यार्थीहरूलाई पनि उल्लेख्य सहयोग प्रदान गर्नेछ । यो कार्यले यस शोधकार्यको औचित्य स्पष्ट छ । त्यसैगरी यस कृतिको कृतिगत विश्लेषण गर्नु आफैमा महत्त्वपूर्ण छ र यसको उपयोगिता पनि यसको विश्लेषण र त्यसबाट पाठक तथा विद्यार्थीलाई पुग्ने सहयोगमा आधारित हुनेछ । तारिणीको ओझेलमा परेको उपन्यास **फालिएको सामान**को विश्लेषण तथा शोधकार्य मार्फत् यसलाई प्रकाशमा ल्याउनु आफैमा एउटा औचित्यपूर्ण र विशिष्ट कार्य हो । अतः पूर्वकार्यका रूपमा समग्र अध्ययन नभएको हुँदा यस कृतिलाई आधार बनाई गरिने अध्ययनले नेपाली साहित्य लगायत विद्यालयदेखि विश्वविद्यालय स्तरसम्मका विभिन्न विद्यार्थी पाठकहरूको आवश्यकतालाई समेत पूर्ति गर्ने र एउटा साहित्यिक स्रष्टाको योगदानको कदर समेत हुने

---

[११] दुर्गाबहादुर घर्ती, **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान**, ललितपुर : साझा प्रकाशन, २०६७, पृ. ६२ ।

विश्वास लिइएको छ । यी विविध दृष्टिकोणले गर्दा यस शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता स्पष्ट देखिन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

शोधकार्यको उद्देश्य शीर्षकमा उल्लेख भएका बुँदाहरूमा केन्द्रित रही साहित्यकार तारिणीप्रसाद कोइरालाको साहित्ययात्रा, जीवनी र व्यक्तित्वको संक्षिप्त चर्चा गर्दै उनको **फालिएको सामान** उपन्यासको कृतिपरक अध्ययन गरिएको छ । फालिएको सामान उपन्यासलाई आधार मानेर औपन्यासिक विधातत्त्व, उपन्यासको यौन र समाज, उपन्यासका प्राप्ति र सीमा, अन्तरबाह्य संरचना, समग्रमा कृतित्त्व (पात्र, विषयवस्तु, कथानक, भाषाशैली) मा सीमित रहनु नै यस शोधकार्यको सीमा हो ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रको तयारीका लागि पुस्तकालयीय अध्ययन पद्धतिलाई नै सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यसका अतिरिक्त विभिन्न विद्वान्हरूबाट सल्लाह-सुझाव लिने कार्य समेत गरिएको छ । यसका साथै पुस्तकका जानिफकारहरूसँग छलफल, विभिन्न पत्रपत्रिकाहरू र पुस्तकहरूलाई नै सामग्री सङ्कलनको प्रमुख स्रोत बनाइएको छ ।

## १.८ शोधविधि

सङ्कलिन सामग्रीहरूलाई विश्लेषण गरी सामान्यीकरण र विषयपरक शोधविधि प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत सामग्रीलाई व्यवस्थित गर्न अर्थापन, वर्णनात्मक एवं विश्लेषणात्मक विधि अपनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

यस शोधकार्यको संरचना सन्तुलित र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नका लागि शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । यस शोधपत्रको स्वरूप वा सङ्गठन यसप्रकार रहेको छ :

**पहिलो परिच्छेद - शोध परिचय**

यस परिच्छेदमा विषय परिचय, शोधप्रयोजन, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमाङ्कन, सामग्री सङ्कलन विधि र सैद्धान्तिक ढाँचा, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद - उपन्यासको सैद्धान्तिक परिचय**

यस परिच्छेदअन्तर्गत उपन्यासको परिचय र परिभाषा, उपन्यासका आधारभूत तत्त्वहरू, कथानक, चरित्र, देश-काल र वातावरण, भाषाशैली, उद्देश्य, प्रतीक र बिम्ब, शीर्षक र दृष्टिबिन्दुको चर्चा रहेको छ ।

**तेस्रो परिच्छेद - तारिणीप्रसाद कोइरालाको साहित्ययात्रा, व्यक्तित्व र प्रवृत्ति**

यस परिच्छेदमा तारिणीप्रसाद कोइरालाको जीवनी, साहित्यिक यात्रा र औपन्यासिक प्रवृत्ति प्रस्तुत गरिएको छ ।

**चौँथो परिच्छेद - फालिएको सामान उपन्यासको विधातात्त्विक विश्लेषण**

यस परिच्छेदमा उपन्यासको संरचना, कथानक वा विषयवस्तु, उपन्यासमा प्रयुक्त चरित्रहरू, परिवेश, भाषाशैली, दृष्टिबिन्दु, केन्द्रीय कथ्य र उपसंहार प्रस्तुत गरिएको छ ।

**पाँचौँ परिच्छेद - नेपाली उपन्यास परम्परामा फालिएको सामान उपन्यासका प्राप्ति र वैशिष्ट्यको निर्धारण**

यस परिच्छेदमा यौनपरक उपन्यास लेखनमा तारणीप्रसाद कोइरालाको योगदान र सामाजिक तथा यौनमनोवैज्ञानिक विषयवस्तुमा **फालिएको सामान** उपन्यासको उपलब्धिबारे चर्चा गरिएको छ ।

**छैठौं परिच्छेद - उपसंहार निष्कर्ष**

यो परिच्छेद उपसंहार तथा निष्कर्षका रूपमा रहेको छ । यसमा पहिलो, दोस्रो, तेस्रो र चौथो परिच्छेदको निष्कर्ष दिइएको छ र अन्तमा समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार शोधको आदि भाग समावेश गरी मध्यभाग शोध प्रतिवेदनका रूपमा र अन्त्य भागका रूपमा सन्दर्भसामग्रीलाई सन्दर्भग्रन्थ सूचीका रूपमा समावेश गरी साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई
# उपन्यासको सैद्धान्तिक परिचय

# परिच्छेद : दुई
# उपन्यासको सैद्धान्तिक परिचय

## २.१ उपन्यासको परिचय र परिभाषा

उपन्यास शब्दको प्रयोग संस्कृत साहित्यको वैदिक तथा लौकिक ग्रन्थहरूमा भेट्न सकिन्छ । वेद र उपनिषद्मा भएको आख्यान, उपाख्यान तथा दर्शनसम्बन्धी चिन्तनले उपन्यासको दरिलो घडेरी तयार गरेका छन् । लौकिक संस्कृतमा उपन्यास शब्दको प्रयोग भरतमुनिले नाटकको प्रतिमुख सन्धिको सानो भागलाई भनेर प्रयोग गरेपछि भामहले **काव्यालङ्कार**मा ज्ञापनको अर्थमा, दण्डीले **काव्यादर्श**मा विन्यासको अर्थमा र विश्वनाथले **साहित्य दर्पण**मा ज्ञापनको अर्थमा प्रयोग गरेका छन् ।

संस्कृत साहित्यमा कल्पनाले भरिएको लोककथा वा पौराणिक कथालाई कथा र ऐतिहासिक रचना भएको कथालाई आख्यायिका भनेको भेटिन्छ । यसप्रकार आख्यायिका कथामा आख्यान उपाख्यानको चर्चा भेटिए पनि  औपन्यासिक शृङ्खलाको ढाँचा भएको पूर्वीय साहित्यमा वाण भट्टको **कादम्बरी**  रचिए पनि उपन्यास पूर्वीय साहित्य विधागत रचना विशेष नभएर पाश्चात्य साहित्यिक विधागत रचना हो ।[१] पाश्चात्य साहित्यको प्राचीन विविध आख्यान मध्यकालीन रोमान्स नै आधुनिक उपन्यासका पृष्ठभूमि हुन् । सन् १९७१ मा ड्यानियल डिफोले **रविन्सन क्रुसो** कृतिमार्फत् विश्वसाहित्यमा औपन्यासिक कृतिको जन्म गराएका हुन् ।

उपन्यास साहित्यको नवीनतम् विधा हो । उपन्यासलाई अङ्ग्रेजीमा नोवेल (Novel) भनिन्छ । यो इटलीको नौलो अर्थबोधक शब्द नोवेला (Novella) बाट बनेको हो । यस विधाको जन्म र प्रवर्तन पनि इटलीबाटै भएको मानिन्छ । उपन्यास विशाल आकारको यस्तो

[१] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली आख्यान,** कीर्तिपुर : क्षितिज प्रकाशन, २०६३, पृ. १६४ ।

गद्य संरचना हो जसमा जीवनको निरूपण पात्रको कार्यव्यापारबाट आख्यानात्मक ढङ्मा गरिएको हुन्छ ।[२]

उपन्यास वर्तमान साहित्यको सबैभन्दा लोकप्रिय विधा हो । पहिलेका महाकाव्यको स्थान र महत्त्व अहिले यसले लिएको छ । त्यसैले उपन्यासलाई गद्यमा लेखिएको महाकाव्य पनि भनिन्छ ।[३]

उपन्यासका अनेक परिभाषाहरू पाइन्छन् । द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका, भोलुम १८ **(The New Encyclopedia Britanica**; Vol. 18) मा "विशेष देशकाल र चारित्रिक समूह समावेश भएको क्रमबद्ध घटनाहरूको माध्यमद्वारा अभिव्यक्ति हुने आवश्यकताअनुसार लमाइ भएको त्यस्तो साहित्यिक वर्णनात्मक गद्य विधालाई उपन्यास भनिन्छ, जसमा मान्छेका अनुभवहरूलाई केही जटिलताका साथ प्रस्तु गरिन्छ" भनेर उपन्यासलाई परिभाषित गरेको छ । यसै गरी नेपाली **बृहद् शब्दकोश**ले धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा, चरित्रप्रधान गद्य महाकाव्य नै उपन्यास हो भनेर उपन्यासको परिचय दिएको छ । हेनरी जेम्सले उपन्यासलाई गद्यमा लेखिएको महाकाव्य बताएका छन् । श्यामसुन्दरले उपन्यास मनुष्यको वास्तविक जीवनको काल्पनिक कथा हो भनेका छन् । यसरी नै बालचन्द्र शर्माका अनुसार उपन्यास धेरै अध्याय वा खण्डहरूमा लेखिएको लामो साहित्यिक कथा हो । अर्नेस्ट ए वेकरका अनुसार उपन्यासलाई गद्यमय कल्पित आख्यानको माध्यमले गरिएको जीवनको व्याख्या भन्न सकिन्छ । यसै गरी हल्बर्ट मुलरले उपन्यास मानव अनुभवहरूको निरूपण हो, चाहे त्यो यथार्थ होस् वा आदर्श तर उपन्यासमा अनिवार्यतः जीवनको आलोचना रहन्छ भनेर उपन्यासलाई चिनाएका छन् । राल्फ फक्सले उपन्यास कला नै पहिलो त्यो साहित्यिक कला हो जसले मानव जीवनको सम्पूर्ण अङ्गको अभिव्यक्ति गर्ने प्रयास गर्छ भनेका छन् भने इरा वालफोर्टले कल्पित आख्यानद्वारा गद्य भाषामा जीवनको व्याख्या गर्ने कृतिलाई उपन्यास भनिन्छ भनेर उपन्याससम्बन्धी तर्क दिएका छन् ।[४]

---

[२] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **नेपाली गद्य र भाषा साहित्य,** काठमाडौं : नवीन प्रकाशन, २०६३, पृ. १०५ ।

[३] ऐजन ।

[४] दुर्गाप्रसाद दहाल, **नेपाली गद्यभाषा र साहित्य,** काठमाडौं : के.पी. पुस्तक भण्डार, २०६४, पृ. ११३ ।

**माथिका परिभाषाबाट उपन्यासलाई चिनाउने प्रमुख बुँदाहरू यी रहेका छन् :**

**क) पात्र :** यसमा पात्र र तिनका क्रियाकलापको यथार्थ प्रस्तुति गरिन्छ । पात्र सङ्ख्या बढी हुन्छ ।

**ख) आख्यानात्मकता :** कल्पित कथानक हुन्छ । कथानक यथार्थवादी भए पनि त्यसमा उपन्यासकारले कल्पनाको मिश्रण गरेको हुन्छ । यसमा प्रासङ्गिक कथाहरू पनि हुन्छ ।

**ग) विशाल आकार :** यो विभिन्न भाग वा परिच्छेदमा बाँडिएको विशाल आकारको हुन्छ । समग्र जीवन वा त्यसका विविध पक्षको प्रस्तुति हुने हुँदा यसको आयाम ठूलो हुन्छ ।

**घ) गद्य भाषा :** यसमा पद्य नभएर गद्य भाषाको प्रयोग हुन्छ ।

**ङ) संरचना :** यो आफ्ना सबै अङ्गउपाङ्गहरू भएको सावयव रचना हो ।[५]

## २.२ उपन्यासका आधारभूत तत्त्वहरू

उपन्यास निर्माणका लागि आवश्यक उपकरणहरू नै उपन्यासका तत्त्वहरू हुन् । उपन्यासका संरचनामा आउने तत्त्वहरू निकै छन् । तीमध्ये छ वटा तत्त्वहरूलाई आधारभूत तत्त्वका रूपमा मानिन्छ । कुनै पनि आख्यानात्मक संरचनाका निम्ति अनिवार्य छ वटा तत्त्वहरू प्राचीन ग्रिसेली आचार्य अरस्तुको पालादेखि नै मानिँदै आएका छन् । आजसम्म पनि यिनीहरूलाई नै मानिँदै र प्रयोग गरिँदै आएको पाइन्छ । कथानक, चरित्र, वातावरण, भाषा, शैली र उद्देश्य यी छ वटा तत्त्वहरूलाई कुनै न कुनै रूपमा आख्यानात्मक रचनाको सन्दर्भमा आवश्यक मानिन्छ ।[६]

### २.२.१ कथानक

पूर्वीय समीक्षाशास्त्रमा नाटकका तत्त्वका रूपमा उल्लेख गरिएको 'वस्तु' शब्दलाई आधुनिक सन्दर्भमा कथानक भन्न सकिन्छ । कथानक शब्द पश्चिमेली साहित्यको प्लट

---

[५] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (सम्पा.), **नेपाली गद्य र भाषासाहित्य,** काठमाडौं : नवीन प्रकाशन, २०६३, पृ. १०६ ।

[६] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली आख्यान,** पूर्ववत्, पृ. १८४ ।

(Plot) शब्दको नेपाली अनुवाद रूप मानिन्छ । आख्यानात्मक कृतिहरूमा कथानक ज्यादै महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ । कथानक के हो र आख्यानात्मक रचनामा यसको के महत्त्व छ भन्ने विषयमा विद्वान्हरू बीच मतभेद पाइन्छ । ती मतभेदलाई केलाएर हेर्दा आख्यानात्मक कृतिहरूमा कथानक कुनै न कुनै रूपमा विद्यमान हुन्छ ।

आख्यानात्मक कृतिमा घटनावली प्रसङ्गावली वा कार्यव्यापारको जुन योजना गरिन्छ त्यो योजनायुक्त घटनावलीलाई नै कथानक भनिन्छ । यति मात्र होइन त्यस सङ्गठनलाई पनि कथानक भनिन्छ जुन सङ्गठनमा पाठक/श्रोता/दर्शकमा उत्सुकता र संशय जगाउने गरी घटना र चरित्रको व्यवस्थापन गरिएको हुन्छ । समग्रमा कथानक भनेको घटनावली/प्रसङ्गावली कार्यव्यापारको योजनाबद्ध ढङ्गले पाठक/श्रोता/दर्शकमा उत्सुकता र संशय जगाउने गरी गरिएको घटना र चरित्रको सङ्गठन हो ।[७]

कथानकलाई घटनाहरूको शृङ्खलित योजना मानिन्छ । उपन्यासको कथानक इतिहास, राजनीति, समाज, आदिम ग्रन्थ, सौन्दर्य, स्वैरकल्पनाजस्ता स्रोतहरूमा आधारित हुन्छ । परम्परागत रूपमा कथानकलाई अत्यन्तै महत्त्वपूर्ण तत्त्वका रूपमा मानिए तापनि आजभोलि कम महत्त्व दिन थालिएको छ । कथानक शृङ्खलित योजना भएकोले आदि, मध्य र अन्त्यको पिरामिडीय ढाँचामा आउनु पर्ने देखिन्छ । उपन्यासका प्रमुख पात्रहरूले भोग्नुपरेको समस्याको चिनारी र घटना वा चरित्रमा नयाँ मोडको सृजना भएको अवस्था आदि भाग हो । नयाँ नयाँ सङ्कटावस्थाहरू थपिँदै गएर अत्यन्त घातक र गहिरो चरम सङ्कटावस्थाको सृजना हुनु मध्य भाग हो । यसैगरी सङ्घर्ष पातलिँदै गएर समस्या समाधानको बिन्दु वा उपसंहारमा पुग्नु त्यो अन्त्य भाग हो । कथानकमा एकान्विति पूर्णता, सम्भाव्यता र यथार्थता, सहज आङ्गिक विकास, कुतूहल/रोचकता र द्वन्द्वजस्ता गुणलाई अपरिहार्य मानिएको छ ।[८]

## २.२.२ चरित्र

आख्यानात्मक कृतिका मानिस वा व्यक्ति नै चरित्र हुन् भन्ने कुरा सबैजसो समीक्षकहरू र उपन्यास चिन्तकहरूले मानेका छन् । उपन्यासकारले आफ्नो कल्पना, बुद्धि

[७] पूर्ववत्, पृ. १८५ ।

[८] पूर्ववत्, पृ. १८६ ।

र विवेकद्वारा थपघट गरी सृष्टि गरेको औपन्यासिक व्यक्ति नै उपन्यासको चरित्र हो । मानव मात्र उपन्यासमा चरित्रको रूपमा प्रयोग हुनुपर्छ भन्ने होइन । मानवका अतिरिक्त पशुपक्षी, जडवस्तु हुँदै मानवेतर अलौकिक वस्तुहरू देवीदेउता, भूतप्रेत र राक्षसहरू आदिको समष्टि चरित्र हो । चरित्रलाई नैतिकता र पात्रको मनोवृत्ति गरी दुई गुण दिएका हुन्छन्, जसबाट उपन्यासमा समाजका विविध प्रकारका मानवीय प्रवृत्तिको उद्घाटन गर्ने गरिन्छ । नैतिकताले असल र खराब दुवैलाई बुझाउँछ । रिसाहा, मायालु, सहयोगी आदि मानवीय प्रवृत्ति वा अभिवृत्तीय गुण हुन् । यी दुई गुणले गर्दा नै प्रत्येक चरित्रमा फरक पर्दछ । उपन्यासमा प्रयुक्त चरित्रहरू  विभिन्न प्रकारका हुन्छन् । तीमध्ये अचर र चर चरित्रहरू प्रमुख मानिन्छन् । कुनै चरित्र प्रारम्भदेखि अन्त्यसम्म दृष्टिकोण, सिद्धान्त र मतमा एकै किसिमका रहन्छन् भने त्यो अचर पात्र हो । पात्रले उपन्यासभित्र आफ्नो चरित्रमा महत्त्वपूर्ण र क्रान्तिकारी परिवर्तन ल्याउँछ भने वा पहिलेको चरित्रभन्दा बिलकुल भिन्न रूपमा परिवर्तन भई चारित्रिक परिवर्तन गर्छ भने त्यस्ता पात्रहरू चर पात्र हुन् । यसबाहेकका पात्रहरू लिङ्ग, कार्य, जीवनचेतना, स्वभाव, प्रवृत्ति, आसन्नता र आबद्धताका आधारमा पनि वर्गीकृत हुने गर्दछन् ।[९]

### २.२.३ देश-काल र वातावरण

आख्यानात्मक कृतिमा देश-काल र वातावरणलाई निकै महत्त्वपूर्ण तत्त्वको रूपमा लिइन्छ । देश-काल र वातावरण भिन्न अर्थ दिने शब्द हुन् तर पनि यिनलाई एउटै सीमा क्षेत्रभित्र राख्नचाहिँ सकिन्छ । देश-काल उपन्यासका घटनाहरू घटित हुने स्थान र उपन्यासका घटनाहरू घटित भएको समयसँग सम्बन्धित हुन्छन् । जुन स्थान र समयमा चरित्रका माध्यमबाट कार्यव्यापार घटित हुन्छ त्यसलाई नै उपन्यासमा देशकाल भनिन्छ ।

उपन्यासमा देशकालभन्दा फरक ढङ्गले वातावरणलाई अर्थ्याइन्छ । कुनै पनि औपन्यासिक कृतिमा रहेको त्यो रङ्ग सङगति, ध्वनि सङ्गति वा भाव सङ्गति जो पाठकले उपन्यास पढ्ने क्रममा अनुभव गर्दछ अनि उपन्यास अघि बढ्दा उसका मनमा रहने

[९] पूर्ववत्, पृ. २०१ ।

प्राप्त्याशा जाग्दछ त्यही नै वातावरण हो । त्यो प्राप्त्याशा सुखद पनि हुन सक्दछ र दुःखद पनि हुन सक्दछ ।[१०]

उपन्यासका प्रकारअनुसार देशकालका प्रकार हुने गर्दछन् । सामान्यतया सामाजिक, तिलस्मी, जासुसी, राजनीतिक, ऐतिहासिक आदि उपन्यासको नामकरण देशकालका आधारमा हुने गर्दछ । स्थानीय रङ्ग र आञ्चलिकता पनि देशकालसँगै गाँसिएको हुन्छ । तर वातावरणले चाहिँ उपन्यास सुखद वा दुःखद हुने प्राप्त्याशा ठम्याउने कामलाई बुझाउँछ ।

## २.२.४ भाषा

भाषा यावत् साहित्यको माध्यम र उपकरण हो । साहित्य अन्य कलाबाट भाषाको माध्यमले छुट्टिन्छ । साहित्यभित्र उपन्यास पर्दछ । उपन्यासको माध्यम पनि भाषा हो । उपन्यासमा भाषा दुई प्रकारले प्रयोग हुन्छ । उपन्यासकार आफैं कथा वाचन गर्न पनि सक्छ वा अरूको बारेमा वर्णन गर्दै उपन्यासलाई टुङ्ग्याउन पनि सक्छ । कतै उपन्यासकार आफू उपन्यासभित्रै बसेर घटना वा पात्रको वर्णन गर्न पनि सक्दछ । यसरी तयार भएका उपन्यासहरू क्रमशः बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु भएका र आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दु भएका भनी छुट्याउन सकिन्छ ।

जीवनको विस्तृत आयामलाई मूर्त रूपमा प्रस्तुत गर्ने माध्यम नै भाषा हो । उपन्यासमा घटना, पात्र, परिवेश तथा उद्देश्य जे भए पनि त्यसलाई मूर्तता प्रदान गर्न मात्र नभई अभिव्यक्तिलाई सौन्दर्यमय, अर्थपूर्ण सरस एवम् प्रभावोत्पादक बनाउन भाषा अत्यावश्यक र महत्त्वपूर्ण तत्त्व मानिन्छ । भाषालाई जति प्रवाहमय, रोचक एवम् लोकोक्तियुक्त बनाइन्छ त्यति नै उपन्यासले सफलताको शिखर आरोहण गर्दछ । उपन्यासमा चरित्रको स्तरअनुकूलको भाषाको अपेक्षा गरिन्छ ।[११]

यसरी भाषालाई पनि उपन्यासको अनिवार्य तत्त्वको रूपमा स्वीकारिएको छ । यसले अभिव्यक्तिलाई मूर्तता दिने, सम्भाव्य र आकर्षक बनाउने तथा कलात्मकता थप्ने काममा उपन्यासमा निर्णायक भूमिका खेल्दछ ।

[१०] पूर्ववत्, पृ. २०६ ।

[११] पूर्ववत्, पृ. २०९ ।

## २.२.५ शैली

शैली सूक्ष्म तत्त्व हो । शैलीलाई ठम्याउन गाह्रो पर्छ । शैली अमूर्त हुने हुनाले सर्वाधिक सूक्ष्म तत्त्वको रूपमा लिइन्छ । यो कथानक, चरित्र, वातावरणजस्तो उपन्यासको स्थूल तत्त्व होइन । शैली सूक्ष्म तत्त्व भए पनि सर्वदेशीय हुने गर्दछ । शैली उपन्यासमा आदिदेखि अन्त्यसम्म रहने गर्दछ । शैलीको सम्बन्धमा मुख्यतः तीन किसिमका यी विचारधाराहरू व्यक्त भएका छन् :-

क) शैली त्यसलाई भनिन्छ जसले सामान्य भाषाको संरचनालाई अतिक्रमण गर्छ वा गर्न सक्दछ ।

ख) शैली एकभन्दा बढी भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हो ।

ग) शैली कुनै रचनाकारको विशिष्ट रचना प्रकार हो ।

रचनाकारको यस्तो विशिष्ट रचना, प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयको दृष्टिले विचलन हुन्छ ।[१२]

## २.२.६ उद्देश्य

कुनै पनि उपन्यास कुनै पनि प्रयोजन पूरा गर्न रचिएको हुन्छ । तसर्थ कुनै उपन्यास कुन प्रयोजनमा लेखिएको छ भन्ने कुरा पत्ता लगाउनु उद्देश्य हो । प्राचीनकालमा उद्देश्यको किटान गरिएको हन्थ्यो भने आजभोलिका उपन्यासमा किटान गरिएको हुँदैन र हुन्छ पनि । आजका उपन्यास जीवनको विशेष दशाको उद्घाटन गर्न लेखिएको हुन्छ । जीवनको यथार्थ प्रकटीकरण गर्नु नै आजको साहित्यको उद्देश्य हुन गएको छ । कुनै समयमा नीतिशिक्षा प्राप्त गराउन उपन्यास लेखिन्थ्यो भने कुनै समयमा मनोरञ्जन दिनको लागि उपन्यास लेख्ने गरिन्थ्यो । यस्तैगरी आनन्द र आनन्द प्राप्तिको लागि पनि उपन्यास लेखिएको छ । जासुसी, तिलस्मी उपन्यासचाहिँ कौतुहल सृष्टिको लागि लेखिएको हुन्छ । कति उपन्यासहरू देशको राजनीतिक अवस्था दर्शाउने उद्देश्यले लेखिएका हुन्छन् भने कुनैकुनै उपन्यासहरू लोकहित र लोकमङ्गलका उद्देश्यले पनि रचिएका हुन्छन् ।[१३]

---

[१२] पूर्ववत्, पृ. २१२ ।

[१३] पूर्ववत्, पृ. २१०-२११ ।

यसरी विभिन्न उद्देश्य राखेर उपन्यासको सिर्जना गरेको पाइन्छ । नेपाली उपन्यासहरू पनि यस्तै कुनै न कुनै एक उद्देश्य पूर्तिका लागि लेखिएको पाइन्छन् । यसर्थ उपन्यास कुनै न कुनै उद्देश्य राखेर लेखिएको हुन्छ । यदि कुनै उपन्यास बिना उद्देश्य लेखिन्छ भने त्यो निरर्थक र व्यर्थको मात्र हुन जान्छ ।

## २.२.७ प्रतीक र बिम्ब

उपन्यासमा व्यक्त गरिएका कुनै भावसँगै पाठकको मनस्थितिमा उत्पन्न हुने भावसँग सम्बन्ध राख्ने चित्रलाई बिम्ब भनिन्छ । कुनै भनाइले सोझो अर्थ नबुझाएर अर्को अर्थ बुझाउँछ भने त्यो भनाइ प्रतीकात्मक हुन्छ ।[१४]

प्रतीक र बिम्ब पनि उपन्यासको अनिवार्य तत्त्व मानिन्छन् । यसले पाठकलाई विषयवस्तुसँग एकाकार गराउँछ । बिम्ब पाठकको मानसिक पक्षसँग सम्बन्धित हुन्छ । बिम्बको प्रयोगले उपन्यास पढ्दै गर्दा पाठकको मनमा विषयवस्तुसँग सम्बन्धित चित्रहरू निर्माण हुने हुनाले भावनाहरूलाई जीवन्तरूपमा आत्मसात् गर्न सकिन्छ । त्यस्तै प्रतीकको प्रयोगले भाषालाई खँदिलोका साथै भावलाई रसिलो बनाउँछ ।

## २.२.८ शीर्षक

शीर्षक पनि उपन्यासको अनिवार्य तत्वको रूपमा लिने गरिन्छ । शीर्षक भन्नाले उपन्यासको नामलाई बुझाउँछ । उपन्यास लेखिसकेपछि लेखकले कुनै न कुनै नाम दिएको हुन्छ । त्यसलाई नै उपन्यासको शीर्षक भनिन्छ । सानो ऐनामा निकै ठूलो संसार प्रतिबिम्बित भए जस्तै उपन्यासको छोटोछरितो शीर्षकमा त्यस उपन्यासको मूलभाव प्रतिबिम्बित हुनुपर्दछ । उपन्यासको मूलभावलाई सोझै वा प्रतीकात्मक रूपमा सङ्केत गर्ने शीर्षक हुन सक्छ ।[१५]

यसरी शीर्षक उपन्यासको लागि अनिवार्य भएकोले एउटा तत्त्वको रूपमा स्विकारिएको छ । शीर्षक मूलभावसँग सम्बन्धित हुने गरी छोटोछरितो र आकर्षक राख्नु पर्ने हुन्छ ।

---

[१४] डी.पी. भट्टराई, **नेपाली गद्य, भाषा र साहित्य,** काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेशन, २०६४, पृ. ६ ।

[१५] ऐजन ।

### २.२.९ दृष्टिबिन्दु

उपन्यासमा पात्रको स्थिति वा भूमिकाको प्रस्तुतीकरणको शैली दृष्टिबिन्दु हो । उपन्यासकारले प्रथम पुरुष (म, हामी ) पात्रको माध्यमबाट कथावस्तु अगाडि बढाउन पनि सक्छ भने तृतीय पुरुष ( ऊ, उहाँ ) को प्रयोगले प्रस्तुत गर्न पनि सक्छ । कथा भन्ने को हो अथवा कसले कसको कथा भनेको छ भन्ने छुट्याउन दृष्टिबिन्दुको आधार लिइन्छ । यसैका आधारमा आन्तरिक दृष्टिबिन्दु(प्रथम पुरुष) र बाह्य दृष्टिबिन्दु (तृतीय पुरुष ) गरी दुई प्रकारका छुट्याउन सकिन्छ । दृष्टिबिन्दुको सम्बन्ध कथावस्तु र पात्रसँग हुने हुनाले कथाकारले यसको आयोजना राम्रोसँग गर्नुपर्दछ ।[१६]

यसरी उपन्यासकार आफैं उपन्यासभित्र पसेर कथा भनिरहेको छ भने प्रथम पुरुष वा आन्तरिक दृष्टिबिन्दु मानिन्छ साथै उपन्यासकारले अन्य पात्र वा व्यक्तिलाई प्रस्तुत गरी कथा भन्न लगाउँछ भने तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दु मानिन्छ ।

## २.३ निष्कर्ष

यसरी उपन्यास शब्दको प्रयोग संस्कृत साहित्यमा भएको भेटिए तापनि यो पूर्वीय साहित्यको विधागत रचना नभएर पाश्चात्य साहित्यकै विधागत रचनाका रूपमा विकसित हुन पुग्यो । उपन्यासको लेखन र प्रकाशनसँगै मुख्यतः स्वरूप र परिभाषा पनि दिन थालिएको हो । यस सन्दर्भमा पश्चिमी साहित्यका साहित्यकारहरू नै बढी सक्रिय देखिन्छन् । विभिन्न पूर्वीय तथा पाश्चात्य साहित्यकारहरूले आ-आफ्नै तर्क अनुसार उपन्यासको परिभाषा प्रस्तुत गरे पनि सबैको परिभाषाबाट के स्पष्ट हुन्छ भने उपन्यास आधुनिक साहित्यको एक महत्त्वपूर्ण रोचक गद्यविधा हो । यसले मानव जीवनको सग्लो र यथार्थ अभिव्यक्ति दिँदै कलात्मकता र रोचकता दिने तथा मार्गदर्शन गर्ने काम गर्दछ । उपन्यासमा जीवन र जगत्का सम्पूर्ण पक्षको चित्रण गरिएको हुन्छ । समग्रमा उपन्यास कलात्मक गद्याख्यान हो ।

---

[१६] दुर्गाप्रसाद दाहाल, **नेपाली गद्य र भाषा साहित्य,** काठमाडौं : पैरवी प्रकाशन, २०६५, पृ. १०२ ।

जुनसुकै साहित्य विधाको लागि पनि निश्चित सामग्रीहरू आवश्यक मानिन्छन् । यस्ता उपकरण नै तत्त्व हुन् । उपन्यासको पनि निश्चित स्वरूप र संरचना तयार गर्न कथावस्तु, पात्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली, उद्देश्य, शीर्षक, प्रतीक र बिम्बजस्ता उपकरणहरू आवश्यक हुन्छन् जसलाई उपन्यासको तत्त्वका रूपमा लिने गरिन्छ ।

उपन्यासको आधारवस्तु कथानक हो । कथा सबै उपन्यासको गति प्रदान गर्ने अङ्गको रूपमा लिइन्छ । कथानक प्रारम्भदेखि विकासका शृङ्खलाहरू पार गर्दै चरमता वा उपसंहारमा पुगेको हुन्छ । तिनै कथावस्तुभित्र चलखेल गर्ने व्यक्ति वा वस्तुलाई चरित्र वा पात्रको रूपमा लिइन्छ । पात्रहरू कथानकको संवाहकका रूपमा आउने गर्दछन् । आधुनिक उपन्यासहरूमा त कथानकभन्दा पात्रलाई बढी महत्त्व दिएको पाइन्छ । पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता, नायकत्व आदिका आधारमा वर्गीकरण गरिएको हुन्छ । यसैगरी उपन्यासमा संवादलाई स्वैच्छिक तत्त्वको रूपमा लिने गरिन्छ । उपन्यासकारले कथावस्तुलाई नाटकीकृत रूपमा प्रस्तुत गरेर अगाडि बढाउन सक्छ । यस्तो बेलामा नाटकहरूबीच संवाद प्रयोग गरिन्छ । उपन्यासमा पात्रको स्तर अनुकूलको संवादको अपेक्षा गरिएको हुन्छ ।

उपन्यासमा परिवेशको पनि महत्त्वपूर्ण भूमिका हुने गर्दछ । परिवेशलाई देश, काल, वातावरण पनि भन्ने गरिन्छ । कथानकका घटनाहरू भएका स्थान, समय र पर्यावरणले परिवेशको निर्माण गर्दछ । यसका साथै उपन्यासमा खास विचार वा जीवन सापेक्ष मान्यता प्रस्तुत भएको हुन्छ, जसलाई उपन्यासको उद्देश्यको रूपमा लिइन्छ । यसमा केन्द्रीय वा सारभूत कुरा आउने हुनाले सारवस्तु पनि भन्ने गरिन्छ । भाषाशैली पनि उपन्यासको अर्को आवश्यक तत्त्व मानिन्छ । भाषा र शैली अलग विषय हुन् । शैलीमा उपन्यासकारको निजत्व निर्भर गर्दछ । नवीन एवम् निजी विशेषता यसैबाट प्रस्तुत गर्न सकिन्छ । भाषा भने प्रस्तुतिको माध्यम हो । उपन्यासलाई सौन्दर्यमय, अर्थपूर्ण, सरस एवम् प्रभावोत्पादक बनाउन भाषा महत्त्वपूर्ण र आवश्यक छ ।

यसका साथै उपन्यासमा शीर्षक, दृष्टिबिन्दु, प्रतीक र बिम्ब, गति र लय आदिलाई अलग्गै तत्त्व मानेर चर्चा गरेको पनि पाइन्छ । उपन्यासको नाम नै शीर्षक हो । उपन्यासको मूलभाव प्रतिबिम्बित हुने गरी छोटोछरितो शीर्षक दिने गरिन्छ । शीर्षक उपन्यासको

मूलभावलाई सोभ्कै वा प्रतीकात्मक रूपमा सङ्केत गर्ने खालको हुनुपर्दछ । उपन्यासका लागि दृष्टिबिन्दु प्रथम पुरुष र तृतीय पुरुष गरी दुई किसिमका हुने गर्दछ। यसलाई क्रमशः आन्तरिक र बाह्य दृष्टिबिन्दु पनि भन्ने गरिन्छ। उपन्यासकार आफैं उपन्यासभित्र संलग्न छ भने प्रथम पुरुष दृष्टिबिन्दु हुन्छ, उपन्यासकारले अन्य पात्रको प्रयोगमार्फत् कथा भनाउँछ भने तृतीय पुरुष दृष्टिबिन्दु हुन्छ। प्रतीक र बिम्बले उपन्यासको वजन बढाउन महत्त्वपूर्ण भूमिका वहन गर्दछ । उपन्यासको भावसँग मिल्ने पाठकको मस्तिष्कमा उत्पन्न हुने काल्पनिक चित्र नै बिम्ब हो। यसले पाठकलाई यथार्थको नजिक पुऱ्याउँछ। यसै गरी गरी कुनै भनाइले सोभ्को अर्थ नबुभ्काएर अर्कै अर्थ बुभ्काउँछ भने त्यो भनाइ प्रतीकात्मक हुन्छ। प्रतीकको प्रयोगले भाषालाई रोचक एवम् घोचक बनाउँछ। यसरी उपन्यासमा प्रयोग हुने यिनै उपकरणहरू नै उपन्यासका उपकरण वा संरचक तत्त्वहरू हुन्।

# परिच्छेद : तीन

# तारिणीप्रसाद कोइरालाको साहित्ययात्रा, व्यक्तित्व र प्रवृत्ति

## परिच्छेद : तीन

# तारिणीप्रसाद कोइरालाको साहित्ययात्रा, व्यक्तित्व र प्रवृत्ति

### ३.१ जीवनी परिचय

कुनै पनि व्यक्तिको र उसको व्यक्तित्वको पाटोलाई चिनाउन उसको जीवनी थाहा पाउनु जरूरी हुन्छ । मान्छे सामाजिक प्राणी भएकाले उसको जीवनमा उसले बाँचेको समाजको प्रत्यक्ष प्रभाव रहन्छ र साहित्यको जन्म त्यही समाजमा उसले भोगेको, देखेको र उसलाई परेको प्रभावको प्रतिबिम्बको रूपमा हुन्छ । त्यसैले कुनै साहित्यकारको विविध पाटोलाई जान्न उसको जीवनीसँग परिचित हुनुपर्छ । त्यसैले तारिणीप्रसाद कोइरालाको जन्म, जन्मस्थान, बाल्यकाल, उनको पारिवारिक स्थिति शिक्षा-दीक्षा उनले जीवनमा प्राप्त गरेको ख्याति, पुरस्कार, सम्मान आदि बारेमा यस परिच्छेद राम्ररी केलाइएको छ ।

तारिणीप्रसाद कोइराला नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले गीत, कविता, कथा, उपन्यास, महाकाव्य विधामा कलम चलाएका छन् । नेपाली साहित्याकाशमा उनी विशेष गरी मनोवैज्ञानिक साहित्यकारका रूपमा परिचित छन् । लेखकको सिर्जनधर्मितालाई राम्ररी आँकलन गर्नका लागि उनको जीवनी र व्यक्तित्वको अध्ययनले सघाउ पुऱ्याउने हुँदा यस परिच्छेदमा तारिणीप्रसाद कोइरालाको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त चर्चा गर्दै उनको साहित्य यात्राको अध्ययन गरिएको छ ।

#### ३.१.१ जन्म र जन्मस्थान

तारिणीप्रसाद कोइरालाको जन्म पिता कृष्णप्रसाद कोइराला र माता दिव्या कोइरालाको काइँला पुत्रका रूपमा वि.सं. १९७९ मा बनारसको चौखम्बा दुधविनायकमा भएको हो । पुर्ख्यौली ठाउँ पश्चिम नेपालको लमजुङ जिल्लाको दुराडाँडा हो । त्यहाँबाट कोइराला परिवार विराटनगर बसाइँ सरेका थिए । पिता कृष्णप्रसाद कोइराला सक्रिय

राजनीतिज्ञ भएकोले तात्कालीन जहाँनिया राणा प्रधानमन्त्री चन्द्रशमशेरले राजनैतिक कारणले वि.सं. १९६९ मा सर्वस्वहरणसहित देश निकाला गरेकाले बनारसमा निर्वासित जीवन बिताउने क्रममा तारिणीप्रसाद कोइरालाको जन्म भएको हो ।[१]

### ३.१.२ बाल्यकाल

निर्वासन कालमै जन्म लिन पुगेका तारिणीप्रसाद कोइरालाको बाल्यकाल पनि भारतकै विभिन्न ठाउँहरूमा व्यतीत भएको देखिन्छ । कृष्णप्रसाद कोइरालाको निर्वासित जीवनमा बेरोजगारी एवम् अर्थाभावका कारण परिवारलाई इच्छानुकूल र बसोबासको प्रबन्ध मिलाउन ज्यादै धौधौ परेको बुझिन्छ ।[२] त्यसकारण तारिणीप्रसादका बाल्यकालीन दिनहरू त्यति सुव्यवस्थित र सुखसम्पन्न रूपमा व्यतीत हुन सकेको पाइँदैन ।

### ३.१.३ शिक्षा-दीक्षा

पिता कृष्णप्रसाद कोइरालाले सामाजिक सेवा तथा धार्मिक दृष्टिले भारतको दीपनगर टेडी भागलपुर विहारमा आदर्श विद्यालय खोलेका थिए । यही विद्यालयमा नै पिता कृष्णप्रसाद कोइरालाबाट तारिणीप्रसादले अक्षरारम्भ गरेको देन्खिन्छ ।[३] भीम शमशेरद्वारा कृष्णप्रसादलाई माफी गरिए पछि उक्त विद्यालय बिराटनगरमा सारियो । कक्षा नौसम्मको अध्ययन तारिणीप्रसादले यही विद्यालयमा गरे तर म्याट्रिक पास गर्न भने उनी बनारस पुगे । त्यसपछिको अध्ययनका लागि कलकत्ता बंगबासी कलेजमा आई.एस्सी. अध्ययनार्थ भर्ना भएको तर अध्ययन पूरा नगरी फेरि बनारस फर्केर बनारस हिन्दू विश्वविद्यालयमा भर्ना भएको बुझिन्छ ।[४] आफ्नो चञ्चल स्वभावका कारणले कुनै पनि कामलाई स्थायित्व दिन नसक्ने तारिणीप्रसादको औपचारिक शिक्षा भने यही नै टुङ्गिएको देखिन्छ ।

---

[१] सुदर्शन न्यौपाने, **सर्पदंश उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०६३, पृ. ३२ ।

[२] गोपालप्रसाद गैरे, **रातो स्वीटर कथासङ्ग्रहको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०४९, पृ. ८ ।

[३] ऐजन ।

[४] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** ललितपुर :साझा प्रकाशन, २०६१, पृ. १८६ ।

### ३.१.४ पारिवारिक स्थिति

बनारसमै बसोबास गर्दै आएका नेपाली ब्राह्मण गंगालाल शर्मा अर्यालकी छोरी कमला अर्याल (विवाहपछि रोशा नाम राखिएको) सँग २००२ साल आषाढ २९ गतेका दिन जगदम्बा धर्मशालामा हिन्दू वैदिक परम्परानुसार तारिणीप्रसाद कोइरालाको विवाह भएको बुझिन्छ ।[५] कोइराला दम्पतीको कोखबाट एक छोरा र एक छोरीको जन्म भएको देखिन्छ । लगभग नौ वर्षसम्म जीवनको सबैभन्दा महत्त्वपूर्ण अवधि जेलमा बिताउनु परेकाले तारिणीप्रसादले परिवारसँग रमाइला दिन बिताउन त्यति पाएनन् । २०२३ साल पछि जीवनका आखिरी वर्षहरूमा पनि रोगले ग्रस्त भई रुग्ण जीवनका दिनहरू काट्न थालेकाले तारिणीप्रसादको पारिवारिक जीवन त्यति सुखद र सन्तोषप्रद देखिँदैन ।

### ३.१.५ पेसा

अस्थिर स्वाभावका कारण तारिणीप्रसादले लामो समयसम्म कुनै खास पेसा अँगालेको देखिँदैन । वि.सं. २००२ देखि २००३ सम्म उनी रघुवीर जुट मिलमा जागिरे भएको देखिन्छ । तारिणीप्रसाद कोइरालाको नेतृत्वमा विराटनगरका मिलहरूमा काम गर्ने मजदुरहरूले आफ्नो हकहितका लागि हड्ताल सुरु गरे । परिणाम स्वरूप वि.सं. १९९४ फागुनमा हड्तालका नाइके तारिणीलाई कैद गरियो र उनको जागिर पनि गुम्यो ।[६] २००७ सालको क्रान्तिलाई अग्रगति दिने हैसियतले केही सहयोगीहरूको सहयोगबाट प्रजातन्त्र नेपालको रेडियोको स्थापना गरी त्यसको प्रथम डाइरेक्टर भए । उनले केही समय सोही पदमा रही जागिर खाएको देखिन्छ तर मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भए पछि उनको सो जागिर खोसिएको र पत्रपत्रिकाको सम्पादन प्रकाशन गरी स्वतन्त्र पेसा अँगालेका देखिन्छ ।[७]

### ३.१.६ जीवन-सङ्घर्ष

सबैसँग सहजै रूपमा हेलमेल हुन सक्ने तारिणीप्रसाद कोइराला बहिर्मुखी स्वाभावका हँसिला र रसिला व्यक्ति थिए । स्वतन्त्रताप्रेमी कोइराला कसैको बन्धन वा नियन्त्रणभित्र

---

[५] सुदर्शन न्यौपाने, **सर्पदंश उपन्यासको कृतिपरक अध्ययन**, पूर्ववत्, पृ. ३४ ।

[६] विष्णुकुमारी शर्मा, *सर्पदंश उपन्यासको असामान्य कम्मु,* **चान्द्रमसी,** वर्ष १३, अङ्क १, २०५२, पृ. ५१ ।

[७] गोपालप्रसाद गैरे, **रातो स्वीटर कथासङ्ग्रहको कृतिपरक अध्ययन,** पूर्ववत्, पृ. १० ।

सङ्कुचित भएर बस्न रुचाउँदैन थिए । विद्रोही स्वाभाव भएका तारिणीप्रसाद कोइराला सामान्य नैतिक बन्धन तोड्न खोज्थे । यिनी परिवारका अन्य सदस्यभन्दा भिन्न प्रवृत्तिका थिए । यिनी नै कोइराला परिवारमा सर्वप्रथम रक्सी र चुरोट सेवन गर्ने व्यक्ति थिए । त्यसैकारण उनको अल्पायु मै निधन भएको देखिन्छ ।

तारिणीप्रसादका पिता कृष्णप्रसादको पालादेखि नै कोइराला परिवार राजनीतिमा सक्रिय संलग्न भएको देखिन्छ । राणाशासनबाट मुक्ति एवम् प्रजातन्त्रको स्थापनार्थ भएको जनक्रान्तिमा अधिनायकद्वय मातृकाप्रसाद र विश्वेश्वरप्रसादका नाताले भाइ पर्ने तारिणी पनि अछुतो रहन  सकेनन् । साहित्यकार भए पनि जनताको निम्ति राजनीति गरेको हुँ भन्ने तारिणीप्रसाद कोइराला २००१ सालमा मजदुर हकहितका लागि विराटनगर रघुपति जुट मिलमा मजदुर हड्ताल सञ्चालकको रूपमा आफूलाई सरिक तुल्याए पछि पक्राउ परे ।[८] २००६ सालसम्म नख्खु जेलमा बिताएपछि पुनः २००७ सालको जनक्रान्तिमा प्रचारप्रसार विभाग प्रमुख बनेर आन्दोलन गर्न थाले । आन्दोलनलाई प्रभावकारी बनाउन आफैंले प्रजातन्त्र रेडियोको स्थापना गरी क्रान्तिकारी गीत, समाचार बुलेटिन प्रसार गरेर उल्लेखनीय काम गरे । आन्दोलनकै क्रममा कुनै एउटा दलको नाइके बनेर बिराटनगर स्थित राणाहरूको अस्त्रागार माथि पहिलोपल्ट आक्रमण गर्ने सेनानी पनि बनेको देखिन्छ ।[९] वि.सं. २०१७ को शाही कदमपछि वि.पी.सँगै उनलाई पनि नख्खु जेल पुऱ्याइयो र वि.सं. २०२३ सम्म नै जेलजीवन बिताउनु पऱ्यो । यसरी हेर्दा तारिणीप्रसादको जीवनका महत्त्वपूर्ण समय राजनीतिमा बितेको देखिन्छ ।[१०]

स्वतन्त्रताप्रेमी एवम् सामान्य नैतिक बन्धन तोड्न खोज्ने तारिणीप्रसाद मद्यपान, धुम्रपानजस्ता नशालु पदार्थ सेवन गर्थे । रक्सीको अत्यधिक सेवनले उनी फोक्सोको रोगी भए । वि.सं. २०१७ देखि २०२३ सम्म नख्खु जेलमा यातना भोग्नु पर्दा झन उनको अवस्था रुग्ण हुँदै गयो । जेलमुक्त भएपछि दिनप्रतिदिन रोगले ग्रस्त बन्दै गए । उपाचारार्थ बनारसको सर सुन्दरलाल अस्पतालमा भर्ना गरियो तर उपचारको प्रयास सफल हुन

---

[८] विष्णुकुमारी शर्मा, *सर्पदंश उपन्यासको असामान्य कम्मु,* **चान्द्रमसी,** पूर्ववत्, पृ. ५२ ।

[९] सुदर्शन न्यौपाने, **सर्पदंश उपन्यासको कृतिपरक अध्ययन**, पूर्ववत्, पृ. ३७ ।

[१०] गोपालप्रसाद गैरे, **रातो स्वीटर कथासङ्ग्रहको कृतिपरक अध्ययन,** पूर्ववत्, पृ. १४ ।

सकेन । सन् १९७४ मे पहिलो तारिख अर्थात् २०३१ साल बैशाख १७ गतेका दिन उनको देहवसान भएको देखिन्छ ।[११]

गोरो र लाम्चिलो मुखाकृति घुम्रिएको कपाल, ठूलाठूला आँखा, अग्ला र छरिता देखिने तारिणीप्रसादको बाहिरी व्यक्तित्व साह्रै आकर्षक थियो । स्वभावैले हँसिला र रसिला उनी अपरिचितसँग कुरा गर्दा आफैं अगाडि सरी बेलिविस्तार लगाएर उसलाई सजिलो तुल्याउन सफल थिए । साजसज्जामा रुचि लिने तथा स्वतन्त्र रूपमा विचरणशील तारिणीप्रसाद बाह्य रूपमा हेर्दा एक आकर्षक व्यक्तित्व थिए ।[१२]

## ३.२ व्यक्तित्व परिचय

व्यक्तित्व मानिसको पहिचान हो । कुनै व्यक्तिको व्यक्तित्व नै उसको विशेषताको परिचायक हुन्छ । बाह्य वा शारीरिक व्यक्तित्व र आन्तरिक व्यक्तित्व गरी व्यक्तित्वलाई दुई प्रकारले चिनाउन सकिन्छ । बाह्य व्यक्तित्व शारीरिक बनोट, रूप, रङ्ग आदिसँग सम्वन्धित हुन्छ, भने आन्तरिक व्यक्तित्व व्यक्तिमा अन्तर्निहित गुण वा प्रतिभासँग सम्बन्धित हुन्छ । तारिणीप्रसाद कोइरालाको आन्तरिक व्यक्तित्व बहुआयमिक छ । उनी बहु प्रतिभा भएका व्यक्तित्व हुन् । उनको साहित्यिक तथा साहित्येतर व्यक्तित्वलाई क्रमशः यस प्रकारले प्रष्ट्याउने जमर्को गरिएको छ ।

### ३.२.१ सम्पादक तथा सञ्चारकर्मी व्यक्तित्व

२००७ सालको प्रजातन्त्रको आगमनले ल्याएको नयाँ चहलपहलसँगै कवि लेखकहरूको प्रतिभालाई मौलाउन अवसर दिने पत्रिकाको प्रकाशन सुरु भयो । रेडियो नेपालको संस्थापक तथा निर्देशक तारिणीप्रसादले रेडियोको स्थापनासँगै यसैको मुखपत्रको रूपमा **झङ्कार** पत्रिकाको सम्पादन तथा प्रकाशन गरे । २००९ सालपछि **नयाँ कदम, हुरी, दियालो, उज्यालो कल्पना, आँधि-तुफान** आदि थुप्रै पत्रपत्रिकाहरूको उनले नै सम्पादन तथा प्रकाशन गरेका थिए ।[१३]

---

[११] सुदर्शन न्यौपाने, **सर्पदंश उपन्यासको कृतिपरक अध्ययन**, पूर्ववत्, पृ. ३९ ।

[१२] गोपालप्रसाद गैरे, **रातो स्वीटर कथासङ्ग्रहको कृतिपरक अध्ययन,** पूर्ववत्, पृ. १८ ।

[१३] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** ललितपुर : साझा प्रकाशन, २०६४, पृ. २४ ।

### ३.२.२ अनुवादक व्यक्तित्व

तारिणीप्रसाद कोइरालाले महात्मा गान्धीद्वारा लिखित **विद्यार्थीहरूलाई** भन्ने पुस्तकलाई नेपालीमा अनुवाद गरी महत्त्वपूर्ण कार्य गरेको देखिन्छ । त्यस्तै भारतीय साहित्यकार भगवतीचरण वर्माको चर्चित उपन्यास **चित्रलेखा** पनि नेपाली भाषामा अनुवाद गरेको देखिन्छ । यसरी उनको अनुवादक व्यक्तित्व पनि भुल्न नहुने खालको छ ।[१४]

### ३.२.३ राजनैतिक व्यक्तित्व

तारिणीप्रसाद कोइराला मूलतः साहित्यकार हुन् तर प्रजातन्त्र प्राप्तिका लागि गरिएको आन्दोलनमा उनको संलग्नताले उनको राजनैतिक व्यक्तित्व पनि महत्त्वपूर्ण बन्न गएको छ । पारिवारिक वातावरण नै राजनीतिमय बनेकाले पनि उनी यसबाट अछुतो रहन सकेनन् । उनले कहिले हड्तालका सञ्चालक बनेर कहिले मुक्ति संग्रामको बन्धुकधारी सिपाही तथा प्रचारप्रसार विभाग प्रमुख बनेर, कहिले प्रजातन्त्र नेपाल रेडियोको स्थापना गरी त्यसको जन्मदाता बनेर त कहिले राजबन्दी बनेर नेपाली राजनैतिक इतिहासमा आफ्नो नाम चर्चित बनाएका छन् । पूर्णतः राजनीतिमा आफ्नो योगदानले गर्दा उनको राजनैतिक व्यक्तित्व पनि कम महत्त्वपूर्ण बनेको छैन ।[१५]

### ३.२.४ साहित्यकार व्यक्तित्व

तारिणीप्रसाद कोइरालाको बहुविध व्यक्तित्वमध्ये साहित्यकार व्यक्तित्व सबैभन्दा प्रमुख व्यक्तित्व हो । सानैदेखि साहित्यनुरागी तारिणीप्रसाद वि.सं. १९९६ सालदेखि **शारदा** पत्रिकामा **आमाको हृदय** शीर्षकको कथा प्रकाशित गराई साहित्यको आलोकमा उदाएका हुन् । कथाबाट साहित्यिक यात्रा शुरु गरेका कोइरालाले कथा, कविता, गीत, नाटक, उपन्यास आदि विधामा कलम चलाएर बहुविध स्रष्टा व्यक्तित्वको चिनारी दिएका छन् । उनको स्रष्टा व्यक्तित्वलाई निम्नानुसार सामान्य अध्ययन गरिन्छ ।

---

[१४] गिरीराज आचार्य, *तारिणीप्रसाद कोइराला : केही खोजखाज,* **चान्द्रमसी,** वर्ष १३, अङ्क १, २०५२, पृ. ४० ।

[१५] सुदर्शन न्यौपाने, **सर्पदंश उपन्यासको कृतिपरक अध्ययन,** पूर्ववत्, पृ. ४१ ।

### ३.२.४.१ गीतकार व्यक्तित्व

तारिणीप्रसाद कोइरालाद्वारा रचिएका र सानुदेवी, हरिप्रसाद रिमाल आदिद्वारा स्वर तथा सङ्गीत दिइएका गीतहरू अहिले पनि रेडियो नेपालको टेप लाइब्रेरीमा सङ्गृहीत छन् र प्रसारण हुँदै छन् ।[१६] यसरी तारिणीप्रसाद कोइरालाले गीतका क्षेत्रमा पनि आफ्नो सिर्जनशील प्रतिभाको परिचय दिएका छन् ।

### ३.२.४.२ कथाकार व्यक्तित्व

**शारदा** पत्रिकामा आमाको हृदय शीर्षकको कथा प्रकाशित गरेर नेपाली कथाको क्षेत्रमा पदार्पण गरेका तारिणीप्रसाद कोइराला थोरै कथा लेखेर पनि सफल कथाकारका रूपमा चिनिएका छन् । **शारदा, मुकुन्द, धर्ती, प्रगति, झङ्कार, रूपरेखा** आदि पत्रिकामा विभिन्न अङ्कहरूमा उनका दुई दर्जन जति कथाहरू प्रकाशित भएको देखिन्छ । यस्तै वि.सं. २०१७ देखि वि.सं. २०२३ सम्मको जेलजीवनमा लेखेका एवम् केही पहिले र केहीपछि लेखेका कथाहरू सङ्कलित **रातो स्वेटर** कथासङ्ग्रह प्रकाशित छ । उनको अग्निवाटिका नामक उपन्यास प्रकाशित छ ।

उनका कथाहरूमा निम्नवर्गीय नेपाली जीवन समस्याहरू, युगीन चाहना, मनःस्थितिको चित्रण एवम् सूक्ष्म यौनविश्लेषणको राम्रो प्रस्तुति पाइन्छ । वस्तुयथार्थको प्रस्तुतिपूर्ण कथानक, देशकाल वातावरणको समुचित संयोजन, सरल र मिठासपूर्ण भाषा तथा थोरै चरित्रको प्रयोगले कोइरालाका कथा सिँगारिएका छन् । उनका कथामा शैली एउटा सफल पत्रकारको जस्तै छोटो र छुने खालको हुन्छ भने सामाजिक जीवनका कमजोरी र अभावप्रति उनको दृष्टि बरोबर बडो तीक्ष्ण रूपले जान्छ । तर यौनसम्बन्धी कथाहरू भने फ्रायडवादी विचारले आक्रान्त छन् ।[१७] सङ्ख्यात्मक दृष्टिले थोरै कथा लेखेर पनि सफल कथाशिल्पीका रूपमा चिनिन सफल उनको आगमनले नेपाली कथा साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण स्थान राखेको छ ।

---

[१६] सुदर्शन न्यौपाने, **सर्पदंश उपन्यासको कृतिपरक अध्ययन**, पूर्ववत्, पृ. ४२ ।

[१७] गिरीराज आचार्य, *तारिणीप्रसाद कोइराला : केही खोजखाज,* **चान्द्रमसी,** वर्ष १३, अङ्क १, २०५२, पृ. ४१ ।

### ३.२.४.३ उपन्यासकार व्यक्तित्व

नेपाली साहित्यको विविध विधामा कलम चलाउने तारिणीप्रसादको लेखनी उपन्यासको क्षेत्रमा पनि त्यत्तिकै सफल देखिन्छ । **सर्पदंश** (वि.सं. २०२६) र **फालिएको सामान** (वि.सं.) गरी जम्मा दुई उपन्यास मात्र प्रकाशित भए पनि  कोइराला थोरै लेखेर सफल उपन्यासकार बनेका देखिन्छन् । वि.सं. २०१६ मा **पल्लो घरको झ्याल** उपन्यासबाट शुरु भएको मनोविश्लेषणात्मक धारामा कलम चलाउने कोइरालाको **सर्पदंश** एक मात्र नेपाली बालयौनमनोविश्लेषणमा आधारित उपन्यास हो । उनको अर्को उपन्यास **फालिएको सामान** पनि मनोविज्ञानमा आधारित छ तर त्यसलाई साहित्यको शिष्टता र मर्यादालाई मिचेको आरोप लागेको देखिन्छ । दुई खण्डमा विभाजित उक्त उपन्यास यौन बजार र यौन व्यभिचारको प्रदर्शकभन्दा महत्त्व राख्ने खालको छैन ।[१८] **सर्पदंश** उपन्यासमा स्वभाविक रूपमा बालक्रियाबाट अभिव्यक्त भएको त्यही यौन जति सहज र मर्यादित बनेको छ त्यस किसिमको मौलिक प्रस्तुति यस उपन्यासले प्राप्त गर्न सकेको छैन ।[१९] अश्लीलताको वरण गर्न पुगेकाले **फालिएको सामान** ले साहित्यको मूल मान्यतालाई भने गुमाएको देखिन्छ । सृजनक्षमता एवम् मनोवैज्ञानिक चिन्तनको गहिराइसमेतलाई ध्यान दिँदा उनको उपन्यासगत वैशिष्ट्य **सर्पदंश** उपन्यासले स्थापना गरेको देखिन्छ ।[२०] उनको उपन्याकारिताको विस्तृत अध्ययन यस शोधकार्यमा गरिने भएकोले यो प्रसङ्गलाई यतिमै सीमित राख्नु श्रेयष्कर देखिन्छ । जे होस् नेपाली साहित्यमा कोइरालाको सृजनशील प्रतिभाले उनलाई सफल बालयौनमनोवैज्ञानिक उपन्यासकारको रूपमा चिनाएको छ ।

### ३.२.४.४ कवि व्यक्तित्व

तारिणीप्रसाद कोइरालाले फुटकर कविताहरू लगायत महाकाव्य समेतको रचना गरेका छन् । उनका पत्थर, यो मशानमा, हार, मेरो जित, तेरो, भुलेकी तारिके, निम्ता, यो

---

[१८] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** पूर्ववत्, पृ. २८७ ।

[१९] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** पूर्ववत्, पृ. १८७ ।

[२०] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** पूर्ववत्, पृ. २०१ ।

दशैं, पवनले फूललाई, पदचाप आदि शीर्षकका फुटकर कविताहरू विभिन्न समयमा **शारदा, झङ्कार, प्रगति, मुकुट, रूपरेखा** आदि पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनको निधन पश्चात् **नैनी (२०५६)** महाकाव्य प्रकाशित भएको छ । महाकाव्यको भूमिकामा प्रकाशकले २०२६ साल तिर उक्त महाकाव्य लेखिएको अनुमान गरेका छन् भने अपुरो भएको कारणले पछि प्रकाशित गरिएको उल्लेख छ ।

## ३.३ साहित्यिक लेखनको प्रेरणा र प्रभाव

तारिणीप्रसाद कोइरालाले साहित्यिक लेखनको प्रेरणा विभिन्न समयमा विभिन्न पक्षबाट पाएको देखिन्छ । यसैगरी अनेकौं कुराहरूको प्रभावबाट पनि साहित्यमा रुचि बढेको देखिन्छ । कुनै पनि प्रतिभा भविष्यमा कुन रूपमा स्थापित र प्रतिष्ठित हुन्छ भन्ने कुराका लक्षणहरू बाल्यकाल तथा किशोरावस्थादेखि नै थाहा हुन थाल्दछन् । उनी सानैदेखि गाउने, आकर्षक भेषभुषामा विविध किसिमको अभिनय गर्ने र साहित्य प्रति रुचि राख्ने गर्दथे ।[२१] उनको पछि गएर देखा परेको व्यक्तित्व यसै पृष्ठभूमिको उपज थियो ।

**आमाको हृदय** (१९९६) कथाबाट नेपाली कथासाहित्याकाशमा उदीयमान कोइरालाले **शारदा** पत्रिकाबाट पदार्पण गरेका हुन् । यो कथा लेख्नुभन्दा पहिले गुरूप्रसाद मैनालीका आदर्शोन्मुख यथार्थवादी कथा बालकृष्ण समका बौद्धिक तथा चारित्रिक विश्लेषण भएका कथा एवं विश्वेश्वरप्रसाद कोइरालाका मनोविश्लेषणात्मक कथाहरूले आधुनिक नेपाली कथाको पूर्व क्षितिजलाई भर्खरै लालिमायुक्त बनाएका थिए । यसै परिस्थितिमा जन्मेर तारिणीले फ्रायडवादलाई आफ्नो कथाकारिताको आधारशिला बनाएको पाइन्छ ।[२२] उपन्यासकारका रूपमा कोइरालाको औपचारिक यात्रा वि.सं. २०२६ को **सर्पदंश** बाट भएको हो । यस उपन्यासमा उनको रहर अबोध बालकहरूको अचेतनभित्र रहेको काम भावना केलाउनु नै प्रमुख रहेको छ । यस अर्थमा उपन्यासकार कोइराला सफल छन् र बालयौन मनोविज्ञान विषयको उपन्यास लेखनमा सर्वप्रथम पनि मानिएका छन् ।

[२१] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** पूर्ववत्, पृ. १८ ।
[२२] पूर्ववत्, पृ. १९ ।

तारिणीप्रसाद कोइराला कथा र उपन्यासमा जस्तै काव्य कविताको क्षेत्रमा पनि आधुनिकताको प्रवाहमा बगेको पाइन्छ । मोरङ जिल्लाको बयरवन गाउँमा काठको ठेकेदार भएर बस्दा 'नैनी' नामको पैनी (कुलो) को निर्माण गरेर **नैनी** महाकाव्य लेख्ने कवि कोइरालालाई श्री भट्ट शर्मा र नीलाम्बर पन्थीबाट जेलभित्रै प्रेरणा मिलेको थियो र छन्दको ज्ञान पनि उनले त्यसैबेला ग्रहण गरेका थिए भन्ने उनकी पत्नी रोशा कोइरालाको भनाई छ । पत्रकार कोइराला प्रजातन्त्रको उदयपछि **झङ्कार, दियालो, उज्यालो, कल्पना, आँधी हुरी** र **चेतना**का सशक्त र प्रवीण सम्पादनका रूपमा पनि देखा परेका छन् । पत्रिका सम्पादनका आधारमा मात्रै पनि कोइरालाले आफ्ना अपरिहार्य व्यक्तित्वको प्रतिष्ठापन गरेको बुझिन्छ भने आफ्ना अनेकौं सिर्जनाहरूले उनको व्यक्तित्वलाई बढी सबल बनाएको देखिन्छ ।[२३]

पारिवारिक वातावरण नै तारिणीप्रसाद कोइरालाको निम्ति असल पाठशाला थियो । उनले भारतीय विद्वान्हरू प्रेमचन्द्र, शरदचन्द्र र शान्तिप्रिय द्विवेदीको प्रभाव र प्रेरणामा आफूलाई दौडाउने मौका पाएका थिए र प्रसिद्ध उपन्यासकार फणीश्वरनाथ रेणु उनका सहपाठी, सहकर्मी र सहधर्मी नै मानिएका छन् । त्यसैले तारिणीप्रसाद कोइरालालाई प्रजातान्त्रिक आन्दोलनका सजग प्रहरी, ख्यातिप्राप्त पत्रकार, मनोवैज्ञानिक कथाकार एवं उपन्यास शिल्पी र अत्याधुनिक काव्यकारका रूपमा चिन्न सकिन्छ । नेपालको साहित्य र राजनीति दुवै फाँटले उनलाई बिर्सन सक्तैन ।[२४]

## ३.४ साहित्य लेखनको यात्रा

तारिणीप्रसाद कोइराला सानै उमेरदेखि ज्यादै रसिक र सहज हार्दिकता भएका र नाच्न, गाउन, स्वतन्त्र विचारहरू व्यक्त गर्न र साहित्यप्रति अनुराग राख्ने व्यक्तिका रूपमा देखा पर्दछन् । यसै कारण उनले १९ औं वसन्त पार गर्दा नगर्दै वि. सं. १९९६ को **शारदा** मा प्रकाशित आमाको हृदय भन्ने कथाबाट साहित्य लेखन आरम्भ गरेका हुन् । त्यसपछि साहित्यक कृतिको प्रकाशनको चरणमा प्रवेश गर्न भने उनी २०२६ सालमा मात्र सफल

[२३] पूर्ववत्, पृ. २३-२५ ।

[२४] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** पूर्ववत्, पृ. २५ ।

भएको देखिन्छ । साहित्यको क्षेत्रमा १९ वर्षको उमेरदेखि लागि परेका कोइरालाको लेखन कार्यले नेपाली साहित्यलाई महाकाव्य, उपन्यास, कथासङ्ग्रह कविता, गीत र विभिन्न फुटकर रचनाहरू प्रदान गरेका छन् । रचनाका आयामका दृष्टिले कोइरालाको साहित्यिक यात्रालाई दुई रचणमा विभाजन गर्नु सान्दर्भिक देखिन्छ ।

क) पहिलो चरण (वि.सं. १९९६- वि. सं. २०१६ सम्म)

ख) द्वितीय चरण (वि .सं. २०१७- वि. सं. २००३ सम्म)[२५]

### क) पहिलो चरण (वि.सं. १९९६- वि.सं. २०१६ सम्म)

साहित्ययात्राको पहिलो चरण तारिणीप्रसाद कोइरालाको लघु आयामका रचनाहरूको कालखण्ड हो । सर्वप्रथम **शारदा** पत्रिकासित सम्बद्ध भई कथा लेखनको यात्रा आरम्भ गर्ने कोइरालाले झण्डै दुई दर्जन कथाहरू प्रकाशित गरेका छन् । नेपाली कथा साहित्यको आलोकमा उदाएका तारिणीप्रसाद कोइराला थोरै मात्र कथा लेखेर पनि आधुनिक नेपाली कथा साहित्यको इतिहासमा सफल कथाशिल्पीका रूपमा चिनिएका छन् । उनका प्रारम्भका कथाहरूमा मोरी, झूल, नर्मदाको, कुकुर, पशुपति बाजेकी स्वास्नी, पाप, मारिन र शरावी हिम्मत आदि **शारदा** पत्रिकामा विभिन्न समयमा प्रकाशित भएका छन् । यसरी नै **मुकुर, धरती, प्रगति झङ्कार रूपरेखा** आदि पत्रपत्रिकाहरूमा पनि प्रकाशित भएका कथाहरू *डाँकुको हमला, एकदिन राती फेला परेको डायरी, सन्चित ज्वालामुखी बाटो, वासनाको मुहान, नाङगो खुकुरी, मृत्युपछिको रोमान्स, रगतको बाटो, सौताको छोरो, चिट्ठी, दृष्टिकोण* आदि हुन् ।[२६]

कोइरालाका यस चरणका कथाहरूमा निम्न वर्गीय नेपाली जनजीवनको समस्याहरू तथा युगीन प्रवृत्ति, विविध परिस्थितिमा अल्झेको पात्रको मनःस्थिति वा सूक्ष्म यौन मनोवैज्ञानिक विश्लेषणको राम्रो प्रस्तुति पाइन्छ । अलौकिकता, अतिरन्जनात्मकता जस्ता मध्ययुगीन प्रवृत्तिका विपरीत समाजको बस्तु यथार्थको

[२५] गोपालप्रसाद गैरे, **रातो स्वीटर कथासङ्ग्रहको कृतिपरक अध्ययन,** पूर्ववत्, पृ. २६ ।
[२६] पूर्ववत्, पृ. २७ ।

प्रस्तुति छोटो तर आङ्गिक दृष्टिले पूर्ण कथानक देशकाल वातावरणको समुचित संयोजन थोरै मात्र चरित्र तथा सरल नेपाली भाषाको प्रयोगले उनका कथाहरू सिंगारिएका छन् ।[२७]

यसै चरणमा उनको स्रष्टा व्यक्तित्वले सृजना क्षेत्रमा फुट्कर कविताहरूको पनि रचना गरेको देखिन्छ । उनका कविताहरू *पत्थर, यो मशानमा, हार, मेरो जित तेरो, भुलेकी तारिके, निम्ता, यो दशैं, पवनले फूललाई, पदचाप* आदि कविताहरू **शारदा, झङ्कार, प्रगति मुकुट, रूपरेखा** आदि पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका कविताहरू थोरै मात्र प्रकाशित भए तापनि ती कविताहरूमा शिष्ट शृङ्गारिक भावनाले ओतप्रोत मात्र होइन पर्याप्त प्रतीकात्मकता, कलात्मक र कवित्वाले सिंगारिएका छन् तर पनि कोइरालाले कविताका क्षेत्रमा त्यति उच्च सफलता पाएका छैनन् ।[२८]

उनले वि.सं. २००७ सालको मुक्ति सङ्ग्रामका बेला विराटनगर युद्धभूमि मै रेडियो प्रसारण केन्द्रको आफै स्थापना गरेर क्रान्तिका गीतहरू रचना गर्दै प्रसारण गरेर गीत रचनामा लागेको देखिन्छ ।[२९] यसरी यस कालखण्डमा उनले फुटकर रचानाहरूलाई बढी महत्त्व दिएका छन् ।

### ख) द्वितीय चरण (वि. सं. २०१७ - वि. सं. २०३१ सम्म )

तारिणीप्रसाद कोइरालाको साहित्य यात्राको द्वितीय चरण बृहत् आयामका रचनाहरूको कालखण्ड हो । सङ्ख्यात्मक दृष्टिले थोरै लेखेर पनि यस चरणमा उनको साहित्यक उर्वरता प्रस्टिएको देखिन्छ । नेपाली उपन्यासको छुट्टै आयाम थप्ने यी उपन्यासकारका सबै उपन्यासहरूको लेखनचाहिँ काराबासमा रहँदा २०१७ सालमा सुरु भई २०२३ सालमा समाप्त भएको देखिन्छ ।[३०] थोरै मात्र उपन्यास लेखेर पनि उपन्यासको इतिहासमा आफ्नो नाम सफलताका साथ दर्ता गराउन सक्ने

---

[२७] पूर्ववत्, पृ. २८ ।

[२८] पूर्ववत्, पृ. २२ ।

[२९] टीका बस्नेत, *तारिणीका उपन्यासहरूको सन्दर्भ*, **गरिमा**, असोज, २०६६, पृ. ४४ ।

[३०] दधिराज सुवेदी, *कथा एवं उपन्यास शिल्पी तारिणी कोइराला,* **चान्द्रमसी**, वर्ष १३, अङ्क १, तारिणी स्मृति अङ्क, २०५५, पृ. ३९ ।

उनको **सर्पदंश** (२०२६), **फालिएको सामान** (२०४२) गरी जम्मा दुई उपन्यास प्रकाशित छन् । आधुनिक नेपाली उपन्यास साहित्यको विकासक्रममा फ्रायडीय मनोविज्ञानको झल्को गराउँदै लेखिएको उनको **सर्पदंश** मा बाल्यकालीन यौन प्रकृतिको अध्ययन तथा विश्लेषण गरिएको छ । उनको अर्को उपन्यास **फालिएको सामान** ले साहित्यको शिष्टता र मर्यादालाई अतिक्रमण अश्लीलतालाई वरण गर्न पुगेकोले साहित्यको मूल्य र मान्यतालाई गुमाएको छ ।[३१]

वि.सं. २०१७ सालदेखि २०२३ सालसम्मको जेलजीवनमा लेखेका र केही त्यस अघिपछि लेखेका कथाहरू सङ्कलित **रातो स्वेटर** (२०३८) कथासङ्ग्रह पनि उनको यसै चरणको अर्को उकृष्ट कृति हो अग्निबाटिका नामक उपन्यास प्रकाशित छ । उनको निधन पश्चात् प्रकाशित कृति **नैनी** (२०५६) महाकाव्यको भूमिकामा प्रकाशकले २०२६ तिर लेखिएको अनुमान गरेका छन् भने अपूरो भएका कारणले पछि प्रकाशित गरिएको उल्लेख छ ।

यस चरणमा उनले विभिन्न फुटकर रचनाहरू पनि लेखेका छन् तर तिनीहरूको जानकारी हाल प्राप्त हुन नसकेकोले उनको यस चरणमा बृहत् आयामका कृतिहरूको नै प्रमुख भूमिका रहेको देखिन्छ । यो चरण नै उनको परिणामात्मक र गुणात्मक दुवै दृष्टिले उर्वर काल हो ।

## ३.५ निष्कर्ष

तारिणीप्रसाद कोइराला साहित्यकार, पत्रकार, अनुवादक, सम्पादकका साथै सफल राजनीतिज्ञ पनि थिए । उनको साहित्य यात्रा वि. सं. १९९६ सालदेखि सुरु भएको देखिन्छ । उनको साहित्य यात्रालाई दुई रचणमा विभाजन गरी हेर्दा पहिलो चरण आयामका दृष्टिले लघु आयामको रहेको छ भने द्वितीय रचण बृहत् आयामको रहेको छ । पहिलो चरणमा कोइरालाले फुटकर रचनाहरूमा बढी जोड दिएको देखिन्छ भने द्वितीय रचणमा कथा सङ्ग्रह, महाकाव्य र उपन्यास रचना गरेका छन् । वि.सं. २०१७ देखि वि. सं. २०२३

[३१] गोपालप्रसाद गैरे, **रातो स्वीटर कथासङ्ग्रहको कृतिपरक अध्ययन,** पूर्ववत्, पृ. २६ ।

सालसम्मको जेलजीवनमा लेखिएका केही अघि र पछि लेखिएका कथा, कविता र उपन्यासहरू पछि गएर मात्र प्रकाशित भएका छन्  । वि. सं. २०२६ सालमा प्रकाशित **सर्पदंश** उपन्यास नै उनको पहिलो प्रकाशित कृति हो । अरू प्रकाशित कृतिहरूमा **रातो स्वेटर** कथासङ्ग्रह (२०३८), **नैनी** महाकाव्य (२०५६), **फालिएको सामान** उपन्यास (२०४२) हुन् भने **अग्निवाटिका** नामक उपन्यास पनि प्रकाशित भएको छ । उनका प्रकाशित कृतिहरूको संख्या धेरै नभए पनि उनी साहित्य जगत्मा आफ्नो छुटै पहिचान दिन सफल भएका छन् । स्रष्टा कोइराला बहुमुखी प्रतिभाका धनी मानिन्छन् । क्रान्तिकर्म, मजदुरी, नेतृत्व र लेखनले खारेको प्रौढ त्यागी साहित्यिक कोइराला सफल स्रष्टा मानिन्छन् ।

# परिच्छेद : चार

# फालिएको सामान उपन्यासको विधातात्विक विश्लेषण

# परिच्छेद : चार

# फालिएको सामान उपन्यासको विधातात्त्विक विश्लेषण

## ४.१ फालिएको सामान उपन्यासको संरचना

प्रस्तुत **फालिएको सामान** २०४२ सालमा प्रकाशित भएको देखिन्छ । यसको विषयवस्तुलाई दुई खण्ड र ६१ परिच्छेदमा विभाजित गरिएको छ । पहिलो खण्डमा ३१ परिच्छेद र दोस्रो खण्डमा ३० परिच्छेद रहेका छन् । यसको विषयवस्तु सामाजिक रहेको छ । पात्रहरू कतिपय निम्न मध्यम वर्गीय र कतिपय उच्च मध्यम वर्गीय रहेका छन् । काठमाडौंको उच्च मध्यम वर्गीय समाजमा रहेका विकृतिहरूको आगोमा निम्न मध्यम वर्गीय समाजमा हुर्किएको दिनेशकुमार उपाध्याय पिल्सनुसम्म पिल्सिएर **फालिएको सामान** बन्न पुगेको देखाइएको छ । यसै आधारमा उपन्यासको नामकरण पनि गरिएको छ । प्रस्तुत उपन्यास प्रधानतः चरित्रमूलक बनेको छ भने घटनाहरू चरित्रकै उद्घाटनका निमित्त सहायक बनेका छन् अनि चरित्रका उद्घाटनकै प्रसङ्गमा सामाजिक परिस्थिति स्वतः उद्घाटित हुँदै गएको पाइन्छ ।[१]

## ४.२ कथानक

उपन्यासको आरम्भ बनारसबाट बि.ए. पास गरेको विराटनगरवासी दिनेश कुमार उपाध्यायका मनमा परेका काठमाडौंका परिस्थितिको नकारात्मक प्रभावको कथ्यबाट भएको छ । ऊ खरदारबाट सुब्बा, सुब्बाबाट मीर सुब्बा र मीर सुब्बाबाट सरदार बनेका पुरेन्द्रनाथ अधिकारीका घरमा मास्टरको रूपमा काठमाडौं गएको छ । उसका बा सरदार पुरेन्द्रनाथका फुपूका छोरा हुन् । तर सहोदर फुपूचाँही होइन, पर्ने फुपू मात्र । घरको आर्थिक स्थिति

---

[१] नरेन्द्र चापागाई, *फालिएको सामान : परिचयात्मक अवलोकन,* **चान्द्रमसी**, वर्ष १३, अङ्क १४, २०५२, पृ. २८-२९ ।

सामान्य रहेको र पढेलेखेको छोरो बेरोजगारी नै बस्नु परेको हुँदा दिनेशका बावुआमाले उसलाई काठमाडौं पुरेन्द्रनाथका घरमा केटाकेटी पढाइदिने मास्टरका रूपमा पठाएका छन् । ऊ त्यहाँ पुरेन्द्रनाथका कान्छी छोरी र कान्छो छोरो जुनु र मिठ्ठुलाई पढाउने मास्टरका रूपमा त्यस घरमा बसेको छ । कुसुम पुरेन्द्रनाथकी जेठी छोरी केही दिन माइत बस्न आएकी विवाहित छोरी हो भने जेठो छोरो सुरेन्द्र भागेर बर्मा पुगेको छ । अन्य पात्रहरूमा राधा कामदार केटी र अरू नोकर चाकर रहेका छन् ।

सबैलाई आदर सम्मान तथा माया ममताको स्वभाव, आचरण र भावना राख्ने दिनेश जुनु र मिठ्ठुलाई पढाउने काम गर्दछ । विराटनगरको मान्छे चिया बढी रूचाउने दिनेशका कोठामा सधैं राधाले चिया ल्याइदिने गर्दछे । ऊ राधाको फक्रिँदो वैश देखेर पनि त्यसै मख्ख पर्न थाल्दछ । उता आफूसँग पढ्ने गरेकी अत्यन्त साधु स्वभावकी त्यति नबोल्ने तर आँखाले गम्भीर हेराई हेरेरै आफ्नो मनको भावना व्यक्त गर्न खोज्ने जुनु राधाका माध्यमबाट दिनेशलाई चिया पठाउने गर्छे, कता-कता भित्री मनले दिनेशको व्यक्तित्वलाई रूचाएझैं गर्दछे । दिनेश पनि यस कुराको ख्याल गर्दछ । पढाएका बेला मिठ्ठु चाँहि मास्टरकै छेउमा टाँसिएर बस्ने र जुनु भने अगाडि मास्टरको अनुहारलाई आफ्ना आँखाको तारो बनाई बस्ने गर्दछे । यसै क्रमसँग उनीहरू पढ्दै जान्छन् र दिनेश पढाउँदै जान्छ । मिठ्ठु दिनेशसँग झ्यामिदै जान्छ र जुनु चाँहि झन्झन् गम्भीर बन्दै जान्छे तर सधैं चुप नै रहन्छे ।

पुरेन्द्रनाथ जरसाहब, लाठसाहब, करसाहब, महाराज आदि कै चाकरीमा आफूलाई व्यस्त राख्ने, उनीहरूबाट बक्सिसको अभिलाषा राख्ने, धनका भोका, कूलका अभिमानी, घरका स्वास्नी, छोराछोरीप्रति रूखो व्यवहार गर्ने र कठोर स्वभावका हुन्छन् । उनको जेठो छोरो सुरेन्द्रले साथीको बहिनीको उपचारका लागि ५००।- रूपैयाँ माग्यो तर उनले नानाभाँती गाली गरे पैसा भने दिएनन् आखिर साथीकी बहिनी ६ वटा इन्जेक्सन किन्ने पैसा नपाएर मरी । यसै चोटमा सुरेन्द्र बर्मा भागेको हो । बहिनी जुनु सुरेन्द्रलाई असाध्यै रूचाउँथी । उनीहरू सधैं घुम्न जान्थे । बहिनी दाजु भनेपछि हुरूक्क हुन्थी भने दाजु बहिनी भनेपछि मरिमेट्दथ्यो । दाजु बर्मा भागपछि नै जुनु मणि हराएकी साँप जस्ती र नून खाएको कुखुरो जस्तो भएकी हो । दिनेश त्यस घरमा आएपछि उसका दाजुको रूप देखेर हो वा

अन्य केले हो उसप्रति भावुक बन्न थालेकी हो । शर्मिष्ठा पनि छोराको अभावमा अति पीडित हुन्थिन् । उनी पनि दिनेशको रसिलो, फराकिलो र सङ्लो व्यवहार देखेर उसलाई छोराकै रूपमा ममता राख्न थाल्छिन् । यस परिवेशबाट यस किसिमको माया ममता पाउँदा दिनेश पनि विराटनगरको ममतालाई र काठमाडौंप्रतिको विरक्तिलाई विर्सदै र त्यस परिवारसँग भ्यामिदै जान थाल्दछ ।

पुरेन्द्रनाथले धनसम्पत्तिको लोभमा र खानदानी स्वाँगमा आफ्नी जेठी छोरी कुसुमको विवाह राणाहरूको पुरोहित्याइँबाट सप्रिएका रामराज आचार्यका छोरा हरिलठ्ठक, जँड्याहा, जुवाडे र रण्डिवाज केदारराज आचार्यसँग गरिदिएका थिए । यस किसिमको फटाहा स्वभावको, बोल्न नजान्ने, शारीरिक बनोट पटक्कै नमिलेको र राक्षसको जस्तो स्वभाव भएका व्यक्तिसँग विवाह गर्न त कुसुमले रूचाएकी थिइन, न त शर्मिष्ठा नै त्यसबाट खुशी थिइन् । राक्षस्नी जस्ती सासू, डङ्किनीजस्ता नन्द र दानव जस्तो लोग्नेबाट अत्यन्त ठूलो सास्ती पाएकी उनी केही दिनका निमित्त माइत आएकी थिइन् । अनेकौं वेश्याहरूसँग गमन गर्ने लोग्नेबाट गर्भधारण हुन नसक्दा सासुले र नन्दहरूले समेत बाँझी भन्ने आरोप लगाउँदा कुसुम मात्र होइन, आमा शर्मिष्ठा पनि चिन्तित थिइन् । कुसुम यस्ता राक्षसीय स्वभाव भएका लोग्ने, सासु र नन्दहरूले आफूप्रति गरेका अत्याचारले पीडित बनेकी मात्र थिइन, विद्रोहिणी पनि बनेकी थिई । ऊ उनीहरूप्रति रोष प्रकट गर्दथी, बदला लिन चाहन्थी । ऊ आफ्नै बावु पुरेन्द्रनाथदेखि पनि अत्यन्त क्रूद्ध बनेकी थिई र त्यस्ता मूर्खसँग आफ्नो विवाह गराउने मूर्ख्याइँ, घमण्डी बावुको कालो कर्तूतबाट भएको ठान्दथी ।

ऊ अत्यन्त रूपवती, वैंसले उन्मत्त भएकी र सारै रसिलो तथा फरासिली पनि थिई । दिनेशको छेकछन्दको बलिष्ठ शरीर देखेर ऊ लोभिदै पनि गई । एकातिर ऊ वेश्यागमनाट रित्तिएका लोग्नेको बाघ भम्ट्याइबाट असन्तुष्ट र अतृप्त थिई भने अर्कातिर आफ्नो छोरो नपुंसक समान रहेको विचारै नगरी आफूलाई मात्र बाँझी सम्भने सासूबाट क्रूद्ध पनि भएकी थिई । यसकारण ऊ दिनेशबाट गर्भधारण गरेर आफू बाँझी नभएको देखाउन पनि चाहन्थी । यसै क्रममा ऊ दिनेशको कोठामा वासनाले उन्मत्त हुँदै जान थाली र दुईचार पटकमै उसले उसले गर्भधारण गरेको लक्षण देखापऱ्यो । ऊ बावुले आफूलाई बिक्री गरेको ठहराउँदै र लोग्ने तथा सासुले आफूप्रति दुर्व्यवहार गरेको र लाञ्छना लगाएको

आक्रोशमा रन्थनाउँदै दिनेशको कोठामा गएको कसैले थाहा नै पाए पनि नडराउने हिम्मत राख्दथी । एउटै कोठामा सुत्ने बहिनीले दिदीको चाला थाहा नपाउने त कुरै भएन, आमाले नै पनि यो कुरो थाहा पाइसकेकी रहिछन् तर उनी छोरीले भुँडी बोकेकोले अति गर्विली बनेकी थिइन्, किनभने आफ्नी छोरी बाँझी नभएको प्रमाणित भएको थियो । गर्भ रहेको थाहा भएपछि वाकवाकी लाग्न थालेपछि पनि ऊ दिनेशका कोठामा गएर धीत मार्दथी ।

जब उसलाई आफू बाँझी नभएको स्पष्ट थाहा भयो तब उसले दिनेशसँग आफ्नो भुसतिघ्रे राँगो जस्तो लोग्नेलाई मारेर आफू उन्मुक्त हुने अवसर प्राप्तिका लागि सहायता माग्न थाल्दछे । बागमतीमा भेल आएको मौकामा पौडी खेल्न सिकाउने निहुँले लोग्नेलाई मार्ने सल्लाह उनीहरूका बीचमा भयो । त्यसका लागि कुसुम लोग्नेका घरमा गएर अत्याचार सहँदै भए पनि सबैसँग राम्रो व्यवहार गर्ने र दिनेश केदारसँग मित्रता गाँसेर उसलाई हितैषिताको विश्वास दिलाउँदै गएर बर्खा लागेपछि पौडी खेल्न सिकाइदिने निहुँले बागमतिमा लगेर पानी खुवाई मार्ने सल्लाह हुन्छ । सल्लाह अनुसार कुसुम लोग्नेका घरमा फर्किई भने दिनेश मित्रता गाँस्ने सम्बन्धमा भट्टी, वेश्याको कोठी र जुवाका खालहरूमा जान थाल्यो । कुसुमले पनि लोग्नेका घरमा आफूले आफ्नै लोग्नेको भुँडी बोकेको विश्वास दिलाउँदै सासू तथा नन्दबाट सहानुभूति पाउन थाली । लोग्नेले आफूलाई जसरी नै लुछे पनि, चुसे पनि कुकुरले झैं फलानथोकमा ऱ्यापऱ्यापी चाटे पनि, टोके पनि र चिथोरे पनि ओछ्यान भरी रक्सी छादे पनि ऊ सहन थाली, आफू जिउँदो मूर्दा जस्ती बनिरही । जे गरे पनि सहेपछि लोग्नेले पनि प्रोत्साहन पाउने नै भयो ।

लोग्नेको अत्याचार यसरी बढ्दै गयो जुन कुसुमलाई सहन मुस्किल पऱ्यो । बर्खा आउन पनि निकै समय बाँकी थियो । उतापट्टि दिनेश र केदारका बीचमा मित्रताको गाँठो बलियोसँग कँसिदै थियो । दिनेश केदारकै घरमा पनि आउन थालेको थियो । केदारले चोरेर लगेको कुसुमको मोतीको हार थोरै दाममा बेच्न लागेको थाहा पाएर दिनेशले बढी दाम दिएर उक्त हार आफूले राख्यो । केदार भेडा तथा परेवाहरू पाल्ने गर्दथ्यो । भेडा लडाउन र परेवा उडाउन उसलाई ठूलो सोख थियो । एकदिन उसले दिनेशलाई समेत घरमा ल्याएर भेडा जुधाउने र परेवा उडाउने काम गरेको थियो । दिनेश पनि यस खेलमा सहर्ष सहभागी बनेको थियो । परेवा विशेषज्ञ हुँ भनेर दिनेशले केदारलाई विश्वस्त पारेको थियो । दिनेशले

केदारलाई आफूप्रति मोहित पार्दापार्दै पनि र बागमतीको भेलमा होम्ने आधारशिला तयार गर्दागर्दै पनि कुसुम लोग्नेसँग घिनाउँदै गई र बर्खाको भेल पर्खन नसक्ने भई ।

सासू, नन्द र अरूहरू कौंसीमा बसेर मस्यौरा पारिरहेका बेला केदार कौंसीका गाह्रामा चढेर परेवा उडाउन खोजिरहेको थियो । रातीको नशाले नछोडिसकेको हुनालेउसका खुट्टा लकपकाइरहेका थिए । ऊ लडुँलालडुँला जस्तो गर्न लागेको बेला उसको धोती मास्तिर सुर्किएर जब घिनलाग्दो कालो डल्लो देखियो तब कुसुम असाधारण मनस्थितिमा पुगेर एकाएक केदारलाई धकेल्न पुगी । केदार हुत्तिएर एकैचोटी तल छापिएका ढुङ्गामा गएर पछारियो । कुसुम तल फाल हान्दै बेहोस अवस्थामा झैं पुगी । केदारको मृत्यु भयो । तेह्र दिनको काम सिद्धिएपछि कुसुमले छोरो जन्माई । कुसुमका मनमा द्वन्द्व चर्किंदै गयो । ऊ दुब्ली, पातली बन्दै गई । उसलाई सासु, ससुराले बरखी नसिद्धिदै माइत पठाइदिए । यता माइतमा जुनुको भावुकता दिनप्रतिदिन झन्झन् बढी चरम सीमामा पुगिसकेको थियो । दिनेशको हार्दिकता पनि जुनुप्रति त्यसैगरी कसिइसकेको थियो । कुसुम आएपछि जुनुप्रति ईर्ष्या भाव बढ्न थाल्यो । दिनेशले हरेक आश्वासन दिए पनि कुसुमको मानसिक द्वन्द्व चर्किंदै गएपछि र जुनु सधैं आक्रमित हुन थालेपछि जुनु आफै आएर दिनेशलाई घरबाट निस्किई अन्तै जाने आग्रह गर्न थाली । पहिले केदारले बेच्न लागेको र आफूले पैसा तिरेर हात पारेको कुसुमको मोतीको हार उसलाई पठाइदिएर दिनेश झोला बोकेर बाहिर निस्कियो । जुनु र शर्मिष्ठा रूँदै तल बाटामा उभिएका थिए । कुसुम दिनेशलाई माथिबाटै नजान आग्रह गर्दै थिई । दिनेश पछाडि नहेरिकन गएको गयै भयो । यसरी यस उपन्यासको अन्त्य भएको छ ।

**फालिएको सामान** उपन्यास तारिणी प्रसाद कोइरालाको दोस्रो उपन्यास हो । तारिणी आफ्नो पहिलो उपन्यास **सर्पदंश**मा जति सफल देखिए यस उपन्यासमा आइपुग्दा त्यसबाट उनी चिप्लिएका छन् । हुनत यो उपन्यासमा एउटी नारीको अतृप्ति, कामक्षुधा, कुण्ठा र प्रतिशोधलाई मनोवैज्ञानिक ढङ्गमा प्रस्तुत गरिएको छ । यस उपन्यासको कथानक, विषयवस्तु र पात्रको उपस्थितिलाई हेर्ने हो भने कुसुम र दिनेश कसलाई केन्द्रीय पात्र मान्ने भन्ने शङ्का पाठकको मनमा उठ्छ । यदि कुसुमलाई केन्द्रीय पात्र मान्ने हो भने यस उपन्यासको शीर्षक अमिल्दो लाग्छ किनकि **फालिएको सामान** भनेर उपन्यासकारले

दिनेशलाई इङ्गित गर्न खोजेका छन् । यसरी कथानक पात्र र शीर्षकमा उल्भिएको यो उपन्यासमा मुख्यतया उपन्यासकारले नपुंसक र लठेब्रो पतिसँग सहशैयागामिनी भएर प्रेमाचारको अभिनय गर्न बाध्य नारी मानसिकतामाथि नै विशेष प्रकाश पार्न खोजेका छन् ।

प्रस्तुत उपन्यासमा पात्रको मानसिक अवस्थाको चित्रण सरल र स्पष्ट रूपमा गरिएको छ । तर त्यो गहन, सघन र सूक्ष्म किसिमको छैन । उपन्यासमा पात्रको मनोवृत्तिको विश्लेषणले भन्दा घटनाको संयोजनतिर उपन्यासकार बढी ढल्केका छ् । उपन्यास पढ्दै गर्दा यो उपन्यास घटनावृत्तको संगालो हो कि, यौनाचारको खुला वर्णन हो कि वा यौनमनोविश्लेषणात्मक हो भन्ने कुरामा पाठकले भेउ नपाउनु स्वभाविकै हो । तर यो उपन्यास मनोविश्लेषणात्मक विषयवस्तुको प्रतिपादनमा केन्द्रित भएको देखिँदैन र पात्रका मनोवृत्तिको सतही वर्णनले यो मनोविश्लेषणात्मक उपन्यास बन्न सकेको छैन । यौनमा आधारित उपन्यास भएर पनि यो उपन्यास यौनवादी छैन । यौन केवल घटनावृत्तलाई अगाडि बढाउन सन्दर्भ घटनाका रूपमा मात्र देखापर्छ ।

प्रस्तुत उपन्यासको कथावस्तु रैखिक भएकाले घटनावृत्त एकपछि अर्को गर्दै क्रमिक रूपमा बगेका छन् । दिनेशको काठमाडौं आगमनबाट सुरू भएको उपन्यासमा उपन्यासकारले कतै-कतै झन्झटिलो वर्णन गर्न खोजेको देखिन्छ । तर पनि त्यसमा उनी सफल देखिन्छन् । पात्रहरूको स्वरूप वर्णनमा उपन्यासकार बढी रसिला देखिएका छन् । चाहे शर्मिष्ठा देवीको व्यक्तित्व वर्णन होस् चाहे कुसुमको चाहे जुनुको होस् उनको चित्रणले प्रत्येक पात्रको आकृति पूर्ण रूपमा पाठकले उतार्न सक्छन् । यसरी यी विविध कुराबाट उपन्यास मध्यम खालको देखिन्छ । एउटै खालको वर्णन पटक-पटक दोहोरिएको छ भने बीच-बीचका प्रासङ्गिक घटनाहरू पूर्वदीप्ति शैलीमा आएका छन् । कथानकलाई केही रहस्यमय बनाउन बिम्ब र प्रतीकात्मक घटनाको सहारा लिनु उपन्यासकारको विशेषता हो भने औपन्यासिक प्रवाहमा खलल पुऱ्याउने तत्त्व पनि बन्न पुगेको छ ।

समग्रमा भन्दा उद्देश्य भेट्टाउन नसकेजस्तो, कताकता सामाजिक यथार्थलाई नाघेजस्तो, मनोविश्लेषणलाई छुन नसकेजस्तो, घटनाक्रममा नून नपुगेजस्तो गरी यस उपन्यासको कथानक अन्त्य भएको छ । यस उपन्यासको कथावस्तुको परिणति पनि यही नै हो ।

## ४.३ चरित्र

**फालिएको सामान** यौनको धरातलमा उभिएर मानसिक विश्लेषण गरिएको मनोवैज्ञानिक उपन्यास हो । मनोवैज्ञानिक उपन्यासको मुख्य अभिलक्षण चरित्र प्रधानता भएकाले घटनालाई पूर्वप्राथमिकतामा राख्दै चरित्रलाई साँघुरो घेरामा राखिएको यो उपन्यास मूलतः चरित्रप्रधान उपन्यास नै हो । **फालिएको सामान** उपन्यास युवामनोविज्ञानमा अवलम्बित छ । रूढिवादी परम्पराको पर्खालले घेरिएकी असमर्थ लोग्नेकी यौनकुण्ठित नारीले कुनै पनि पुरूषको आरक्षण पाउने वित्तिकै कसरी विद्रोहको बाटो अपनाउँछे भन्ने घटनाको केन्द्रीयतामा संरचित यस उपन्यासले मुख्य पात्र कुसुमको चरित्रोद्घाटन गरेको छ । प्रस्तुत उपन्यासमा देखापरेका घटना र पात्रहरूको योजना कुसुमकै चरित्रलाई पोषण गर्ने खालका देखिन्छन् । कुसुमको लाग्ने केदार लठेब्रो र नपुंसक हुनु, बहिनी जुनु मौन रहनु, दाजु सुरेन्द्र विदेशमा पलायन हुनु पनि कुसुमकै चरिलाई निष्कर्षमा पुऱ्याउन सहयोगी छन् र यिनै चरित्रहरूको समग्रतामा यस उपन्यासको उद्देश्य सफल भएको छ । जम्माजम्मी २८ पात्रहरूको प्रयोग यस उपन्यासमा भएको छ । उपन्यासमा प्रयुक्त पात्रहरूको वर्गीकरण निम्नानुसार गरिएको छ ।

| क्र.सं. | पात्र | लिङ्ग | प्रवृत्ति | स्वभाव | जीवन चेतना | आब. | आस. |
|---|---|---|---|---|---|---|---|
| १ | दिनेश | पु. | अनुकूल | गतिशील | वर्गीय | बद्ध | मञ्चीय |
| २ | कुसुम | स्त्री | अनुकूल | गतिशील | वर्गीय | बद्ध | मञ्चीय |
| ३ | जुनू | स्त्री | अनुकूल | स्थिर | वैयक्तिक | बद्ध | मञ्चीय |
| ४ | मिट्टू | पु. | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त | मञ्चीय |
| ५ | शर्मिष्ठा | स्त्री | अनुकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ६ | पुरेन्द्रनाथ | पु. | प्रतिकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ७ | सुरेन्द्र | पु. | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त | नेपथ्य |
| ८ | केदारराज | पु. | प्रतिकूल | स्थिर | वर्गीय | बद्ध | मञ्चीय |
| ९ | राधा | स्त्री | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त | मञ्चीय |
| १० | रामप्रसाद | पु. | अनुकूल | स्थिर | वर्गीय | मुक्त | मञ्चीय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | होमकुमारी | स्त्री | प्रतिकूल | स्थिर | वर्गीय | बद्ध मञ्चीय |
| १२ | मञ्जरी | स्त्री | प्रतिकूल | गतिशील | वैयक्तिक | मुक्त मञ्चीय |
| १३ | भुजेल | पु. | प्रतिकूल | स्थिर | वैयक्तिक | मुक्त मञ्चीय |
| १४ | भुजेलकी स्त्री | स्त्री | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त मञ्चीय |
| १५ | सावित्री (कुसुमकी नन्द) | स्त्री | प्रतिकूल | स्थिर | वैयक्तिक | मुक्त नेपथ्य |
| १६ | पार्वती (कुसुमकी माइली नन्द) | स्त्री | प्रतिकूल | स्थिर | वैयक्तिक | मुक्त नेपथ्य |
| १७ | काम गर्ने रामे | पु. | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त मञ्चीय |
| १८ | दिनेशका बुबा | पु. | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त नेपथ्य |
| १९ | दिनेशकी आमा | स्त्री | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त नेपथ्य |
| २० | मराठी लडकी | स्त्री | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त नेपथ्य |
| २१ | बौदी (भाउजू) | स्त्री | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त नेपथ्य |
| २२ | बौदीकी नन्द | स्त्री | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त नेपथ्य |
| २३ | जर्साप | पु. | अनुकूल | स्थिर | वर्गीय | मुक्त मञ्चीय |
| २४ | घर्ती दाइ | पु. | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त मञ्चीय |
| २५ | घर्तिनी | स्त्री | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त मञ्चीय |
| २६ | गुरुङ्सिनी बूढी | स्त्री | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त मञ्चीय |
| २७ | बज्यै | स्त्री | अनुकूल | स्थिर | वैयक्तिक | मुक्त मञ्चीय |
| २८ | गंगा (जेठी नन्द कुसुमकी) | स्त्री | प्रतिकूल | स्थिर | वैयक्तिक | मुक्त मञ्चीय |

उल्लिखित वर्गीकरण हेर्दा प्रस्तुत **फालिएको सामान** उपन्यास बहुपात्रीय उपन्यास हो । प्रमुख र गौण गरी लगभग पौने तीन दर्जन पात्रहरूको उपस्थिति रहेको यस उपन्यासमा मञ्चीय र नेपथ्यीय चरित्रहरू पनि रहेका छन् । उपन्यासमा प्रमुख भूमिकामा भने दिनेश र कुसुम रहेका छन् भने सहायक भूमिकामा केदार र जुनु रहेका देखिन्छन् । मूलतः समस्यामा केन्द्रित पात्र कुसुम हो र उसकै घटनावृत्तिको सेरोफेरोमा अन्य पात्रहरूको उपस्थिति देखिन्छ । आन्तरिक द्वन्द्व केवल कुसुममा मात्र देखिएको छ भने प्रायः बाह्य द्वन्द्वमा नै उपन्यास फैलिएको छ । स्वभावका आधारमा स्थिर र गतिशील दुवैखाले पात्रहरूको प्रयोग छ । कुसुम र दिनेश मौलिक वैयक्तिक चरित्र हुन् भने शर्मिष्ठा, केदार,

पुरेन्द्रनाथजस्ता पात्रहरू वर्गीय चरित्रहरू हुन् । यिनै विविध चरित्र र पात्रहरूको विश्लेषण निम्नानुसार क्रमशः गरिन्छ ।

## ४.३.१ प्रमुख पात्रहरूको चरित्र चित्रण

### क) कुसुम

कुसुम यस उपन्यासकी केन्द्रीय पात्र तथा नायिका पनि हो । कुसुमकै केन्द्रीयताको सेरोफेरोमा प्रस्तुत उपन्यासले गति लिएको छ । यद्यपि उपन्यासको उठान र घटनाको प्रारम्भ भने दिनेशको काठमाडौं आगमनको प्रसङ्गबाट भए पनि पछि दिनेशको भूमिका सहायक बन्दै जान्छ र कुसुमले नै उपन्यासको मध्यविन्दुमा नेतृत्व गर्छे र उपन्यासलाई रोमाञ्चक मोडमा पुऱ्याउँछे । उपन्यासमा वर्णित घटनावृत्ति र अनुभूतिले कुसुमको एक प्रकारको बेग्लै चरित्रलाई व्यक्त्याएको छ । उपन्यासमा कुसुम एकातिर अस्तित्त्वप्रतिको आघात, अर्कोतिर अपराधबोध र दिनेशसँगको कृतार्थता अनि रतिभावको आगोमा पिल्सिएर क्षतविक्षत भएर उभिएकी छे ।[२] प्रजनन क्षमताको ह्रास भएको लोग्नेबाट प्रेम र रति दुवै कुरामा ठगिएकी, दबिएकी र हेपिएकी कुसुमको माइत आगमनको बेलामा घट्न पुगेका घटनाको सूक्ष्म-सूक्ष्म अनुभूतिलाई उपन्यासले व्यक्त गरेको छ ।

प्रस्तुत उपन्यास काठमाडौंको सम्भ्रान्त परिवारको आन्तरिक घटनावृत्ति भएको यस उपन्यासकी नायिका कुसुम नेपाली समाजलाई प्रतिनिधित्व गर्ने वर्गीय नारीका रूपमा देखा पर्दिन । उसको बिद्रोही स्वभाव र विक्षिप्त मानसिकताले कुसुमलाई असाधारण चरित्रका रूपमा उभ्याएको छ । पहिले सरल र सुन्दर व्यवहार अनि लजालु कुसुमको चरित्र घटनाक्रमकै आधारमा परिवर्तन भएको छ । कुसुमको चरित्रलाई उपन्यासकारले घटनाक्रमका उत्कर्षमा कुसुमको चरित्र फेरिँदै गएको देखाएका छन् । कुसुमको स्पष्ट चरित्रको रेखाङ्कन उपन्यासमा कतै भेटिदैन उसको जीवनवृत्तमा घटेका घटना र तिनकै सेरोफेरोमा कुसुमको चरित्रलाई पहिल्याउन

---

[२] नरेन्द्र चापागाई, *फालिएको सामान : परिचयात्मक अवलोकन,* **चान्द्रमसी,** पूर्ववत्, पृ. ३५ ।

सकिन्छ । उपन्यासमा उपन्यासकारले कुसुमको बाह्य व्यक्तित्वलाई यसरी देखाएका छन् ।

... *कति उज्यालो अनुहार, मानौं जून उदाएजस्तो । ठूल्ठूला साह्रै काला आँखा बदामजस्ता लाम्चिला, प्रष्टै छुट्टिने, काला-काला परेला, गोरो रोगनको पृष्ठभूमिमा निख्खर कालो देखिने, टुपुक्क बसेको सानो नाक, भर्खरै जन्मिएको बालकको कुर्कुच्चाजस्तो राताराता सुकुमार र पातला ओंठ, कल्कलाउँदो रोगन, घुँडा नै छोलाजस्तो लामो र कालो कपालको चुल्ठो, हिँड्दा सिलिङ्विलिङ् गर्दै नाच्ने । अनि उर्लिदो यौवन चोलोबाट उकुसमुकुस गर्दै बाहिर निस्किन छटपटाएका, अग्ली, पातली र छरिती युवती । यही हो कुसुमको रूप, यिनै हुन् कुसुम* (पृ. २०) ।

त्यसै गरी उपन्यासकारले कुसुमको व्यवहारिक चरित्रलाई दिनेशका माध्यमबाट यसरी चिनाएका छन्-

... *'तर कुसुम ? ओ ! कस्ती भिन्दै खालकी । अन्यायको विरूद्ध जमजमाएर उठ्न तैयार भएकी, अन्याय, अत्याचार र समाजको मनपर्दी नियम-आचरण तोडताड गरेर असन्तोष व्यक्त गर्ने क्षमता भएकी* (पृ. २८) ।

*हार खाएर के हुन्छ र ? अन्याय र असत्यका विरूद्ध जुध्दाजुध्दै मर्नु पो विजय हो । सबैबाट तिरस्कृत भएर अन्यायको अगाडि न्यायको भीख माग्दै बाँच्नुभन्दा अधिकारको निम्ति सङ्घर्ष गर्दै मर्नु जीवन हो । लाग्दछ कि कुसुम संसारको यावत् अन्यायको विरूद्ध लड्न भनी बहादुरीका साथ एक्लै रणभूमिमा उत्रेकी वीराङ्गना हुन् (पृ. ३२)*।

नन्द र सासुसँग बिलकुलै फरक व्यवहार पनि ऊ देखाउन सक्छे र पतिसँग स्नेहको खेल पनि खेल्न सक्छे । तर जब आफ्नै पतिलाई धकेलेर मारे पछिको कुसुमको चरित्र उसको आफ्नो नियन्त्रणमा हुन्न र विक्षिप्त मानसिकताले आफ्नो पूर्व चरित्रलाई कुसुम गुमाउन पुग्छे ।

यसरी हेर्दा प्रस्तुत उपन्यासमा प्रमुख पात्र कुसुमको चरित्र घटनाक्रमको दौडाईमा जेलिएको छ । फरासिलो, सबैकी प्रिय र घटनालाई आफ्नो अनुकूल पार्न

सक्ने कुसुमको चरित्र उपन्यासको अन्तिम मोडमा आइपुग्दा च्यातिएर धुजा धुजा परेको छ ।

**ख) दिनेश**

दिनेश यस **फालिएको सामान** उपन्यासको प्रमुख पात्र हो । यसैको केन्द्रीयतामा उपन्यासको शीर्षक सार्थक छ । उपन्यासको प्रारम्भमा विराटनगरबाट काठमाडौं आएको दिनेशलाई यदि उपन्यासबाट अलग गरेर हेर्ने हो भने कुसुमको चारित्रिक अस्तित्त्व मेटिन्छ । अतः कुसुमसँग अन्योन्याश्रित सम्बन्धमा नै दिनेशको चरित्र स्पष्टिन्छ । घरबाट बाबुआमाले पनि **फालिएको सामान** झैं काठमाडौं हुत्याइदिएपछि केही दिनको आत्मीयतापश्चात् काठमाडौंको सुरेन्द्रनाथको परिवाबाट पनि **फालिएको सामान** बनी हुत्तिन पुग्छ दिनेश । यसैको सेरोफेरोमा दिनेशको चरित्रलाई केलाउन सकिन्छ ।

दिनेश उपन्यासका अनुसार स्वाभिमानी र निडर देखिन्छ तर सौन्दर्य र यौवनका अगाडि परास्त हुने कमजोरीका कारण ऊ आफैमा कमजोर पात्र सावित भएको छ । उपन्यासकारले दिनेशको बाहिरी व्यक्तित्वको परिचय उपन्यासमा यसरी दिएको छन् ।

*माथिदेखि तलसम्म उसको बनोट साह्रै मिलेको छ । उभिंदा ऊ ताँबामा बढ्ता छैन, कहीँ केही अभाव छैन । देख्नेलाई लाग्दो हो, उस्को अगाडि एउटा एउटा आत्मविश्वास भएको साहसिलो युवक खडा छ - निर्भीक, निश्छल र स्पष्ट । उसको अनुहासमा कुन्नि के यस्तो कुरा छ कि उस्लाई देख्नासाथ उसका उपर भर पर्न, उसलाई पत्यार गर्न सकिन्छ - ढुक्क भएर । उसमा युवावस्थाको सम्पूर्ण निष्कपटता र वेगवान् पवित्रता झल्किन्छ । ऐले ऊ चिढाचिढा भए पनि वास्तवमा ऊ क्रोधी प्रकृतिको मानिस नै होइन । यो मानिस रिसाउन पार्न सक्दो हो भन्ने कुरा उसको अनुहारको कुनै हिस्साले पनि बताउँदैन । हो, स्पष्टवादी, हक्की र कुनै सुर्ता फिक्री नलिने खालको देखिन्छ उ र कता कता नसाधिएको घोडा जस्तो चट्पटे पनि लाग्छ । जतिसुकै एकोहोरोसँग उसको आँखासँग आँखा जुझाइरहे पनि त्यसमा*

*लज्जा सङ्कोच र भाग्न खोज्ने खोज्ने इच्छा अलिकति पनि देखिदैन - लुकाउनुपर्ने कुरा केही हुँदै नभए जस्तो आँखाका नानी साह्रै काला छन् र सधैं रसिलो रहने हुँदा चहकिला देखिन्छन् । उसको स्वभावमा हुने छट्पटी पनि आँखाबाट थाहा हुन्छ ।*

उपन्यासकारले वर्णन गरेजस्तो दिनेशको चरित्रबाट प्रभावित भएकी कुसुमले नै उसको थप चरित्रलाई दोहोऱ्याइदिन्छ । कुसुमको केन्द्रीयतामा फलेको दिनेशको चरित्र कुसुमकै अतिवादले ओलिन्छ ।[३] दिनेशको चरित्र रोमान्टिक किसिमको छ उसले आफ्नो व्यक्तिलाई सजिलो हतियार बनाई कुसुम भन्दा पहिले पनि आफ्नो व्यक्तित्वलाई सजिलो हतियार बनाई कुसुम भन्दा पहिले पनि आफै गाउँमा र बनारसमा समेत धेरै केटीहरूलाई यौन कुण्डमा होमिसकेको छ । निर्भीक र निडर अनि अलि चिटचिटे स्वभावको छ भन्ने कुरा कुसुमकी आमाले आफ्नो छोरासँग गरेको तुलनाबाट पनि थाहा लाग्दछ । तर कुसुमको माइतमा मास्टरी काम थालेको दिनेश कुसुम र जूनुको सामीप्यमा आफ्नो चरित्रलाई खुलाउन पाउँदैन । आफूमा केही स्वभिमान छ भने कुरा दशैंको टिकाका दिन सर्दार सुरेन्द्रनाथसँग टिका नलगाउनुले थाहा हुन्छ । दिनेशको निडर चरित्र कुसुमको उद्देश्यलाई सफलतामा पुऱ्याउन वचन दिएबाट थाहा हुन्छ । केदारराजलाई षड्यन्त्रमा पारी मार्ने, उद्देश्यका निम्ति केदारसँग मित्रता गर्नु कुस्तीखेल्न भुजेलको घर गइपुग्नु केदारले भने बमोजिम रक्सी चुरोट खाइदिनुले उसको चरित्र कस्तो भने भन्ने कुरामा सन्देह जागे पनि भुजेलकी स्त्रीसँग यौन सम्बन्ध नराख्नुले उसमा चारित्रिक स्वच्छता भएझैं लाग्दछ । सबैसँग चाँडै नै घुलमिल गरी आत्मीयता कायम गर्न सक्ने दिनेश जब कुसुमको अत्याचारलाई सहन नसकी घर छोड्न बाध्य हुन्छ त्यतिबेला उसको चरित्रमा दुबिधा देखापर्दछ ।

मानसिक विक्षेपको शिकार भएकी कुसुमको अन्तर्मनलाई चिन्न नसक्नु कुसुम र जुनू कसको मोहमा फसेको छ भन्ने कुरा छुट्याउन नसक्नु उसका चारित्रिक कमजोरीका पक्ष हुन् ।

---

[३] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** पूर्ववत्, पृ. २०७ ।

यसरी हेर्दा यस उपन्यासको प्रमुख चरित्र दिनेश तत्कालीन बेरोजगार युवाहरूको मानसिकतालाई उद्घाटन गर्ने वर्गीय चरित्र हो भने आदि देखि अन्तयसम्म उपस्थित भई कार्यव्यापार प्रस्तुत गरेकाले मञ्चीय चरित्र हो । उपन्यासको कथावस्तुमा कुसुम लगायत जुनू र केदारलाई घटनाक्रम घिसार्ने पात्र पनि दिनेश नै भएकाले उसलाई बुद्ध चरित्र मान्न सकिन्छ । उपन्यासको पूर्वभागमा देखिएको र परिस्थिति वश जेलिएको दिनेशमा पटक पटक चारित्रिक भिन्नता देखिएकाले ऊ गतिशील चरित्रका रूपमा उपन्यासमा देखिएको छ । प्रस्तुत उपन्यासको यथार्थ पक्षलाई देखाउने उद्देश्य पुरा गर्नमा दिनेशको उपस्थिति अनिवार्य भएकाले ऊ अनुकूल बद्ध र मञ्चीय पात्रका रूपमा उपचासमा देखिएको छ ।

**ग) केदार**

केदार यस उपन्यासको सहायक पत्र हो । कुसुमको सामाजिक पतिको रूपमा उभिएको केदार पत्नीलाई यौन सन्तुष्टि दिन असमर्थ र उल्टै पत्नीलाई प्रताडित गर्ने व्यभिचारी खल पात्र हो । केदारको कुनै पनि सकारातमक पक्ष देखिदैन केवल अरूमाथि चाँडै विश्वास गर्नु बाहेक केदारको भद्दा जीउ, लठेब्रो बोलीले ऊ लाटो र सोझो हुनुपर्नेमा दुष्ट, दुराचारी र पत्नी पीडकका रूपमा उभिएको छ । उपन्यासमा समस्या उब्जाएर उपन्यासकारको अभीष्ट सिद्ध गर्नमा सबैभन्दा ठूलो भूमिका खेलेको केदार उपस्थिति र कथावस्तुका हिसावले सहायक पात्र हो । यस उपचारमा उपन्यासकारले केदारको व्यक्तित्वलाई यसरी देखाएका छन् :

*कुसुमको दुल्हा केदारराज आचार्य आमा-बाबुको एउटै छोरो भएकाले केटाकेटी देखिन् नै साह्रै पुल्पुल्याइएको हुँदा जतिसुकै बिग्रन सकिने हो बिग्रिसकेको थियो । बिहा हुँदा उसको उमेर एक्काईस बर्षको हुँदो । तर टोलका यावत बदमास, गुण्डा र आवाराहरूसँगको सङ्गतले गर्दा उसले यही उमेरमा नै भएभरको दुर्गुण बटुलिसकेको थियो । सम्पत्तिशाली आमा बाबुबाट पुल्पुलिँदा पुल्पुलिँदै छाडा भएको*

*छोरो कतिसम्म बिग्रीन सक्दोरहेछ भन्ने कुराको ज्वलन्त नमूना थियो केदार । टोलका छिँडी छिँडी चहार्दै बारहमासे जुआ खेल्नु, अल्लारे केटाहरू बटुलेर बहाई लडाउनु, लुकी लुकी रक्सी खानु, बेहानभरी परेवा उडाउनु, दिनभरी भौतारिनु, चरित्रहीन केटीहरूसँग रात रातभरी बस्नु, टोलका तरुनीहरू देख्यो कि अश्लील छेडछाड गर्नु इत्यादि सबै कर्ममा पारंगत भैसकेको थियो ऊ । मान्छे भने साहै लठेब्रो र लाटो थियो । जिऊ पनि उस्तै भद्दा - डङ्रङ्को अग्लो । बोलीबाट पनि लठेब्रोपन जाहेर हुने । बेकुफ खालको मानिस भएकाले उसका साथीभनाउँदाहरू उस्लाई ठगेर छुटी । तर उसको बाबुको दरवारमा पहुँच भएकाले वरिपरिकाहरू उसँग डराउथे । अलि टाढाटाढाका टोलहरूमा भने कहिलेकाँही ऊ साफसँग चुटाई खान्थ्यो* (पृ. ३४-३५) ।

केदार खल पात्रका रूपमा उभिएकाले उसका हरेक आचरण र क्रियाकलाप नकारात्मक छन् । कुसुमलाई यौनआचारमा अप्राकृतिक मैथुन गर्न लगाउने केदार धूर्त विकृत र वासना लम्पट चरित्र हो । श्रीमतीप्रति अनुदार र दुष्ट ठहरिएको केदार ससुरालीमा दिनेश र कुसुमको सामीष्यता देखेर ईर्ष्या गर्दैन बरु दिनेशसँग मित्रता पो गर्न पुग्छ, यो केदारको राम्रो पक्ष हो । केदार स्वयं लाटो र लठेब्रो बोलीको मात्रै छैन ऊ बुद्धिले पनि लठेब्रो नै देखिएको छ । साथीहरूले पैसाका निम्ति दोस्ती गर्नु कहिलेकाँही तिनीहरूबाटै चुटाई खानु, उसको बुद्धूपना हो । त्यसै गरी कुसुमले दिनेशको वीर्यबाट गर्भधारण गर्दा पनि उसले त्यसमाथि कुनै चासो नदेखाउनु केदारको कमजोर चरित्र र लाटोपना हो । लाल गाल र अपमान भन्ने कुरा उस्लाई थाहा नै थिएन । चुटाई, खाँदा पनि हेहेहे गरेर ढवाङ्ग पछारिन्थ्यो र ड्वाँड्वाँ रुन लाग्थ्यो । यसबाट पनि केदार कतिसम्म चरित्रहीन व्यक्ति थियो भन्ने कुरा देखिन्छ ।

घरमा रूपवती अप्सरा जस्ती स्वास्नी हुँदा पनि स्वास्नीले माया र ममताको बर्ष गराउँदा पनि सन्तुष्ट नभै रण्डीहरूको कोण चहार्ने केदारमा विकृति मानसिकता भेटिन्छ । धनी बाबुको बिग्रेको छोरा कहलिएको केदार आफ्नो चरित्रबाट हाम्रै समाजमा आवारा र बुबाको पैसामा उन्मत्त र दुश्चरित्र पुरुष पात्रको प्रतिनिधित्वले गर्न सफल छ । यौन अङ्ग नपुंसक भए पनि यौन कुण्ठाले भरिएको

केदार कलिल्यै यौनबाट सन्तुष्ट हुन सकेन, यौन नै उसको मुख्य कमजोरीका रूपमा रहेको देखिन्छ ।[४]

यसरी हेर्दा यस उपन्यासको सहायक पात्र केदारको उपस्थिति थोरै भए पनि उपन्यासलाई समस्यामूलक बनाउनमा उसकै ठूलो भूमिका रहेको छ । यदि उपन्यासबाट केदारलाई झिकिदिने हो भने कुसुम र दिनेशको समष्टि, यौन सम्बन्ध, केदार हत्या र कुसुमको दुर्दशा लगायतका कुनै पनि घटना रोचक हुँदैनथे होला । अतः केदार उपन्यासको उपस्थितिका दृष्टिले मञ्चीय र बद्ध पात्र हो । प्रवृत्तिका दृष्टिले केदार प्रतिकूल पात्रका रूपमा उपस्थित छ तर घटनाक्रमलाई जेल्याउन ऊ अनुकूल देखिन्छ । स्वभावका दृष्टिले सुरुदेखि अन्त्यसम्म केदार स्थीर पात्र देखिन्छ । यसरी समग्रमा भन्दा केदार यस उपन्यासको महत्त्वपूर्ण पात्रका रूपमा रहेको छ ।

### घ) जुनू

जुनू यस उपन्यासकी सह-नायिका हुन् । जुनूको उपस्थितिले उपन्यासमा रोमाञ्चकता थपेको छ । हुन त जुनूको आवश्यकता उपन्यासमा त्यति खड्किँदैन तर यसै उपन्यासका अन्य दुई प्रमुख पात्र कुसुम र दिनेशको मानसिकतामा खलल पुऱ्याई कथानकलाई वियोगान्तमा पुऱ्याउन जुनूको भूमिका अनिवार्य छ । उपन्यासकारले जुनूले चरित्रलाई जुन ढङ्गले प्रतिपादन गरेका छन् त्यो कुसुम र दिनेशको मानसिकतामा आघात पुऱ्याउन निकै सफल छ । जुनूको मौनता कुसुमका लागि असह्य छ भने दिनेशका लागि वरदान सावित भएको छ । आफूले मन पराउने व्यक्ति दिदीको आलिङ्गनमा रातभरि बेरिंदा पनि जुनूले कुनै प्रतिक्रिया नदेखाउनू, कुसुमले अश्लील र असभ्य गाली गर्दा पनि उसकै भलाइका लागि दिनेशलाई घरबाट निकाल्नुले जुनूको चरित्र कस्तो हो बुझ्न पाठकलाई कठिन हुन्छ ।

[४] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, पूर्ववत्, पृ. १०४ ।

उनी सरल र राम्री छिन् तर भित्री कठोरता या कोमलता उनमा के छ त्यो रहस्य छ । उपन्यासमा उपन्यासकारले कुसुमलाई बाह्य आवरणमा यसरी देखाएका छन्-

*जुनू राम्री छिन् - चिटिक्क परेकी सुकुमारी केटी । उनी सब काम नहतारिएर गर्छिन् । कितावको पाना पल्टाउँदा पनि सलक्क परेका लामा लामा सुकुमार औंलाले नहतारिएर पल्टाउँछिन् । हिँड्दा पनि चुपचाप हिंडछिन् - नहतारिएर । यस्तो नम्र र विनीत स्वभावकी छिन् कि लाग्छ, काखमा लिएर माया गरिरहुँ, जस्तो । साह्रै फिक्का रङ्ग मन पर्दो रहेछ उनलाई । फिक्का गुलाबी, फिक्का नीलो, फिक्का हरियो फिक्का सुन्तले - रङ्ग त सबै किसिमका तर साह्रै फिक्का । पहिरनमा पनि तडक भडक पटक्कै छैन । लगाउने लुगामा चाहिँ एउटा नीजी शोख रहेछ क्यार - धोती पातलो र नरम चाहिने, सपक्क मिल्नुपर्ने । धोती पनि पारी भएको चाँही होइन, बिल्कुल सादा । सिलिक, जर्जेट पनि होइन, पातलो र नरम मलमलको हरेक किसिमका सुकुमार रङ्गले रङ्गेका गहनाको नाममा जम्मा एउटा सेतो गुलाफको फूल - जहिले पनि कपाल पछाडि नसिउरी नहुने* (पृ. १७) ।

उपन्यासकारको यो चित्रणबाट जुनूको बाहिरी अंश छर्लङ्ग हुन्छ भने भित्री अंशको केही झलक मात्र मिल्छ । उनी कोमल छिन् या कठोर त्यो थाहा पाउन मुश्किल छ । उपन्यास भरी उनी कतै पनि बोलीकी छैनन् केवल दिनेशले दिएको गृह कार्यमा लेखेको दिनेश प्रतिको विचार बाहेक । तः दिनेश पनि जुनू प्रति अनभिज्ञ नै देखिन्छ । जुनूको यस्तो चरित्रको पूर्व पीठिका पनि केही देखिदैन र स्वभावमा परिवर्तन पनि देखिदैन । मानौ उनी हरेक घटनाप्रति मूर्तिवत् अटल छिन् । उनी कस्तो छिन् त्यसको उदाहरणका रूपमा स्वयं बोलेका यी वाक्य यस्ता छन् :

*जुनू चाहिँ कस्तो खालकी केटी छन्, दिनेशलाई थाहा छैन । थाहा पाउने इच्छा पनि उसलाई छैन । साह्रै अरसिलो होलिन् जस्ती छिन् । जहिले पनि उदास अनुहार, बोल्नु बाल्नु छैन - सोध्यो भने "हो" वा "होइन" भन्नको निम्ति टाउको मात्र हल्लाइदिन्छिन् । बुझे बुझ नबुझे नबुझ । शायद घमण्डी पो हुन् कि ?* (पृ. १४)

जुनू यस उपन्यासमा रहस्यमयच रित्र बनेर उभिएकी छिन् । घटनालाई आफ्नो मौनताले अनुकूल बनाउनु बाहेक उनले उपन्यासमा अरू केही प्रतिक्रिया दिएकी छैनन् । अतृप्त कुण्ठा र विक्षिप्त मानसिकताको लक्षण पनि उनमा देखिन्न अतः उनी यस उपन्यासकी अनुकूल र स्थिर पात्र छन् । आबद्धताका दृष्टिले जुनू बद्ध पात्र हुन् भने । उपस्थितिका दृष्टिले मञ्चीय र गौण पात्र उनलाई मान्न सकिन्छ ।

**ङ) शर्मिष्ठा**

शर्मिष्ठा यस उपन्यासकी सहायिका तथा गौण पात्र हुन् । उनी कुसुमकी आमा तथा सरदार सुरेन्द्रनाथकी पत्नी हुन् । मोटी, फरासिली र पुङ्माङे जस्तो खुल्ला हृदय भएकी शर्मिष्ठा उपन्यासकी असल पात्र हुन् । कसै प्रति पनि कुभलो नचाहने शर्मिष्ठामा आफ्नी छोरीलाई बाँझी भनेकामा ठूलो पीर छ । त्यही पीरले आफ्ना सम्धीको घरप्रति अनुकूल हुन नसकेकी शर्मिष्ठा घरमा सबैकी प्रिय छिन् । लोग्नेलाई पनि हुकुम हैन उदार व्यवहारले मुठ्ठीमा राख्न सफल शर्मिष्ठा साँच्चिकै उदार स्वभावकी छिन् । आफ्नी छोरी निर्धक्कसँग परपुरषको बाहुपाशमा बेरिई यौनको तृप्ति लिँदासम्म उनी छोरीप्रति प्रतिकुल नभै अनुकूल नै बन्दिनुले उनी अनुकूल पात्रका रूपमा देखिन्छिन् । उपन्यासकारले उनको चरित्रलाई बाहिरी वर्णनमा यसरी देखाउँछन् -

*र सबभन्दा अनौठो त के भनौं, सरदारनी बज्यै साह्रै उदार । उमेर सत्चालिस - अड्चालिसकी - दुधालु गाई जस्तो भ्यात्त परेकी । शरीरका हरेक भाग मोटा मोटा बाक्ला बाक्ला, च्याप्टा च्याप्टा, फिँजिनु फिँजियेका । भारीभरकम् छाती, हाँस्दा बेरोकटोक छल्लिने, मानौं दर्जनौं सन्तानलाई दूधले छयाल्लब्याल्ल पारेकी होलिन् जस्ती । हाँसो पनि जिउकै बान्कीको निर्धक्कसँग जति मनलाग्यो हाँसिदिने । जस्तो बेरोकटोकले फिजिएकी उनी छिन् त्यस्तै फिजिएका छन् उनका सब चीज - बानी बेहोरदेखि लगायत जिउ डालसम्म पनि । उनी बस्दा एक त शरीरले नै बढी ठाउँ ओगट्छ, झन् त्यसमाथी उनको लापरवाहीपना, फुक्का हाँसो, उज्यालो र*

*दयालु अनुहार र फरासिलो व्यवहारले त अझ बढी ठाउँ ढाकेको भान पर्ने* (पृ. १५) ।

शर्मिष्ठाको चरित्र प्रस्तुत उपन्यासका अन्य चरित्रहरूसँग पटक्कै पटक्कै मेल खाँदैन उनी जस्ती देखिन्छन् त्यस्तै छिन् । छोराछारी प्रति उदार चित्त राख्ने शमीष्ठा अर्काको छोरो दिनेशलाई पनि पुत्रवत् स्नेह र ममता बर्साउन चुक्दिनन् । उनको स्पष्टवादिताले नै उनलाई सबैको प्रिय बनाएको छ । उनको बोलीचालीबारे उपन्यासकारले यसरी बयान गरेका छन् :

*कुराकानीमा पनि शर्मिष्ठा फ्याल्फ्याल्ती छिन् । छल्ने, लुकाउने, ढाँट्ने केही छैन । उनासी सालमा उनीहरू विराटनगर जाँदा उनीहरूको आर्थिक अवस्था कति खराब थियो र कसरी त्यसताका दिनेशको बा उनीहरूलाई खर्च बर्चले मदत गर्थे इत्यादि यावत् कुरा नलुकाएर उनले खुरुखुरु भनिन् । मानौं धनी गरिब हुनु त न कुनै लाजको कुरा हो न अभिमानको नै* (पृ. १६) ।

यसरी हेर्दा शर्मिष्ठाको चरित्रले दिनेश र कुसुमको गन्तव्य तथा उपन्यासको कथानकलाई सजिल्याउने सकारात्मक देखिएकी शर्मीष्ठा यस उपन्यासकी अनुकूल तथा सत्पात्र हुन् । प्रवृत्तिका हिसाबले स्थिर देखिएकी शर्मिष्ठा आबद्धताका आधारमा बद्ध र मञ्चीय पात्र हुन् । यसरी समग्रमा भन्दा शर्मिष्ठा यस उपन्यासमा महत्त्वपूर्ण पात्रका रूपमा उपस्थित छिन् ।

**च) अन्य पात्रहरू**

यस उपन्यासमा दिनेश, कुसुम, केदार, जुनू र शर्मिष्ठा बाहेक अन्य पात्रहरूको भूमिका न्यून र कम महत्त्वको देखिन्छ । त्यसैले ती गौण पात्रका रूपमा उभिएका छन् । सर्दार सुरेन्द्रनाथ कुसुमको असल विवाहका दोषी देखिन्छन् भने कुसुमका नन्दहरू अवसर वादी र ईर्ष्यालु देखिएका छन् । सासू होम कुमारी कुसुमको असल वैवाहिक जीवन र पति पीडमा घिउ थप्ने बल चरित्रबनेकी घर्तिनी बज्यै, भुजेल, भुजेलकी स्त्री, राधा, मिठ्ठु आदि पात्रहरू आएका छन् । नेपथ्य पात्रका

रूपमा बौदी, मराणी लड्की जर्साव, दिनेशका बुबा आमा सुरेन्द्र आदि छन् । यी सबै पात्रहरू स्थिर स्वभावका छन् भूमिका ज्यादै कम भएकाले उनीहरूको चारित्रिक विशेषता त्यति देखिदैन । यी सबै पात्रहरू वर्गीय पात्र हुन् भने औपन्यासिक भूमिकाका आधारमा मुक्त र नेपथ्य पात्र हुन् ।

## ४.४ परिवेश

परिवेशको दृष्टिकोणबाट पनि **फालिएको सामान** उपन्यास उत्कृष्ट उपन्यास हो भन्ने मनग्गे आधारहरू छन् । उपन्यासको मुख्य कार्यस्थान नेपालको राजधानी काठमाडौं सहर हो । राणाकालीन समय नै यसको राजनैतिक तथा कालिक परिवेश हो । पारिवारिक पृष्ठभूमिलाई आधार बनाएर लेखिएको यस उपन्यास अभिजात वर्गको संस्कृतिको दबदबा भेटिन्छ । उपन्यासमा प्रदर्शित विभिन्न परिवेशको यसप्रकार क्रमशः अध्ययन गर्ने प्रयास गरिएको छ :-

### क) भौगोलिक परिवेश

उपन्यासको मुख्य कथावस्तु काठमाडौँको सहरी परिवेशमा घटेको छ अर्थात् उपन्यासको प्रमुख कार्यस्थल नेपालको राजधानी काठमाडौँ सहर हो । उपन्यासमा उल्लेख भएका सबै ठाउँहरू काठमाडौंका नै रहेका छन् । उपन्यासको आरम्भ मै काठमाडौँको शरद ऋतुको वर्णन यसरी आएको छ :-

*भरखर बाला फुट्न खोजेका धानका खेतको फराकिलो फाँटसम्म फैलिएको छ । नयाँ बनेका दुईचार ओटा घरहरू पनि खेतको बीच बीचमा फाट्फुट खडा छन् । निकै पर्त्तिर धानको खुला फाँट भन्दा पनि पर एक छेउदेखि अर्को छेउसम्म बैंशका एकनासका वृक्षहरू पङ्तिबद्ध उभिएका देखिन्छन् । धानको फाँटको हरियो नीलो पारि गाँसेजस्तै । त्यसका लहरा जस्ता नुहेका हाँगाहरू बिरहले रोये झैं लाग्छ । त्यो भन्दा पर्त्तिर नदी बगेको छ बाग्मती । रुखका अन्तरकुन्तरबाट नदीको पानी टिलिक्पिलिक् गर्दै चल्मलायेको देखिन्छ – अस्ताउने घामसँगै खेलेजस्तै । त्यो*

*भन्दा अरू टाढा जमीनबाट एकाएक फुत्त निस्किये झैँ लाग्ने निकै ऊँचा ठाउँमा अग्ला अग्ला उचाट् लाग्दो पर्खालले घरेको जेल छ, जसको रवाफिलो आतंकले चारैतिर आधिपात्य जमायेझैँ लाग्छ – त्यसपछि शुरु हुन्छ काठमाण्डु शहर । टाइल र झिँगटीका छानाका काइ लागेका चुच्चा चुच्ची मात्र यहाँबाट देखिन्छन् (पृ. ३)*।

पूर्वरीतिका रूपमा विराटनगरको ग्रामीण परिवेश पनि आएको छ भने उपन्यासका नायका दिनेशकुमार उपाध्याय अध्ययन गर्न गएको भारतको बनारस पनि भौगोलिक रूपमा चित्रित छ ।

### ख) पारिवारिक परिवेश

***फालिएको सामान*** उपन्यास पारिवारिक पृष्ठभूमिमा संरचित उपन्यास हो । यसमा मुख्यतया दुई परिवारबीचको कुथुङ्ग्री नै घटनाचक्रमा आएको छ - सरदार पुरेन्द्रनाथ अधिकारीको परिवार र राणाहरूको पुरोहित रामराज आचार्यको परिवार । यी दुई परिवारबीचमा पुरेन्द्रनाथको अलि टाढाको साइनो पर्ने फुपूको छोरा दिनेशको प्रवेशले पारिवारिक पृष्ठभूमिलाई अझ खिरिलो र कसिलो बनाएको छ र दिनेश पनि पुरेन्द्रनाथको परिवारको एउटा सदस्यकै रूपमा विकसित भएको देखिन्छ ।

### ग) सामाजिक/सांस्कृतिक परिवेश

सामाजिक विषयवस्तुमा लेखिएको **फालिएको सामान** उपन्यासभित्र निम्न मध्यम वर्गीय र उच्च मध्यम वर्गीय पात्रहरू समावेश गरिएको देखिन्छ । उपन्यासमा उच्च मध्यम वर्गीय समाजमा हुर्किएको विकृतिहरूलाई पनि परिवेशको रूपमा झल्काएको देखिन्छ । उपन्यासको घटनाको जुन तारतम्य छ त्यसका लागि स्थान र संस्कारको निकै ठूलो भूमिका रहन्छ । यस उपन्यासमा पनि तात्कालीन राणाशासनको प्रतिबिम्बलाई उतार्ने प्रयास गरिएको छ । त्यतिबेलाको राणाशासनको प्रतिबिम्ब उतार्ने एक अंश यसप्रकार रहेको छ :

*यहाँ त यस्तो लाग्छ कि सबैको एउटै आधार छ – सिंहदरबार, सबैको एउटै मालिक छ – सिंहदरबार, सबैको भूत छ– सिंहदरबार, यहाँ जो सँग कुरा गरे पनि*

*– फलाना जर्साब यस्तो, फलाना लाठसाब यस्तो, जहाँ पनि राणा, राणा कतै गफ गरेको सुनियो भने बाब्बैजी, कति विद्या अटाको लैनचौरको जर्साबको मगजमा, लाइब्रेरी ? संसारमा कतै पनि त्यत्रो लाइब्रेरी छैन, जर्साबको बगैंचा हेरेर बेलायतका बादशाहले आफ्नो दरबारको बगैंचा बनाएको रे, ............ एउटै बगैंचामा एकै पटक हरेक ऋतु देख्न पाइने । र फेरी कति विवेकी नी, बस्नलाई कुर्सी बक्सन्छ । पोशाक पनि कति सादा, तिमी हामीले नै लगाये जस्तो । दरबारमा राज हुँदा आफ्नै देशमा बनेको घर बुनाको भोटा सुराल पैसिस्सिन्छ, र एउटा मामुली खास्टो । बाहिर मोटरमा सवारीको बखत, यस्तो चिन्हे जस्तो मान्छे देखिस्यो भने नजर गरिस्सिन्छ, कस्तो मर्म बुझेको त !* (पृ. ११) **।**

यी यस्ता प्रसङ्गले यस उपन्यासको तात्कालीन परिवेश राणाकाल थियो भन्ने कुरा छर्लङ्ग छ । उपन्यासमा जरसाहब, लाठसाहब, करसाहब, महाराज आदि शब्दहरूको प्रयोगले पनि राणाकालीन परिवेशलाई पुस्ट्याइँ गर्दछ । ठूल्ठूला खानदानको धाक लगाउनु, खानदान र सम्पत्ति बाहेक अर्को कुनै कुरा नहेर्नु त्यतिबेलाका संस्कार हुन् । त्यो जमानामा पनि गाडी चढेर हिँड्ने रामराज आचार्य र पुरेन्द्रनाथ अधिकारी उच्च मध्यम वर्गका पात्र हुन् । पुरेन्द्रनाथले गर्ने गरेको चाकरी र अभिलाषा राख्ने गरेको बक्सिसबाट चाकरीतन्त्रलाई झल्काइएको छ । अभिजात वर्गको हिन्दू धार्मिक संस्कृतिले उपन्यासलाई निकै गाँजेको देखिन्छ । आफ्नो जात मिल्दो केटासँग मात्र विवाह गर्नु, दशैं तिहारको चर्चा गरिनु, हिन्दू धर्म परम्पराअनुसार कुसुमको छोराको जन्मसंस्कार र उसको पतिको मृत्युसंस्कार गरिनु आदि अभिजात वर्गीय हिन्दूसंस्कार हुन् ।

उपन्यासमा मामुली वा साधारण जनताको रहनसहनलाई पनि समेट्ने प्रयास गरिएको देखिन्छ । उनीहरूको दुर्दशालाई उपन्यासकारले यसरी समेटेका छन्:

*काठमाण्डूको भित्री शहरको फोहोर, मैला र दुर्गन्धसँग कहिल्यै परिचित नभएको दिनेश त त्यो चोकको घीनलाग्दो भयानकता देखेर एक छिन त घबडायो पनि । वरिपरिका सबै घरहरूको रछान नै रहेछ त्यो चोक, झ्यालबाट कसिंगर, कोपरा इत्यादि फाल्ने ठाउँ नै त्यहीँ । हरेक घरका बुइँगलका भान्साको रछान त्यही*

*चोकमा झर्ने – चार तल्ला माथिका खुला डुँडहरूबाट रछानको कालो लत्को चोकमा भरिभराउ भएको लदबद गर्ने दहमा ठूलो आवाजका साथ झर्ने । केटाकेटीको चर्पी पनि त्यही चोक – चोक वरिरिको उँचा पेटीमा बसेर दिसा गरिदियो, भैगो । त्यस्तो फोहोरमा पनि मानिस बस्लान् भनेर दिनेशले कल्पना पनि गर्न सकेको थिएन । चोक वरिपरिको पेटीमा चाहिँ टेक्नसम्म हुने, त्यो पनि गोडालाई सम्हालेर । र गन्हायेर बसिनसक्नु । एक छिन् त उ अवाक् भयो । ... कसरी बस्दा हुन् यहाँ मानिस - यो नर्कमा ? यदि उस्को पछाडि त्यति ठूलो उद्देश्य नहुँदो हो त ऊ लगतै फर्किने थियो । यो नर्क कुण्डमा भुजेल पहलमानलाई खोज्दै कदापि आउने थिएन ।      (पृ. १५६)*

उपन्यासमा राणा दरबारको दबदबा, हैकम र नियन्त्रण पनि स्पष्ट चित्रण छ । त्यतिबेलाको राणाहरूको चाकरीबाट गुजारा चलाउने चाकरी बाजहरू र तिनैको फूर्ति आदि चित्रणले त्यतिबेलाको काठमाडौँको परिवेश स्पष्ट झल्किन्छ । यसका साथै दिनेशको पूर्वदीप्ती स्मरणका रूपमा विराटनगरको ग्रामीण परिवेश पनि आएको छ तर त्यसको प्रभाव नगण्य छ । प्रायशः काठमाडौँ कै सेरोफेरोमा रचिएको यो उपन्यासले त्यतिबेलाको साँस्कृतिक परिवेश, धार्मिक रुढी, सामाजिक थिचोमिचो आदि सबैलाई छायाङ्कित गरेको छ । कुसुमको जीवन चरित्रको दुर्दशा र दिनेशको रोमान्समा घुमेको यस उपन्यासले त्यतिबेलाको छोरीचेलीहरूमा अभिजात्य संस्कारले लादेको खोक्रो आडम्बरलाई उचाल्न यो परिवेश निकै सुहाउँदिलो भएर आएको छ ।[५]

## घ) मनोवैज्ञानिक परिवेश

**फालिएको सामान** उपन्यासमा नायिका कुसुमको यौन अतृप्ति वा कामक्षुधा, कुण्ठा र प्रतिशोधलाई मनोवैज्ञानिक ढङ्गमा प्रस्तुत गरिएको छ । यसमा जुनू, कुसुम र दिनेशको त्रिकोणात्मक रूपमा आन्तरिक मनोजगत्को चित्र उतार्ने प्रयास गरिएको देखिन्छ । कुसुम आफ्ना पिताले खानदानी रवाफ देखाउन अभिमानपूर्वक

[५] दधिराज सुवेदी, *कथा एवं उपन्यास शिल्पी तारिणी कोइराला,* **चान्द्रमसी,** पूर्ववत्, पृ. ३९ ।

जुराइदिएको लठेब्रो, नपुंसक, जँड्याहा, रन्डीवाज पतिसँग खुशी नभएको, उसले सन्तान प्राप्तिका लागि दिनेशसँग पटकपटक सहवास गरेको, आफ्नै पतिको हत्या गरेको र त्यसपछि विक्षिप्त अवस्थामा पुगेको घटनाक्रमले उपन्यासकार कुसुमको मनोजगत्को चित्रणमा सफल भएका छन्  भने जुनूले दिनेशलाई माया गर्ने गरेको र दिदीको खुशीका लागि दिनेशलाई सदाको लागि घर छोडेर जान गरेको आग्रह नै जुनूको मनोवैज्ञानिक परिवेशको तस्वीर हो । प्रमुख पात्र दिनेश जुनूलाई औधि मन पराउँछ तर कुसुमसँग सहवास गर्छ र कुसुमलाई प्रेम पनि गर्छ । ऊ जहिलेसुकै दोधारमा बाँच्नु परेको अवस्था छ । अन्ततोगत्वा उसले कसैलाई पनि आफ्नो बनाउन नपाई उपन्यासको कथावस्तुको मेलो तुरिएकोले दिनेशभित्र समेटिएको मनोविज्ञान अष्पष्ट, धमिलो अनि गम्भीर प्रकृतिको देखिन्छ ।

यसरी उपन्यासमा काठमाडौँ दरबारिया वातावरण, सम्भ्रान्त वातावरण, बाहुने संस्कृति र साधारण जनताको घर गल्लीको वातावरणहरूलाई उपन्यासकारले सकेसम्म देखाउने प्रयास गरेका छन् । यस उपन्यासमा वातावरण कारुणिका रहेको छ । कुसुमको वैवाहिक जीवनमा देखिएका अप्ठ्यारा र दिनेशको बहिर्गमन औपन्यासिक पात्रका लागि मात्र होइन पाठकका लागि पनि करुणाप्रद छ । अन्त्यमा कुसुमको प्रार्थना र जुनूको आँसुले पाठकलाई मार्मिक बनाइदिन्छ । अतः यस उपन्यासले पाठकको मनमा जीवनप्रतिको नैराश्यतालाई पुष्टि गर्ने वातावरण सिर्जना गरिदिएको छ ।[६]

समग्रमा मानसिक द्वन्द्व यौन असन्तुष्टि, प्रेम र वासनाको द्वन्द्व, ताडना आदिको पल्लो किनारामा टुङ्गिँदा उपन्यासको वातावरण अत्यन्त निरर्थक र दुःखद लाग्छ । यसरी उपन्यासकारले साँस्कृतिक, मानसिक र स्वतन्त्रताको द्वन्द्वका निम्ति जुन परिवेशको सिर्जना गरे त्यो अत्यन्त सफल देखिन्छ ।

## ४.५ भाषा शैली

प्रस्तुत **फालिएको सामान** उपन्यासमा वर्णनात्मक तथा चित्रात्मक शैलीले उपन्यासलाई रोचक र प्रभावकारी बनाएको छ । उपन्यासका हिन्दी प्रवाहित शब्दहरू र

---

[६] टिका बस्नेत, *तारिणीका उपन्यासको सन्दर्भ,* **गरिमा,** पूर्ववत्, पृ. ४४ ।

वाक्यहरूको विन्यास अनि वर्ण विन्यासकै दृष्टिले पनि मानक व्याकरणको आधारभन्दा पनि उपन्यासकारको शैक्षिक प्रभावको झल्को मिल्छ । उपन्यासको शुरुशुरु शैली र अभिव्यक्तिको ढाँचाले उत्तरार्द्धतिर भिन्नताको आभाष दिन्छ । पात्रको मानसिक द्वन्द्वका सूक्ष्मभन्दा सूक्ष्म तन्तुहरूलाई चित्रित गर्ने क्रममा कतै अभिव्यक्ति खलबलिन पनि पुगेको अनुभव हुन्छ । तर पनि वर्णनको प्रवाह तथा चित्रणका बिम्बहरू कृत्रिम नभई सजीव र सहज बन्न पुगेको देखिन्छन् । उपन्यासकार हिन्दी भाषाबाट बढी प्रभावित भएर नेपाली भाषालाई निजत्वमा ढाल्न नसकेको कुरा उपन्यासमा अनुभव गर्न सकिन्छ ।

उपन्यासकारले उपन्यासमा उच्च वर्गीय परिवारभित्रको भाषाशैली पनि उच्च र कृत्रिम वर्गीय परिवारभित्रको भाषाशैली पनि उच्च र कृत्रिम नभई अशिक्षित तथा ग्रामीण समाजले व्यवहारममा प्रयोग गर्ने खालको जीवन्त र सहज भाषाको प्रयोग गरिदिएको हुनाले पात्रहरूका मानसिक जटिलताहरूको उद्घाटन पनि पाठकहरूले सहजैसँग ठम्याउन सक्छन् झैं अनुभव हुन्छ ।[७]

उपन्यासमा प्रयोग भएका विभिन्न किसिमका भाषिक रूपरचनालाई वर्गीकरण गरी यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

### क) अनुकरणात्मक शब्द

उपन्यासकारले प्रशस्त अनुकरणात्म शब्दको पनि प्रयोग गरेका छन् । कतिपय अनुकरणात्मक शब्दहरूमा पनि हलन्तको प्रयोग गरिएकोले वर्णविन्यासगत त्रुटि हुन गएको छ, जसको नमुना यसप्रकार पेस गरिएको छ :

टिलिक्पिलिक् (पृ : ३), चिरीबिरी (पृ : ४), गुजमुज (पृ : ४), च्वःच्वः (पृ : १९), लुखुलुखर (पृ : १९), छ्यालब्याल् (पृ : १९), ग्यालग्याल्ती (पृ : १९), छुकछुक (पृ : २९), भक्भकी (पृ : ३१), ड्वाँड्वाँ (पृ : ३३), सिलिङ्बिलिङ् (पृ : ५०), झिलिक्क (पृ : २००), क्वारक्वार्ती (पृ : २५०) ।

### ख) अश्लीलता

यस उपन्यासमा वैंशालु युवक तथा युवतीहरूको सोझो र स्पष्ट प्रक्रियालाई अवलम्बन गरेको हुँदा कसैले अश्लीलताको गन्ध पनि फेला पार्न सक्तछ वा उसको

[७] नरेन्द्र चापागाई, *फालिएको सामान : परिचयात्मक अवलोकन,* **चान्द्रमसी,** पूर्ववत्, पृ. ४३ ।

मनस्थितिअनुसार त्यस्तो अनुभव पनि गर्न सक्तछ तर उपन्यासकारले एकातिर सामाजिक यथार्थलाई र मनोयथार्थलाई जस्ताको तस्तै उपस्थिति गराउने क्रममा त्यसो नगरी नहुने अवस्था थियो । मनोविज्ञानलाई दर्साउँदै त्यसलाई आफ्नै सामाजिक तथा सांस्कृतिक सापेक्षतामा चित्रित गर्नुपर्दा पनि उपन्यासकारले कतैकतै सोझै शब्दहरू, प्रसङ्गहरू र क्रियाकलापहरू अगाडि राख्नुपर्ने परिस्थिति देखिएकोले यस उपन्यासमा कतिपय प्रसङ्गलाई कुनै न कुनै ठाउँमा पाठकहरूले अश्लीलताको आभाषले ढाकिएको अनुभव गर्ने छन् । मानवीय नैसर्गिकतालाई स्पष्ट रूपमा उतार्नु पर्दा उपन्यासकारले कृत्रिम शिष्टतालाई भन्दा सहज यथार्थलाई अगाडि ल्याउने सन्दर्भमा यतिको खुल्लापनलाई सहजताका रूपमा लिनुपर्ने देखिन्छ । सामाजिक यथार्थ समेट्ने तर अश्लीलताको गन्ध पाइने उपन्यासमा व्यक्त केही उदाहरणहरूमध्ये पुरेन्द्रनाथको घरमा काम गर्ने नोकर्नी केटीको बयान उपन्यासकारले यसरी गरेका छन् :

*...नोकर्नी केटी तरुनी छे । सावँला रंगकी बलिई-बाङ्गी । डोलो-डोलो गठिलो गठिलो शरीर, अलि होचो काँटकी, उत्ताउलो, चटपटे र बंग्या खालकी होली जस्ती । छातीलाई निर्धक्कसँग फर्कायेर हिँड्छे । एकदम कसियेका छाती छन्–हानिहाल्लान् नै जस्ता । 'सक्छौ भने लौ छोऊ त' भनी हाँकदिये जस्तो गरी छाती तन्काएर हिँड्छे । ..... (पृ. )*

आफू गर्भधारण गराउन नसक्ने अनि कुसुमलाई उल्टै बाँझीको आरोप लगाउँदा शर्मिष्ठाले व्यक्त गरेको मनोभावनामा पनि अश्लीलताको तर सुहाँउदो गन्ध पाउन सकिन्छ :

*... ज्वाइँ पनि साह्रै पानीमरुआ;– आफ्नो बिऊ रोप्न सक्नुचाहिँ छैन, उल्टै मेरी छोरीलाई बाँझी रे । सके छोरीको चित्तसम्म पनि बुझाउन सक्दैनन् कि, के ठेगान ! रण्डीको फलानोथोक् सुँघीसुँघी हिँडे पछि ··· !... (पृ. २९)*

कुसुमका नन्दहरूको उमेर नपुगी विवाह गरेर बच्चा जन्माउँदा उनीहरू असमायिक बूढी देखिएका छन् । उपन्यासमा उनीहरूको वर्णन यसरी गरिएको छ :

*... काखमा एकुन्टा छाउरो च्यापेका छन्, एकापट्टीका तुना खोलेका चोलोबाट अलपत्रसँग झोलिएको लाम्टोलाई काखमा झुन्डिएको सिङाने बालख चुस्दै छ । ...(पृ : ४२)*

आफू महिनावारी हुँदाको बखतमा समेत यौनक्रियामा लिप्त हुने आफ्नो लोग्नेको घीनलाग्दो बानीलाई कुसुमले आफ्नी आमा समक्ष यसरी वर्णन गरेकी छन् जहाँ पाठकले अश्लीलताको गन्ध महसुस गर्छन् :

*... त्यत्तिमात्रै काँ र आमा;– छिः त्यो मोरो कुक्कुरजस्तै चार हात–खुट्टा टेकेर चाट्छ । छ्या छ्या – घीन पनि नलाग्या मुर्दालाई । ... (पृ : ७२)*

आफ्नो नसुहाउँदो शरीर भएको लोग्ने पर्खाल माथि चढ्दा देखेका दृश्यहरूलाई कुसुमका तर्फबाट उपन्यासकारले यसरी व्यक्त गरेका छन् जुन उपन्यासमा प्रसङ्ग मिल्ने गरी समावेश गरिएको भए पनि सामान्यतया अश्लील नै मानिन्छ :

*... उस्ले लगाएको धोतीभित्र अजंगको घोर्ले तिघ्रा मूढोजस्तो देखियो–काछ सम्म । काछनिर चाउरी परेको एउटा कालो डल्लो लत्रङ्ग झुन्डिएको पनि उनले देखिन् । घीनले उनको मन डगमगायो ।... (पृ : २१६)*

**ग) आगन्तुक शब्द**

उपन्यासकार कोइरालाको जन्म र शिक्षादीक्षा सबै भारतको बनारसमा भएकोले उनको लेखाइमा हिन्दी भाषाको प्रभाव रहनु कुनै नौलो कुरो हुन सक्दैन । यस उपन्यासमा पनि प्रशस्त हिन्दी भाषा र यससँग सम्बन्धित वर्णविन्यासको हस्तक्षेप भेट्न सकिन्छ । हिन्दी पछि बढी मात्रामा अँग्रेजी भाषाको प्रभाव देखिन्छ भने यसबाहेक मराठी र मैथिल भाषाका शब्दहरू पनि फाट्टफुट्ट आएका छन । यस उपन्यासमा प्रयोग भएका केही आगन्तुक शब्दहरू लाई नमूनाका रूपमा यसप्रकार लिन सकिन्छ :

**अ) हिन्दी शब्दहरू**

पामर *(पृ : ९), अड्तालीस (पृ : १५), एग्यार (पृ : १७), वाफ रे (पृ : ५०), लड्की (पृ : ५३), गाछ, (पृ : ५४), प्यार (पृ : ७९), आहिस्ता (पृ : १२६), गलती (पृ : २३१), अमानुषिक (पृ : १६०), दिलचस्पी (पृ : २१४) अल्गी (पृ : २८) ।*

**आ) अङ्ग्रेजी शब्दहरू**

*ड्यास्टर्ड(पृ : ९), ग्रयाजुयट, युनिवर्सिटी, डिभिजन, होपलेस(पृ : १०), थर्ड डिभिजिन, डिस्टिङ्गशन इन निल, लाइब्रेरी, स्काउण्ड्रल(पृ : ११), ड्याशिङ्ग प्यान्थर(पृ : १३), सिलिकट जर्जेट(पृ : १४), काँलेज, क्लास (पृ : ३३), क्याण्टोन्मेन्ट, असिष्टेण्ट( पृ : ५३), मलेरिया(पृ : ६०), लभ(पृ : ७९), सब्जेक्ट(पृ : १०९), नो माइ डार्लिङ्ग नो- लभ ? नो । (पृ : १५२) ।*

**इ) मराठी भाषाका शब्दहरू :**

*भय काराबार किच्छु नायँ आमी सब ठिक करदेबो (पृ : ५४)*

**ई) मैथिल भाषाका शब्दहरू**

*कलिया, सिधिया(पृ : ५४), पर्वतीया(पृ : ५४), इ क्येना घुर-घुर ताकैछे ई देनास्या ज्येना बाघ । (पृ : ५४)*

**घ) आर्थी विचलन**

उपन्यासमा केही आर्थी विचलनका शब्द, पदावली तथा वाक्य गठनहरू पनि प्रयोग भएको छन् । उदाहरणका लागि केही यहाँ प्रस्तुत गरिएको छ :

लाम्चिला*(पृ : २८), उनले नथाहा पायेको (पृ : २९), सके रुकी पो हाल्छ(पृ : ३३), शर्मिष्ठाका आँखा फेरि डब्डबाये । (पृ : ९० ), मिठ्ठु डरले सक्पकायो । (पृ : १०३), साडी ढिला गर्न भनिन् । (पृ : १३९), आँखीभुइँलाई स्पष्ट पार्न नथाहा पाइने गरी गाजल लगायेर कालो पार्थिन् । गरीप भयेर के; ! हाम्रै भिनाजुहरू नै कुनचाइँ नगरीप् छन् नी !(पृ : १९७), कुरागरिस्सिँदा पनि नमनपराइस्से जस्तो* (पृ.१०७)

**ङ) चित्र भाषा**

चित्रभाषा भन्नाले शब्दले नै बनाएको चित्रलाई बुझाउँछ । साहित्यमा कुनै परिवेश, घटना वा अवस्थाको बयान यसरी गरिएको हुन्छ कि जुन पढ्दापढ्दै पाठक पढिरहेको छ कि चित्र हेरिरहेका छ पत्तो पाउँदैन । शब्दद्वारा बनाइएको चित्र नै चित्रभाषा हो । जुन पढिरहँदा उसले स्थूल वस्तुसँगै भएको अनुभव गरोस् । भाषाको

प्रयोगले पाठकको मष्तिष्कमा तयार हुने यथार्थको नजिक भएको तस्वीरहरू तयार गर्नु नै चित्रभाषाको शक्ति हो । प्रस्तुत उपन्यासमा पनि चित्रभाषाको प्रयोग पाइन्छ । उदाहरणको लागि :

*... पुरेन्द्रनाथलाई धोती ओढेर भान्साको सबभन्दा माथिल्लो चौकामा धुम्धुम्ती बसेको देख्नासाथ उस्लाइ अलि पछि आयेको भये हुने थियो जस्तो लाग्यो । भान्सा ठूलो थियो । ठुल्ठुलो पावरका दुइटा बिजुली बलेका भए पनि चिममा धूआँको कालो लागेकाले त्यति विग्न उज्यालो थियेन । शर्मिष्ठादेवी चुलो नजिकै पुगेर बज्यैलाई पस्कन मदत गरिरहेकी थिइन् । उनको उपस्थितिले भने दिनेश केही होलो भयो । मिठ्ठु चाहिँ आफ्नो बा बसेको सामुन्नेको चौकामा धोती फेरिवरि सानो बाहुन बनेर पीरामा टुक्रुक्क बसेको थियो । ...*

अर्को प्रसङ्गमा कुसुमले आफ्ना नन्दहरूको बखान यसरी गरेका छन् जहाँ चित्रभाषाको प्रयोग भएको छ :

*यी नन्दहरूलाई देख्दा जहिले पनि कुसुमको आँखा अगाडि हाडछाला मात्र बाँकी भएको त्यस्ती मरञ्च्यासें सुत्केरी कुकुर्नीको तस्वीर नाच्न लाग्दछ जसको अनगिन्ती छाउराहरूले चुस्दा-चुस्दा रित्तियेर तन्द्रङ्ङ झोल्लिएका चाउरी परेका दुधका लाम्टा ल्याफ्र्याक्-ल्याफ्र्याक् हल्लाउँदै लाम्टामा झुण्डियेका छाउराहरूबाट वाक्क भइ सकी न सकी भाग्दै छे– केही छाउराचाहिँ उस्का पछिपछि दगुर्दै पछ्याइरहेका छन्, कुनैचाहिँ लाम्टामा झुण्डियेर लछारिँदै छन् र कुनै चाहिँ गोडामा अल्झिएर लत्याइँदै छन् ।...(पृ : १३४)*

यसैगरी आफ्ना ज्वाइँ केदारराजको मृत्युको खबर सुनेपछि शोकमग्न पुरेन्द्रनाथको परिवारको दृश्यलाई उपन्यासकारले यसरी शब्दचित्र खिचेका छन् :

*... जिउलाई अलपत्र फालेर गलैंचामा बसेकी थिइन् शर्मिष्ठादेवी । लदबदायेको फराकिलो र भारी छातीमा मुड्कीले हिर्काउँदै अलाप-विलाप गरिरहेकी थिइन् । आफ्नो अगाडि लम्पसार गोडा फालेर फ्यात्त बसेकी, घुँडासम्म धोती सरेकोले बाक्ला गोरा पिंडुला देखियेका–पिंडुलाका साँप्रा बोसोले नथाहापाइँदो गरी चाउरी परेजस्ता । लगायेको लुगाको पनि ठेगान नभयेको, जम्मै सप्को काखमा*

*थुप्रियेको । आँखाबाट आसुको बलिन्द्र धारा झरिरहेका थिये र रोयेकाले अनुहार रातो भयेको थियो । सर्दार पुरेन्द्रनाथ पनि भर्खर बाहिरबाट आयेका रहेछन् र पलंगमा लुगा खोल्दाखोल्दै स्तब्ध भयेका । भात खान भनी लुगा फेर्न लागेका रहेछन् । एउटा गोडाबाट सुरुवाल खोलिसकेर अर्को खोल्न लाग्दा हब्बे न कब्बे भयेर जस्ताको तस्तै टोलायेर रुकेका – राधा पनि कोठामै थिई । ढोकाकै छेउमा भक्कानो छाडेर रोइरहकी । ... (पृ : २१९)*

**च) उखानटुक्काको प्रयोग**

यस उपन्यासमा उखानटुक्काको प्रयोग नै छैन भन्न त मिल्दैन तर २६८ पृष्ठ लामो उपन्यासमा प्रयोग भएको उखानटुक्काको अवस्था हेर्दा नगण्य मान्न सकिन्छ । उपन्यासभित्र मुश्किलले आधा दर्जनजति उखानटुक्काको प्रयोग भएको छ । ती पनि सग्ला उखानहरू छैनन् मात्र सूत्रात्मक अभिव्यक्तिका रूपमा जसोतसो भएको छन् । जस्तै : *नुन खाको कुखुराजस्तो(पृ : २९), घिउ काँ पोखियो भागमा( पृ. २1)* आदि ।

**छ) मनोवादीय भाषाको प्रयोग**

उपन्यासको विभिन्न पाात्रहरू आ-आफ्नै मनोदशाले पीडित छन् । विभिन्न अवस्था, ठाउँ र परिवेशमा उनीहरू आफ्नै तालमा एकोहोरो बर्बराएका छन् । पात्रहरूको यस किसिमको एकालाप नै मनोबादीय भाषा हो । उपन्यासमा शर्मिष्ठाले आफ्ना घरमा पालेका मास्टर दिनेशको बारेमा यसरी मनोवाद गरेकी देखाइएको छ :

*... खै अचेल दिनेश बाबूको पनि राम्रो हेरविचार भयेको छैन । उ भने दुब्लायेर सिठ्ठी भैसके । जुनूले आफ्नो मास्टरलाई हेरिहाल्लिनी भनेर उसैको जिम्मा दियेको त भो ! चिया, चिया, चिया, चियाले पनि कहीँ जिउ लाग्छ ? यस्सो दुई मुठी पिठो भुटेर कहिले मनभोग बनाइ दिनू– कहिले ढकने नै बनाइ दिये नि दुध हुन्छ नी जत्ति पनि दुध छँदै छ क्यार है घर्मा । यस्सो बाक्लो दुधै भय पनि–*

*नत्र भये रामभण्डार त्यै पुल पारि त छ नि । त्यै राधा भनाउँदीलाई दग्राये पनि त खुर्रर भइहाल्छ क्यारे । के भन्नु यो जुनेलाई । आः है, जे पनि आफैँले नहेरी नहुने, कस्तो हो त ए ! ...(पृ.६९)*

आफ्नी छोरी कुसुम गर्भवती हुन नसक्दा घर पक्षकाले बाँझी आरोप लगाउँदा शर्मिष्ठा चिन्तित थिइन् । ज्वाइँनारन केदारराजबाट असम्भव भएपछि कुसुमले दिनेशसँग सहवास गरी गर्भधारण गरिन् । दिनेश र कुसुमको सम्बन्ध शर्मिष्ठालाई पनि थाहा थियो तर उनले थाहा नपाएझैं गरेकी थिइन् । एकाएक कुसुममा गर्भधारणको लक्षण देखा परेपछि फुरुङ भएकी शर्मिष्ठाको मनमा विभिन्न कुराहरू खेलेका छन् :

*... ल हेर् मेरी छोरीको लद्बद गर्ने पाठेघर ! आँखा च्यातेर हेर् ! कस्ले भन्यो बाँझी ? कस्ले भन्यो निकोखा ? ब..ड आयेका छन् मेरो कोखलाई बात लाउन । आफ्नै छोरोलाई हेर पहिले कति नामर्द छ । कस्तो धोजभंग्या छ । शहर भरिको बाखीको पुच्छर सुँग्दै हिँड्ने नपुंसक । ई.... हेर मर्द भनेको यस्तो हुन्छ । मास्टर जस्तो ... मेरो दिनेशबाबू जस्तो । ...(पृ. १२८)*

कुसुमकी सासू होमकुमारी खरो स्वभावकी छे । ऊ कुसुमलाई त्यति माया गर्दिन र तिखो बचनवाण पनि प्रहार गर्छे । तर पनि बुहारीको राम्रो बानीव्यवहारको भने मनमनै तारिफ गर्छे र कुसुमको सौन्दर्यप्रति यसरी मनोवादीय शैलीमा आहारिस गर्न पुग्छे :

*... यस कुरामा चाहिँ बरु बुहारी नै असल छे । अरूको बुहारी घरमा टिप्टाप गर्दै माइती पोस्या नसुन्या हो र ! यै यौटा कुरामा चाइँ ठुल्दुल्हैलाई दोष लाउन सकिन्न । तर के गर्नु मोरीको मुख कस्तो नि छुरा जस्तै । चोथाले मोरी मर्न पनि नसक्या....। तर ह.. अैले चाइँ नमरोस् । पेटमा नाति पोसेकी छे । यौटा नाति जन्मेपछि बरु किरै परोस् त्यस्को च्यात्तेका ठाँडोमा । कसरी छाती पल्टाउँदै हिँड्छे ए ! यस्सो छोपेर हिँड्नु नि–छैन । सप्कोबाट पनि टुन्नटुन्न देखाउँदै हिँड्छे, नकच्चरी । वाँ बिहा नभयेकी कुमारी-कन्ने मञ्जरीको पनि त्यस्ता हान्लान् जस्ता छैनन् क्या ! त्यो बुहारी भनाउँदीको चाइँ त्यसै हान्लान् जस्ता छिः ! राम्री छु भन्दैमा*

*त्यस्तो बिग्न गम्किनु त हुन्न नि– र फेरि त्यस्तो बिग्न आ हा हा गर्ने राम्रो पनि त छैन । बरु मंजरी नै धेरै राम्री काँ हो काँ । ...(पृ.१४६)*

**ज) वर्णविन्यासको अप्रचलन**

उपन्यासमा विभिन्न ठाउँमा वर्णविन्यासको अप्रचलन भएको पनि पाइन्छ । लेखकको जन्म तथा शिक्षादीक्षा भारतमा भएकाले उनको लेखनमा स्वाभाविक रूपमा हिन्दी भाषाको प्रभाव रहेको देखिन्छ । प्रत्येक पृष्ठमा दर्जनभन्दा बढी वर्णविन्यासगत त्रुटीहरू भेट्न सकिन्छ । हालको व्याकरणअनुसार उपन्यासमा प्रशस्त भाषागत त्रुटीहरू छन् भन्दा डराउनु पर्ने अवस्था छैन । यहाँ पाइएका वर्णविन्यासको अपचलनलाई तिनीहरूको स्वभाव र प्रकृतिअनुसार निम्नानुसार अध्ययन गरिन्छ :

**अ) अनुकरणात्मक शब्दमा हलन्त**

चकचक् (पृ.४), सिलिङ्बिलिङ् (पृ.५०), भक्भकी (पृ.३१), टिलिक्पिलिक् (पृ.३) आदि ।

**आ) अव्यय शब्दहरू दीर्घ**

चाहीँ (पृ.८), कुन्नी (पृ.४१), राती (पृ.५३), पर्सी (पृ.७४), भोली (पृ.६३), नी (पृ.१४) आदि ।

**इ) सर्वनाम शब्दहरूको अप्रचलित प्रयोग**

उस्लाई (पृ.१४), उनि (पृ.२१), इनै (पृ.२८), ई (पृ.६४), त्यै (पृ.३२), तिम्ले (पृ.११५), याँ (पृ.२१), वाँ (पृ.२२), काँ (पृ.२२) आदि ।

**ई) 'व' को सट्टा 'अ' को प्रयोग**

लठुआ (पृ.१४), चितुआ (पृ.१३), चुआउने (पृ.२७), पानीपरुआ (पृ.२९), जुआ (पृ.१५१), रुआवासी (पृ.२१९), बालुआ (पृ.१२७),आदि ।

**उ) हिन्दी भाषाको प्रयोग**

पलेथी (पृ.१७), पन्द्रह (पृ.१७), सोरह (पृ.१७), सत्रह (पृ.१७), सिमरिक (पृ.८४), स (पृ.८४), काठमाण्डु (पृ.८२), उपजाउने (पृ.१०), बाँटी बाँटी (पृ.२२), कौनै (पृ.३१) अदपकासाथ (पृ.१०६) आदि ।

**ऊ) 'ए' को सट्टामा 'ये' को प्रयोग**

धोये (पृ.१३७), बेचिदियेका (पृ.३०), थिये (पृ.४६), त्यागियेको (पृ.५४), रायेको (पृ.७१), समायेकी (पृ.८९), भये (पृ.१०६), लुकायेर (पृ.११४), हल्लायेका ( पृ.१२७), तन्कियेको (पृ.१६२), सकियेको (पृ.१९१), गन्हायेजस्तो (पृ.१०८), भोकायेको (पृ.२२९), उभियेपछि (पृ.२६५) आदि ।

**ए) शिरबिन्दुको अपचलन**

व्यंगपूर्ण (पृ.४१), संझाउन (पृ.४४), विद्यालंकार (पृ.५०), श्रृंखला (पृ.५३), घ्विंचो (पृ.५६), लांछना (पृ.६७), कलंक (पृ.७२), स्विंको (पृ.११८) आदि ।

**ऐ) अप्रचलित रूपमा 'त्र' को प्रयोग गरिनु**

मैत्रा (पृ.६), रात्रीसाप (पृ.५७), आदि ।

**ओ) व्याकरणिक चिह्नहरूको दुरूपयोग**

उपन्यासमा विभिन्न चिह्नहरूको जथाभावी प्रयोग गरिएको पाउन सकिन्छ । विश्मय चिह्न, प्रश्न सूचक चिह्नहरू,अल्पविराम चिह्नहरू उपयुक्त नहुने ठाउँमा समेत प्रयोग भएका छन् । साथै अनावश्यक रूपमा थोप्लाथोप्ली र तेर्सा धर्काहरूले उपन्यासलाई भद्दा बनाएको छ । उदाहरणको लागि :

*कुसुमले जुनूका उपर आफ्नो भयेभरको माया पोखेको आवाज सुन्छ दिनेश,– "...... न रो नरो, –मेरी छोरी... तँ मेरी छोरी होस् जुने ... नरो ... मलाई माया गर जुने, – ए मेरी छोरी !–" (पृ. २६५)*

*– अैले नै गइदेउ ? ( पृ. २६५)*

*कोधले उ गोडा बजार्छ !–स्काउण्ड्रल !! (पृ. ११)*

**अं) अन्य वर्णविन्यासगत त्रुटि**

ठुला (पृ.१०), गफ्फी (पृ.९३), रूपयाँ (पृ.२२), अैले (पृ.७९), कोइ (पृ.३१), एकजाना (पृ.३४), बैनी (पृ.२३), अन्भयाइँदिऊँ (पृ.२१), क्विरा (पृ.१३३), क्विनो (पृ.१४१), सप्पैजना (पृ.१४८), सुक्ख (पृ.१४७), गरिप (पृ.२१), घरबेभार (पृ.७४), तजाफ (पृ.७४), किताप (पृ.७८), हिसाप (पृ.१८२) आदि ।

यसरी आफ्नो वर्णनात्मक तथा चित्रात्मक शैलीले आच्छादित पारेको यस उपन्यासमा उपन्यासकारले सरल र सहज शैली अपनाएका छन् । छोटाछोटा वाक्य गठन, कतैकतै ठेट गाउँले बोली, झर्रो तथा आगन्तुक शब्दको बाहुल्य आदिले उपन्यास रोचक बनेको छ । विन्यास चिह्नको अत्याधिक प्रयोग र व्याकरणिक नियमलाई तोडिएर भाषिक प्रयोगले भाषा कवितात्मक बन्न पुगेको छ । समग्रमा भाषशैली उपन्यासका लागि सुहाँउदो छ ।

## ४.६ प्रतीक र बिम्ब

साहित्यमा व्यक्त गरिएको कुनै भावसँग पाठकको मनस्थितिमा उत्पन्न हुने भावसँग सम्बन्ध राख्ने चित्रलाई बिम्ब भनिन्छ । कुनै भनाइले सोझो अर्थ नबुझाएर अन्य अर्थ बुझाउँछ भने त्यो भनाइ प्रतीकात्मक हुन्छ । बिम्ब र प्रतीकले साहित्यको सौन्दर्यमा वृद्धि गराउँछ । उपन्यासकारले यस **फालिएको सामान** उपन्यासमा पनि थुप्रै बिम्ब र प्रतीकको प्रयोग गरेका छन् । उदाहरणका लागि नमूना हेर्न सकिन्छ :

*...घाँटीदेखि वक्षको फेदसम्म चुच्चिँदै झरेको ब्लाउजबाट देखिने गोरो छातीको नाङ्गो भागलाई विमुग्ध भयेर दिनेश हेरिरहेको थियो । ब्लाउजको माथिल्लो टाँकनिर–अलिकति नपुग् भयेजस्तो .... बादलले ढम्म छोपियेका दुई पर्वत श्रृग-दुई थुम्का–फेदतिर मात्रै अलिकति घाँच उध्रिएको ... दुई घाँचको सेहाँल परेको च्याप्प कताकता, बादलमा विलीन भयेको ... वियाकी कुकुर्नीको खोकिलो ... फुट्नकोनिम्ति ज्वालामुखी रुमल्लियेजस्तो ... अथवा ... अथवा ... कस्तो कस्तो ... घोडीको दुई पुठ्ठा ...वा ...वा ... (पृ : ४७)*

यसगरी दिनेशले जुनूको फक्रँदै गरेको जवानीलाई लक्षित गरेर व्यक्त गरेको भावनामा पनि बिम्ब र प्रतीको अनुभव गर्न सकिन्छ ।

*... दिनेश ती कोपिलालाई साह्रैनै हलुकाहातले छुन चाहन्छ–यति हलुकासँग कि हातको स्पर्शले कोपिला न ओइलालाओस् । –कहिले त उस्लाई पाशविक आकांक्षा पनि हुन्छ;–ती सुकुमार बालिकालाई सर्वाङ्ग नाङ्गी पारेर इस्पातजस्ता बलिया पाखुराले निर्दयतापूर्वक बेरी, कुर अङ्कमालमा आवद्ध गरेर, भयेभरको*

*कलिलो रस चुस्दै सिट्टि सिट्टि पारेपछि शिथिल भयेर ऊ पछारियोस्, बेहोश बनोस् !... (पृ : ८३)*

दिनेशले तराइमा काँस फुल्दाको बयान शर्मिष्ठा समक्ष यसरी गरेको छ जहाँ प्रशस्त बिम्ब र प्रतीक पाउन सकिन्छ :

*... लाज मान्दै, पातको पातलो घुम्टोमा बेरियेकी काँसमैत्रा सलक्क परेको सात-पत्रे गाभाभित्रबाट बेहानको सूर्यलाई चिहायेर हेर्छे; अनि लाआआआआज लाग्छ मेरी नखरमाउली काँसलाई ! इ; हेर न नखरा !!–अनि क्या काकी, जब वरिपरि कोही छैन भन्ठान्छे नीईईई:, अनि सरक्क घुम्टो उघार्छे ।.....(पृ : ९३)*

**फालिएको सामान** यौनपरक उपन्यास भएकोले यसभित्र थुप्रैथुप्रै यौनिक प्रवृत्तिका प्रतीक र बिम्बहरू पनि यत्रतत्र भेटाउन सकिन्छ । उदाहरणको लागि :

*... झन् शर्मिष्ठाले बात-बातमा 'कुक्कुर्नीको सडेको पुच्छर सुँघ्दै हिँड्ने ज्वाइँ' भन्ने गरेकीले दिनेशको आँखामा कुकुर्नीको फतक्क गलेर फ्यात्त बाहिर झुण्डियेको पुच्छर मुनिको घिनलाग्दो रातो चौटा नाचिरहने हुदाँ घिनले भुतुक्का भयेको छ उ । ... (पृ : २१९)*

## ४.७ फालिएको सामान शीर्षकको सार्थकता

**फालिएको सामान** शीर्षकको निर्माण दुई वटा पदहरू मिलेर बनेको छ । अथात् उपन्यासको शीर्षक दुई शव्दात्मक रहेको छ । जहाँ 'फालिएको' क्रियायोगी शब्द हो भने 'सामान' नाम शब्द हो । जसको शाब्दिक अर्थले 'प्रयोजनविहीन भई मिल्किएको कुनै सामग्री' भन्ने बुझाउँछ । उपन्यासमा सामान्यार्थमा नभई लाक्षाणिक अर्थमा शीर्षक पुष्टि गर्ने प्रयास गरिएको छ । फालिएको सामान शीर्षकले उपन्यासका प्रमुख पात्र दिनेशकुमार उपाध्यायलाई लक्षित गरेको छ ।

उपन्यासका नायक दिनेशकुमार उपाध्याय वनारसबाट बी.ए. उत्तीर्ण गरेको विराटनगर निबासी नागरिक हो । ऊ काठमाडौं निबासी आफ्ना पिताका चिनजानका व्यक्ति पुरेन्द्रनाथ अधिकारीको घरमा मास्टरी काम गर्छ । त्यहाँ पुरेन्द्रनाथका कान्छी छोरी जुनू र छोरो मिठ्ठुलाई पढाउन घरमा बसेको छ । बसाइकै क्रममा ऊ जुनूलाई प्रेम गर्छ र

जुनूले पनि उसलाई । तर दुवैको प्रेम भावनात्मक, अव्यक्त र दिशाविहीन हुन्छ । पुरेन्द्रकी जेठी छोरी कुसुमको विवाह हरिलट्टक, जँड्याहा, जुवाडे, लठेब्रो र रन्डीबाज केदारराज आचार्यसँग भएको हुन्छ । पुरेन्द्रनाथले धनसम्पत्तीको लोभमा र खानदानीको खोक्रो आडम्बरको लागि त्यस्ता अयोग्य वरलाई छोरी सुम्पिएका हुन्छन् । कुसुम आफ्ना पतिप्रति कत्ति पनि सन्तुष्ट हुँदिन । लोग्नेबाट गर्भधारण नहुँदा र सासू तथा नन्दहरूले बाँझीको आरोप लगाउँदा कुसुम मात्र नभएर आमा शर्मिष्ठा पनि चिन्तित थिई । रसिली, फरासिली र अत्यन्त रूपवती कुसुम माइत आउँदा छेकछन्द मिलेको दिनेशको वलिष्ठ शरीरप्रति लोभिँदै जान्छे । ऊ दिनेशबाट गर्भधारण गरेर आफू बाँझी नभएको देखाउन चाहन्थी । यसैकारण कुसुम विना लाजशरम दिनेशसँग पटकपटक सहवास गरी गर्भधारण गर्न पुग्छे । कुसुम आफ्नो नालायक पतिको हत्या गरी सधैंका लागि राक्षसी पन्जाबाट मुक्ति हुन चाहन्थी । उसले यस कामको लागि दिनेशसँग सहयोग मागेकी थिई । पौडी खेल्न सिकाउने बहानामा केदारलाई वर्षायाममा दिनेशले वागमतीको भेलमा बगाइदिनु पर्ने कुसुमको गोप्य योजना थियो । तर वर्षा अगावै कुसुमले कौशीको गाह्राबाट धकेलीदिएर केदारको हत्या गर्छे । त्यसपछिका दिनहरूमा कुसुम विक्षिप्त बन्छे । कुसुमको कोखबाट दिनेशको नासो छोराको जन्म हुन्छ । लोग्नेको काम सकिएपछि कुसुम माइत आउँछे । कुसुम छिनमै सम्हालिन्छे भने छिनमै रण चन्डाल्नी बन्न पुग्छे । जुनूलाई दिनेशको बात लगाउँदे तुच्छ शब्दले गाली बर्साउँछे । यो सबै दिनेशको कारणले भएको ठानी जुनूले दिनेशलाई घर जान आग्रह गर्छे । दिनेश सम्पूर्ण असफल प्रेमकहानी छाती भरिभरि बोकेर झोला भिरी पुरेन्द्रनाथको घरबाट सदाको लागि बाहिरन्छ र कथानक यहीँ अन्त्य हुन्छ ।

उल्लिखित कथावस्तुको आधारमा दिनेश **फालिएको सामान**जस्तै बन्न पुगेको छ । कुसुमले पनि उसलाई गर्भधारणको लागि प्रयोग गरी तर उसँग जीवन बिताउन राजी भएको देखिँदैन । पति हत्यापछि उसले दिनेशप्रति कुनै प्रेमभाव राखेको छैन । दिनेशले जुनूसँग गरेको प्रेम पनि नफुल्दै नफक्रँदै कुनै ठोस दिशा निर्देश नहुँदै समाप्त भएको छ । ऊ केदारराजलाई वागमतीको भेलमा बगाइदिएर कुसुमको प्रेमको ऋण तिर्न चाहन्थ्यो त्यो पनि कुसुमबाट नै तोडिएको देखिन्छ । वनारसमा पढ्न बस्दा पनि मुखर्जी परिवारका नन्द र भाउजूले उसलाई यौन तृप्तिको साधन मात्र बनाएका थिए । उसकै कारणले उपन्यासमा

विभिन्न आरोह अवरोह आए तापनि अन्तिममा ऊ कसैको लागि पनि उपयोगी बन्न सकेको छैन । उपन्यासमा दिनेश प्रयोजनविहीन **फालिएको सामान** जस्तै बन्न पुगेको छ ।

दिनेश राणाकालीन समयमा पनि बी.ए. उत्तीर्ण गरेको व्यक्ति हो । उसले कुनै नोकरी पाएको छैन । एकातिर उसले त्यस जमानामा पनि त्यति धेरै पढेर बेरोजगार नै बस्नु परेको छ भने अर्कोतिर आमाबाबुले पनि **फालिएको सामान**झैँ काठमाडौँ हुत्याइदिएका छन् । आफू पढाउन बसेको घरमा पनि उसको भूमिकालाई उपसंहारतिर उपलब्धीविहीन तुल्याइएको छ । यसरी यस उपन्यासको **फालिएको सामान** शीर्षक केन्द्रीय पात्र दिनेशकुमार उपाध्यायलाई लक्षित गरी सार्थक र उपयुक्त तुल्याइएको छ ।

## ४.८ दृष्टिबिन्दु

प्रस्तुत **फालिएको सामान** उपन्यासका तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको उपन्यासमा घटेका सम्पूर्ण क्रियाकलाप र घटनाक्रमले कुनै प्रत्यदर्शीले अवलोकन गरे जस्तै कथायिताले वर्णन गरेका छन् । कथयिताको वर्णन दृष्टि उपन्यासका पात्रका मनस्थिति र घटनाका साथै आन्तरिक क्रियाकलापको अन्तरतम स्थान सम्म पुगेकाले कथायिता सर्वदर्शी रहेका छन् । यस उपन्यासका कथावाचक वा समाख्याता स्वयं उपन्यासकार तारिणीप्रसाद कोइराला हुन् । यस उपन्यासमा बाह्य दृष्टिकोण अर्थात् सर्वदर्शी दृष्टिबिन्दु छ । उपन्यासकार उपन्यासमा घटित घटनालाई आफु प्रत्यक्षदर्शी अर्थात् सर्वदर्शी भएर ऊ वा त्यो अर्थात् पात्रकै नामबाट सम्बोधित गरी घटनाको वर्णन गर्दछन् । उपन्यासको प्रमुख तथा केन्द्रीय पात्र दिनेश हो । उसैको सेरोफेरोमा घटेका हरेक घटनाको सर्वज्ञता उपन्यासकार स्वयं छन् । उपन्यासका सबै पात्रले घटाएका हरेक घटनालाई उपन्यासकार कोइरालाले आफु वस्तु निरपेक्ष रहेर नाटकीय रूपमा घटनाको वर्णन गरेका छन् । कोइरालाले घटनाको सर्वदर्शी भएर हरेक पात्रका विचार, चिन्तन मानसिक संवेग आदि कुरा खुलस्त रूपमा वर्णन गरेका छन् ।[८] उपन्यासकारले आफ्नो विचार दर्शन आफै वर्णन नगरी

[८] मोहनराज शर्मा, **समकालिन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५, पृ. ३७ ।

दिनेश र कुसुमका माध्यमबाट प्रस्तुत गरेका छन् । उपन्यासमा दिनेशले गरेको मनोवादको एउटा नमूना यसप्रकार रहेको छ -

*ऊ मन मनै हाँस्यो- ..... के जीवनको मूल आधार नै वास्ना त हैन ? कुन्नी कब हो उस्ले कुनै कितापमा पढेझैं लाग्छ - मानिस संभोग लिप्साको निम्ति बाँच्न चाहन्छ रे । शायद हो कि क्या मानिसलाई जीवन रक्षा गर्न भोजनको आवश्यकता पर्छ र जीवन रक्षा गर्दछ संभोग प्राप्तिको निम्ति । यदि मनुष्यमा काम वासना नहुँदो हो त संसारबाट जीवनको क्रम उहिल्यै समाप्त भैसक्ने थियो क्यार । अथवा मनुष्य जातिको सृष्टि नै हुने थिएन । कस्तो अद्‌भुत प्रकृतिले सृष्टिको सम्पूर्ण जीवनमा संभोग लिप्सा नै पहिलो आवश्यकता देखेछ - प्राथमिक अनिवार्यता शायद यही आवश्यकतालाई केन्द्र विन्दु मानेर सृष्टि भयो क्यार । नत्र सृष्टि हुन्थ्यो नै कसरी ?* (पृ. ५३)

**फालिएको सामान** उपन्यासमा बाह्य दृष्टिविन्दु अर्थात् अन्य पुरुष दृष्टिबिन्दु छ । उपन्यासका सबै पात्रका क्रियाकलाप, भावना, चिन्तन, दर्शन सबै बुझेर वस्तुगत रूपमा नाटकीय शैलीमा स्वयं लेखकले अन्य पुरुष दृष्टिबिन्दुमा प्रस्तुत गरेका छन् । हरेक पात्रलाई नजिकबाट हेरेर त्यसभन्दा आफू अलग रहेर सर्वदर्शी भएर लेखकले समग्र उपन्यासलाई प्रस्तुत गरेका छन् ।

उपन्यासमा वर्णित सम्पूर्ण घटनाको द्रष्टा उपन्यासकार कोइरालाले हरेक पात्रका नामबाट कथ्यको वर्णन गरेका छन् । एउटा काल्पनिक कथावस्तुलाई समाजका यथार्थ पात्रलाई जम्मा गरेर एउटा पुष्ट आख्यानको सिर्जना गरी त्यसलाई याथार्थिक तवरले समाख्यात गरेका थिए । घटनाको प्रत्यक्ष वर्णनमा उपन्यासकार पाठकसामु देखा नपरी तटस्थ वस्तु उपन्यासकार कोइरालाको दृष्टिबिन्दुगत विशेषता हो । आफ्नो जीवनमा देखेका र आफुले भोगेका घटनालाई उपन्यासमा नेपथ्यबाट समेट्न खोजेको हो कि अन्त आभासि दिनाले कोइराला स्वयं यस उपन्यासका दृष्टिविन्दु हुन् । पात्रले काठमाण्डौको समाजमा गरेका कार्यव्यापारलाई साधनका रूपमा वर्णन गर्ने उपन्यासकार अन्य पुरुष तटस्थ प्रष्टा हुन् ।

## ४.१० उद्देश्य

तारिणीप्रसाद कोइरालाको उपन्यास **फालिएको सामान** मा एउटी नारीको अतृप्ति, काम - क्षुधा, कुण्ठा र प्रतिशोधलाई मनोवैज्ञानिक ढङ्गमा प्रस्तुत गरिएको छ । यस उपन्यासको केन्द्रीय पात्र कुसुम (नायिका) ले हो । यस उपन्यासमा नपुंसक लठेब्रो पतिसँग सहशैय्या गामिनी भएर प्रमाचारको अभिनय गर्न बाध्य नारी मानसिकतालाई केलाउने प्रयास गरिएको छ ।

प्रस्तुत उपन्यास युवा मनोविज्ञानमा अवलम्बित भएकाले युवा समस्यामा केन्द्रित छ । रुढिबुढी मान्ने भारदारी समाज हुँदै असमर्थ लोग्नेकी यौन कुण्ठित नारी अलिकति मात्रै कसैको आलम्बन पाउने वित्तिकै कसरी अनियन्त्रित भैदिन्छे र भित्रभित्र दबिएको घृणा विस्फोट भएर प्रतिशोध गर्ने भावनाद्वारा विक्षिप्त हुनु पुग्छे भन्ने कुराको अध्ययनमा केन्द्रित छ ।

जीवनलाई यथार्थ अर्थात सम्पूर्ण रूपमा देखाउनु नै उपन्यास लेखनको मुख्य उद्देश्य हो । एउटा व्यक्तिका जीवनमा जे जस्ता घटना घट्छन्, त्यसैलाई देखाउनु उपन्यास लेखनको उद्देश्य हो । यस अर्थमा उपन्यासकार कोइरालाले आफ्नो जीवनमा जुन साँस्कृतिक परिवेश र संस्कार देखे त्यसबाट उब्जेका समस्या तथा यौन अतृप्ति र लान्छनाबाट प्रताडित नारीको मनोग्रन्थि कसरी विस्फोट हुन्छ भन्ने कुराको यथार्थ चित्रण गर्नु नै यस उपन्यासको प्रमुख उद्देश्य हो ।[१]

प्रकाशनका दृष्टिले वि.सं. २०४२ सालमा प्रकाशित भए पनि यस उपन्यासले २००७ साल पूर्वको परिवेशलाई चित्रण गरेको छ । त्यतिबेलाको राजनैतिक परिवेश, जर्साब र राज्यहरूको उल्लेखले यो कुरालाई स्पष्ट पार्दछ । तारिणी प्रसाद कोइरालालाई मूलतः विश्वेश्वरप्रसाद कोइरालाबाट प्रभावित देखिन्छन् । विश्वेश्वरको यौनवादी उपन्यास र कथाले प्रभाव जमाइरहेको बेला तारिणीले पानी यौन मनोवैज्ञानिक कथा र उपन्यास लिएर उपन्यास क्षेत्रमा पर्दापण गरे त्यसै सिलसिलामा आएको **सर्पदंश**, उपन्यास निकै उत्कृष्ट ठहरियो र त्यसपछि अर्को उपन्यास **फालिएको सामान**को रचना गर्दा यस उपन्यासमा

[१] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, ललितपुर : साझा प्रकाशन, २०६४, पृ. ७१ ।

उपन्यासकारले **सर्पदंश**को जस्तो मनोविज्ञानको गहिराईमा डुबेर मनोविश्लेषण त गरेको छैनन्, तर यौनका कारण हुने मानसिक विक्षिप्तता र असाधारण मनोविज्ञानको भने स्पष्ट सङ्केत गरेका छन् । जीवन यौनसँग कति नजिक हुँदोरहेछ र त्यसको असन्तुलनमा मान्छेको जीवन कति हदसम्म दुर्घटित हुन्छ भन्ने कुरा उपन्यासमा देखाउन खोजिएको छ ।

वस्तुतः मानव जीवन समाजसापेक्ष भएर नै अगाडि बढेको हुन्छ । मानिसले समाजलाई लत्याएर स्वतन्त्र पनि हुन सक्दैन र समाजको अवैज्ञानिक परम्पराको साँचोमा च्यापिएर बस्न पनि सक्दैन । अतः त्यसकारण नै प्रायशः सामाजिक पिल्सनाको जाँतोमा पेलिएका उच्च वर्गीय नारी पुरुष दुबैको जीवन अस्वाभाविक बन्दै गएको देख्न सकिन्छ ।[१०] यस उपन्यासमा पनि सामाजिक परम्परा कुलीन मर्यादा र खानदानी रबाफको चक्कीमा अवस्था आउनुभन्दा पहिले नै समाजले मर्यादा, खानदान र धनको सापेक्षतामा होइन व्यक्तिका आवश्यकता र खुशीको अपेक्षामा निर्णय गर्नु पछि भन्ने कुरा उपन्यासको मूल उद्देश्य रहन गएको छ ।

## ४.१० निष्कर्ष

**फालिएको सामान** उपन्यास तारिणीप्रसाद कोइरालाको मृत्योपरान्त वि.सं. २०४२ मा छापिएको उपन्यास हो । जसमा दुई खण्ड, ६१ परिच्छेद र २६८ पृष्ठ छ । यो सामाजिक विषयवस्तुमा लेखिएको उपन्यास हो । यहाँ मध्यम वर्गीय र उच्च मध्यम वर्गीय पात्रहरूको प्रयोग गरिएको छ । चरित्रमूलक यस उपन्यासमा विषेश गरी काठमाडौंको सेरोफेरो नै परिवेशको रूपमा चित्रित छ ।

बनारसबाट बी.ए. पास गरेको विराटनगरनिबासी दिनेशकुमार उपाध्याय नै **फालिएको सामान** उपन्यासको नायक हो । ऊ काठमाडौं निवासी पुरेन्द्रनाथ अधिकारीको घरमा मास्टरको रूपमा काम गर्दछ । पुरेन्द्रनाथका दुई छोरीहरू कुसुम र जुनुसँगको विभिन्न सम्बन्धले कथावस्तुलाई डोऱ्याएको छ । कुसुम विवाहिता महिला हो । पिता पुरेन्द्रनाथले खानदानीको धाक देखाउन नालायक केटो केदारराजसँग कुसुमको विवाह

---

[१०] कृष्णचन्द्रसिंह प्रधान, *तारिणीका उपन्यास र यौनमनोविश्लेषण*, **गरिमा**, वर्ष १२, अङ्क ५, पूर्णाङ्क ३७, २०५१, पृ. २०७ ।

गरिदिएका हुन्छन् । कुसुमलाई आफ्नो पति कत्ति पनि मन पर्दैन । केदारराज हरिलठ्ठक, जुवाडे, जँड्याहा, लठेब्रो र रन्डीवाज खालको केटो हो त्यसैले कुसुम माइत आउँदा मास्टर दिनेशसँग निर्धक्क यौन सन्तुष्टि लिने गर्दछे । जुनु कम बोल्ने हुनाले दिनेश र जुनुको प्रेम मौनतामै अल्झिएको छ । तर दुवैले दुवैलाई प्रेम गर्ने गरेका छन् । कुसुम आफ्नो लोग्नेको हत्या गरेर सधैंको लागि उसको पन्जाबाट मुक्ति चाहन्थिन् । उनले दिनेशसँग मिलेर वर्षामा पौडी खेल्न सिकाउने बहानामा केदारराजलाई बागमतीको भेलमा बगाउने गोप्य योजना बनाउँछन् । तर वर्षा आउनु अगावै कुसुमले घरको बार्दलीबाट धकेलेर पतिको हत्या गरिदिन्छिन् । त्यसपछि विक्षिप्त बनेकी कुसुमले दिनेश तथा जुनुलाई विभिन्न तरहले गाली गर्न थाल्छे । यस घटनालाई सामान्यीकरण गर्न जुनुको आग्रहमा दिनेशले सदाको लागि काठमाडौं परित्याग गरेपछि उपन्यासको कथावस्तुले विश्रामा लिएको देखिन्छ । बहुपात्रीय यस उपन्यासको कुसुम नै नायिका हो भने दिनेश नायक हो । खल पात्रका रूपमा केदारराजलाई उभ्याइएको छ । जुनु, पुरेन्द्रनाथ, शर्मिष्ठा, रामप्रसाद, होमकुमारी आदि सहायक पात्रको रूपमा आएका छन् । कुसुम पतिको प्रेम र रति दुवै कुरामा ठगिएकी उपन्यासकी केन्द्रीय पात्र हो । उनी अन्यायको अगाडि न्यायको भीख माग्दै बाँच्नुभन्दा अधिकारको निम्ति रणभूमिमा उत्रने वीरङ्गना हो । यसको प्रमाण कुसुमले आफ्नै पतिको हत्या गरेकी छिन् । दिनेशकुमार निडर र स्वाभिमानी देखिए पनि यौवनको अघि परास्त हुने कमजारीका कारण कमजोर पात्र सावित भएको छ । शारिरीक रूपमा निकै आकर्षक देखिने दिनेश तात्कालीन बेरोजगार युवाहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । अर्का खलपात्र केदारराज पत्नीलाई प्रताडना दिने व्यभिचारी पात्र हो । ऊ अत्यन्त नालायक र रन्डीबाजको भूमिकामा देखापरेको छ ।

**फालिएको सामान** उपन्यास पारिवारिक पृष्ठभूमिमा संरचित छ । सामाजिक सांस्कृतिक परिवेश अन्तर्गत तात्कालीन राणाशासनको प्रतिबिम्बलाई उतार्ने प्रयास गरिएको छ । पुरेन्द्रनाथले गर्ने चाकरीको दृश्यबाट चाकरीतन्त्रको उजागर भएको छ । अभिजात वर्गको हिन्दू धार्मिक संस्कृति तथा बाहुने संस्कृतिलाई उपन्यासमा सघन रूपमा प्रस्तुत गरिएको छ । यसैगरी राणादरबारको दबदबा, हैकम र नियन्त्रणको पनि स्पष्ट चित्र यहाँ पाउन सकिन्छ । यस उपन्यासले कुसुमको आन्तरिक परिवेशको पनि चित्र उतारेको छ ।

उनको यौन अतृप्ति वा कामक्षुधा, कुण्ठा र प्रतिशोधलाई मनोवैज्ञानिक ढङ्गमा व्यक्त गरिएको छ ।

जीवन्त र सहज किसिमको भाषाशैलीले उपन्यासलाई रोचक बनाएको छ । विभिन्न वर्णनात्मक तथा चित्रात्मक शैलीले उपन्यासको गरिमा बढाएको छ । हिन्दी भाषाको प्रभाव रहनु र मानक व्याकरणहरूको प्रयोग नगरिनुले उपन्यासमा खल्लोपनको पनि आभास मिल्छ । अनुकरणात्मक शब्दका साथसाथै हिन्दी, मराठी, अङ्ग्रेजी र मैथिली भाषाका शब्दहरूको समेत यहाँ प्रयोग भएको पाइन्छ । उपन्यासमा आर्थी विचलनका पद, पदावली र वाक्यगठन प्रयोग भएका छन् भने अश्लीलताको गन्ध आउने भाषा समेत समाविष्ट गरिएको छ । प्रतीक र बिम्ब, चित्रभाषा, उखानटुक्काको प्रयोग र मनोवादीय भाषाको प्रयोगले उपन्यासलाई जीवन्त बनाएको छ । उपन्यासमा वर्णविन्यासको अपचलन पनि प्रशस्त मात्रामा पाउन सकिन्छ ।

**फालिएको सामान** उपन्यास तृतीय दृष्टिबिन्दुमा लेखिएको उपन्यास हो । यहाँ उपन्यासकारले घटना तथा क्रियाकलापहरूको वर्णन प्रत्यक्षदर्शी बनेर गरेका छन् । यसका साथै प्रतीकात्मक रूपमा राखिएको फालिएको सामान शीर्षकको सार्थकता पाउन सकिन्छ । बेरोजगारी र आफ्नो व्यक्तिगत कमजोरीका कारण नायक दिनेशकुमार फालिएको सामानजस्तै अर्थहीन जीवन बाँच्न विवश भएको छ । शिर्षकले पनि लाक्षाणिक अर्थमा उही नायकलाई लक्षित गरेको छ ।

यौन अतृप्ति र लान्छनाबाट प्रताडित नारीको मनोग्रन्थि कसरी विष्फोटन हुन्छ भन्ने देखाउनु नै यस उपन्यासको प्रमुख उद्येश्य देखिन्छ । यसका साथै बेरोजगार युवाहरूको अवस्था र तात्कालीन राणाहरूको आडम्बर, शोषण र चाकरीतन्त्रको स्पष्ट चित्र प्रस्तुत गर्नु पनि उपन्यासको लक्ष्य रहेको छ । कुलीन मर्यादा र खानदानी रवाफको कुचक्रमा परेर जीवन नै बर्बाद बनाएकी कुसुमको जीवनचरित्रबाट सम्पत्तीभन्दा आत्मसन्तुष्टि वा आत्मसुख नै ठूलो कुरो हो भन्ने शिक्षा उपन्यासले दिएको छ ।

# परिच्छेद : पाँच

# फालिएको समान उपन्यासमा प्रयुक्त मनोवैज्ञानिक पक्षको विश्लेषण

## परिच्छेद : पाँच

# फालिएको समान उपन्यासमा प्रयुक्त मनोवैज्ञानिक पक्षको विश्लेषण

## ५.१ विषय प्रवेश

**फालिएको सामान** उपन्यास तारिणीप्रसाद कोइरालाको दोस्रो उपन्यास हो । मनोवैज्ञानिक दृष्टिले कुनै एक पक्षको मात्र विश्लेषण नगरिएको यस उपन्यासमा मनोविज्ञानका विभिन्न पक्षको विश्लेषण गरिएको छ । यस उपन्यासका प्रत्येक पात्रहरूले अलग-अलग मनोवैज्ञानिक पक्ष अँगालेका छन् । उपन्यासका यिनै पात्रहरूको व्यवहार र चरित्रबाट मनोविज्ञानका विभिन्न पक्षलाई यस परिच्छेदमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ५.२ फालिएको सामान उपन्यासको मनोवैज्ञानिक पक्ष

**फालिएको सामान** उपन्यासमा सामान्य मनोविज्ञान, असामान्य मनोविज्ञान, सामान्य यौन मनोविज्ञान तथा असामान्य यौन मनोविज्ञानको प्रयोग भएको छ । साथै यसमा सामाजिक मनोविज्ञान र व्यष्टि मनोविज्ञानको पनि प्रयोग भएको छ । यस उपन्यासमा कुसुमका बाबु एकातिर हीनत्व मनोग्रन्थिले पीडित व्यक्ति हुन् भने अर्कातिर उच्चता ग्रन्थिले पीडित हुन् । जो हीनत्व ग्रन्थिले पीडित रहन्छ त्यसैमा उच्चता ग्रन्थिको स्थिति पनि रहन्छ । राणाका अगाडि आफू अतीव निरीह बन्ने र आफ्नो परिवारप्रति कठोर बन्ने प्रवृत्ति यिनै हीनत्व र उच्चता ग्रन्थिको प्रतिक्रिया हो ।[१] यस्ता व्यक्ति आफूभन्दा बलियाका अगाडि कातर बन्ने र आफूभन्दा दुर्बलका अगाडि सबल बन्नेहरू यस्तै मनोरोगका सिकार हुन्छन ।

---

[१] दुर्गाबहादुर घर्ती, **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान**, ललितपुर : साझा प्रकाशन, २०६७, पृ. २४ ।

केदारराजका बाबु रामराज बुहारीप्रति सहानुभूति राख्छन् तर स्वास्नी तथा छोराछोरीको दुस्स्वभावको कडा विरोध गर्ने अधिकार प्रयोग गर्न सक्दैनन् । यस्ता व्यक्तिमा हीनता ग्रन्थिकै प्रबलता रहे पनि उनमा वस्तुस्थिति बुझ्ने सामर्थ्य छ उनमा अगाध मातृममता छ, उनको मन बढी सात्विक पनि छ । छोरीलाई बाँझी भन्ने प्रति प्रतिशोधको भावना पनि छ । विवाहिता छोरीले परपुरुषसँग सम्पर्क राख्नुहुँदैन भन्ने थाहा भएरै पनि उनी त्यसलाई स्वीकार गर्दछिन् । छोराको मायाले पीडित उनले दिनेशमा छोराको झल्को पाउँछिन् । उता केदारकी आमा होमकुमारी र मञ्जरीमा एकातिर हीनत्वग्रन्थि देखिन्छ भने अर्कातिर उनीहरू परपीडक ग्रन्थिद्वारा पनि ग्रसित छन् । बुहारीको रूप र बैंसका अगाडि आफ्ना छोरी कुरूप र उमेरैमा झोलिएको देख्दा तथा बुहारी सम्पन्नताकी भोगिनी बन्ने तर आफ्ना छोरीहरू चाँहि कङ्गाल जस्ता भएकाले गर्दा होमकुमारीले बुहारीप्रति राक्षसी व्यवहार गरेकी हुन् । उनका छोरीहरू पनि यस्तै मनोग्रन्थिले पीडित देखिन्छन् ।[२]

केदारमा बढी उच्चता ग्रन्थि तर विकृत अवस्थामा पुगिसकेको थियो । त्यसैगरी नपुंसक भएका कारणले वा वेश्यागमनबाट शक्तिशाली हुँदै गए पनि मानसिक रूपमा यौन अतृप्ति र असन्तुष्टिको विकास भएका कारणले गर्दा उसमा पूर्णतः यौन विकृतिले स्थान पाइसकेको थियो । त्यसैले गर्दा वेश्याहरूको योनि चाटेर पनि सन्तुष्ट नभई रजस्वला भएकी श्रीमतीको यौनाङ्ग चाट्ने र चुस्ने गर्थ्यो र आफूमाथि पनि यस्तै अपेक्षा राख्थ्यो । बाबुको धाक वेश्यालयमा र गुण्डाहरूका बीचमा लगाउने केदारराज राणाकालीन उच्च मध्यमवर्गीय समाजका विकृतिको प्रतीक हुँदै हो,[३] साथै व्यक्तिगत रूपमै पनि एक विकृत राक्षसी स्वभावको प्रतिनिधि पनि हो । यता दिनेशका एकातिर राम्रा पक्षहरू पनि थिए र अर्कातिर उसका त्यत्तिकै कमजोरीहरू पनि । उसका राम्रा पक्षहरूमा सबैप्रति सहभानुभूति राख्ने, निरीहप्रति दया र सहयोगको भावना पनि राख्ने, चतुर, बोल्नमा सिपालु, बुद्धि भएको रिसीलो तथा फरासिलो स्वभाव भएको स्वभाव तथा आचरणहरू हुन भने उसका नराम्रा पक्षहरूमा तरुनी आइमाई उसका नजरमा पर्नासाथ एकैचोटी कामातुर बन्ने र सम्भोगकै स्थितिमा आफूलाई पुऱ्याइहाल्ने मनस्थितिहरू र क्रियाकलापहरू हुन् तर उसको यौन

---

[२] दुर्गाबहादुर घर्ती, **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान**, पूर्ववत्, पृ. २५ ।
[३] ऐजन ।

मनोग्रन्थिमा विकृति आइसकेको चाँहि थिएन । यदि विकृत अवस्थामा पुगिसकेको भए भट्टी पसल्नी भुजेलकी स्वास्नीलाई पनि बाँकी राख्ने थिएन ।[४] दिनेशमा सात्विक भावनाको प्रबलताले गर्दा यौन चाहनालाई दबाइराख्न सक्ने ग्रन्थिको विकास भएको छ । त्यसैगरी उसका मनमा आफू गरिब भएको र अर्काका घरमा मास्टर भएर बस्नुपर्दाको हीनत्वले आक्रमण गरेको थियो । उसले कुसुमको आग्रहमा सम्भोगको स्थितिलाई अँगाल्यो तर स्पष्टसँग व्यक्त नगर्ने जूनूलाई सम्भोगको स्थितिमा कल्पना पनि गर्न सकेन । उसले कूसूमका बाबुलाई घृणा नै गरिरह्यो, कुसुमकी आमाप्रति मातृवत् व्यवहार गरिरह्यो, आफ्नो मनलाई कुत्कुत्याइरह्यो, कुसुमको आज्ञा पालन गर्ने क्रममा केदार जस्तो भ्रष्ट व्यक्तिलाई मित्र बनाउने क्रममा समर्पित रह्यो तर आफू भ्रष्ट बन्न तिर लागेन । तथापि जुनूको अन्तर्मुखी प्रेम र कुसुमको बहिर्मुखी प्रेमको द्वन्द्वमा उसले पिल्सिनुपर्‍यो । यति हुँदा पनि उसले कृतध्नतालाई अँगालेन । यसरी ऊ चेतन र अचेतनका सङ्घर्षको सिकार भएरै पनि उसले मानवताको सीमा नाघेन ।[५]

कुसुम उपन्यासकी अर्की पात्र हुन् । कुसुममा एकातिर यौन अतृप्ति, अर्कातिर प्रतिशोधको भावना त छँदै थियो पछि गएर अपराध भावना पनि थपियो अनि बहिनिप्रतिको नैसर्गिक ममता र आफ्नो प्रेमपति बहिनीको हार्दिक सम्बन्ध गाँसिएकोमा परपीडनको भावनाले झन उग्र रूप लिँदा उनका मनमा द्वन्द्व पछि द्वन्द्व थपिँदै गएर तिनले विकृत रूप लिन थाले । त्यसलाई उसले सहन गर्न सकिन चेतन केही कस्किँदै जान थाल्यो भने अचेतन केही उक्सिन थाल्यो जसले गर्दा अर्धचेतनाको सबलता थपिँदै गयो । त्यसकारण ऊ बहिनीप्रति र दिनेशप्रति पनि आक्रोश व्यक्त गर्न थाली । बहिनीप्रतिको आक्रोशलाई उपन्यासकारले यसरी देखाएका छन् :

> *भुत्रो हेर्छेस् मेरो अनुहारमा क्वारक्वारर्ती ! याँ के खान पाउँला भनेर बसिराखेकी । जा न तेरै माष्टरजी भनाउँदोकाँ लुट्पुटिन* (पृ. २५१) ।

कुसुमको चेतन र अचेतनबीचको सङ्घर्षलाई उपन्यासमा यसरी देखाइएको छ :

---

[४] नरेन्द्र चापागाई, *फालिएको सामान : परिचयात्मक अवलोकन,* **चान्द्रमसी,** पूर्ववत्, पृ. २३ ।
[५] गिरीराज आचार्य, *तारिणीप्रसाद कोइराला : केही खोजखाज,* **चान्द्रमसी**, पूर्ववत्, पृ. ४१ ।

*तर दिनेशका अगाडि पर्नासाथ उनको मगजमा धुन्धानको हुरी चल्न लाग्यो उनि आत्तिन्थिन । दिनेशसँग तर्सिएर ऊबाट टाढा भाग्न चाहन्थिन् र जब टाढा हुन्थिन् अनि फेरी पछुतो हुन्थ्यो कति प्रयत्न गर्थिन् कि दिनेशसँग उनको उही सम्बन्ध रहोस् जो पहिले रहिआएको थियो । तर उसका सामु पर्नासाथ उनका सबै रसिला कल्पनाले एक्कासी डरलाग्दो रूप लिन्थ्यो र उनी भाग्थिन् । उनको निम्ति दिनेश, प्रेम, आकर्षण र सहाराको वस्तु हुँदाहुँदै पनि ऊ नै उनको भय, पश्चाताप र विक्षिप्तताको कारण हुन गएको थियो । उनको डाँवाडोल रहिरहने मनस्थितिको कारण दिने नै भएको थियो, र दिनेश भएकैले पनि उनी दिनदिनै झन-झन सुक्दै, ओइलाउँदै र तर्सिंदै गएकी थिइन्* (पृ. २५२) ।

यसरी कुसुम कहिले चेतनको स्थितिमा कहिले अचेतनको स्थितिमा र कहिले अर्धचेतनको स्थितिमा फेरिन थाली । उसलाई कसैले पनि सामान्य स्थितिमा ल्याउन सकेन आखिर कुसुमकै मानसिक विक्षिप्तताको कारणले गर्दा कुसुमको माइत घर छाड्नु पर्ने भयो । जुनु भने अचेतनका माध्यमबाट मात्र प्रेम गर्ने हुनाले र चेतनले उसलाई त्यति नपिरोलेको हुँदा उसले मानसिक द्वन्द्वको सिकार त्यति हुनु नपरेर हो अथवा दिनेशलाई दाजुको अभावपूर्तिका रूपमा मात्र वरण गरेकीले हो[६] उसको असाधारण मनिस्थितिको सिकार बन्नु परेन । दिनशप्रति जुनूको स्वीकृतिलाई उपन्यासकार यसरी देखाएका छन् -

*जुनूलाई दिनेशको पनि विश्वास छ । उनी नै सोद्धिनन् र पो त । सोधिन् भने जसले पनि भन्ने छ, - 'हो जुनू, कुसुमसँग म सुतेको हुँ - तर उनले सोध्ने नै किन ? उनलाई थाहा नभएको भए पो सोध्ने आवश्यकता पर्थ्यो र आवश्यकता पनि किन पर्थ्यो ? र फेरी सोधेरै के फाइदा ? उसले 'हो' भन्दिन्छ । जुनूले बुझ्केकै कुरा बुझ्छिन्, त्यत्ति त हो नि ! रीस, राग द्वेष, जलन, इर्ष्या केही छैन उनलाई । निदेशलाई माया गर्न पाएकी छिन् । त्यत्ति नै यथेष्ट छैन ? उनले गरेको मायाको बदलामा उनले केही बोकेकी छैनन । माग्ने इच्छा पनि छैन । तर दिनेश उनलाई माया गर्छ; यत्ति भए उनलाई पुगेको छ* (पृ. २४९) ।

---

[६] कृष्णचन्द्रसिंह प्रधान, *तारिणीका उपन्यास र यौनमनोविश्लेषण*, **गरिमा**, वर्ष १२, अङ्क ५, पूर्णाङ्क १३७, वैशाख २०५१, पृ. २०७ ।

यसरी उपन्यासको मनोवैज्ञानिक पक्षलाई हेर्दा मनोविज्ञानका सामान्य सिद्धान्तलाई उपन्यासले पूर्णरूपमा अङ्गीकार गरेको देखिन्छ । उपन्यासका मनोवैज्ञानिक पात्रहरू सबै एक आपसमा कार्यघटनाका आधारमा सूक्ष्म रूपमा जेलिएका छन् । अतः उपन्यासमा उपन्यासकारको मनोवैज्ञानिक पक्ष सफल देखिन्छ ।[७]

## ५.३ फालिएको सामान उपन्यासको सामाजिक पक्ष

**फालिएको सामान** उपन्यास तारिणी प्रसाद कोइरालाद्वारा लिखित समाजका विभिन्न यथार्थ पक्षहरूलाई उदाङ्ग पार्न सफल सामाजिक उपन्यास हो ।

यो उपन्यास युवा समाजमा आधारित छ । यसको सामाजिक पक्षलाई सुनिश्चित गर्ने दुई कारण आयोजित छन् । एक आभिजात्य सामाजिक प्रतिष्ठा जसलाई नाम, दाम र खान्दानको सर्वोपरि महत्त्व हुन्छ । दोस्रो शारीरिक दृष्टिले असक्षम पुरुषसितको वैवाहिक सम्बन्ध हेर्दा सामाजिक लाग्ने कथाको उच्चवर्गीय खान्दान, मान, प्रतिष्ठा र संस्कारहरू उपन्यासलाई सामाजिक पक्षसँग अन्तःसम्बन्धित तुल्याउने प्रमुख कारक तत्त्वहरू हुन् । उपन्यासको कारक उद्देश्य समाजका विकृतिहरूबाट उब्जने द्वन्द्व र पारिवारिक सङ्घर्ष जस्ता सामाजिक जटिलताहरूको विश्लेषण यस उपन्यासमा गरिएको छ ।[८]

उपन्यासको सामाजिकतालाई अगाडि बढाउन पात्रको अहम् भूमिका हुन्छ । पात्रकै सेरोफेरोमा समाजको चक्र घुम्ने भएकाले **फालिएको सामान** उपन्यासमा पात्रको चारित्रिक विवशता र समाज अनि परम्पराको त्रिकाणीय परिधिमा घुमेको छ । **फालिएको सामान** अभिजातिय दम्भको तुष्टिका निमित्त गरिएको अपराधपूर्ण वैवाहिक सम्बन्धको दुःखदायी परिणति भए पनि यसैमा केन्द्रित रहेको शैक्षिक सामाजिक सुधारको हेतु राख्ने उपन्यास हो भन्न सकिन्छ । सामान्यतया यो पनि अर्थिन जाला तर यतापट्टि एकदमै मौन रहेको र विपरित परिवेशको संरचनाले गर्दा उपयुक्त कथन प्रायः अलक्षित देखिन्छ । यौनजन्य नैसर्गिक हक हनन भएर जीवनबाटै विमुख हुनुपरेको अन्तरमनको असन्तुष्टि र अतृप्तिले कति भयानक र विनाशकारी रूप लिइदिँदो रहेछ जसको उपेक्षा नै सम्पूर्ण सामाजिक जीवन

---

[७] कृष्णचन्द्रसिंह प्रधान, *तारिणीका उपन्यास र यौनमनोविश्लेषण,* **गरिमा**, पूर्ववत्, पृ. २०७ ।
[८] राजेन्द्र सुवेदी, **केही समीक्षण केही विश्लेषण**, ललितपुर : साझा प्रकाशन, २०४९, पृ. १२५ ।

बिथोल्ने कारण बन्छ । तसर्थ सेक्स केवल व्यक्तिको शारीरिक तृप्तिसित रहेन् । केवल प्रवृत्तिगत मनोजगतको विषय रहेन । परिमाणतः समाजसितै सम्बद्ध, यसैद्वारा नियमित र त्यसैमा प्रतिफलित भई नैतिकतासँग जोडिएर छुट्टै सामाजिक मूल्य स्थापित भएबाट यसको दोहोरी मूल्यमा आघात पर्ने बित्तिकै कुनै पनि सीमा सुरक्षित हुन सक्दो रहेनछ । यो समाजप्रति सचेतरहेको परिणतिको विस्तृत दिग्दर्शन हो यो उपन्यास । अतृप्तनको विद्रोहलाई **फालिएको सामान**ले सङ्केत गर्दछ र अपूरणीय कामनाको प्रतिशोधात्मक परिणामको विनासकारी परिचय दिन्छ । यो उपन्यास अतृप्तिको व्यथा पनि हो र विस्तार हो ।[९] मर्यादित समाजको प्रबन्धित बाध्यतालाई निहित सामन्ती समाजले पछ्याइरहने हुँदा व्यक्तिको इच्छा अथवा अनुकूल प्रतिकूलको वास्ता गर्दैन । प्रसङ्गमा नपुंसक पुरुषकी स्वास्नी हुन बाध्य कुसुम यसैसँग जोडिएकी सामाजिक व्यक्ति हो । दमित कामवासना तुष्टि गर्ने अनुकूल परिवेश पाउनेबित्तिकै एक्कासी उत्तेजित भइदिन सक्छ र नचाहँदा नचाहँदै भित्र दबिएको घृणा, आक्रोश, प्रतिशोध गर्न अघि सर्छ । यसरी प्रतिशोध वैयक्तिक कारणबाट हुने गर्ने तए पनि यति नग्नतामा ओर्लने वा अनैतिक मानिने आदर्श, मान्यताहरूलाई अस्विकारेर समाजकै विरुद्ध असामाजिक भइदिने गर्छ । कुसुम यसै यथार्थको विनाशकारी दृष्टान्त हो । उसको अहम र अस्मिताले समाजलाई मात्र मर्दन गरेको होइन, स्वयं पनि र जसको सहयोग पाएर बदला लिन सकी उसलाई पनि मर्दित हुन सामाजिक पक्षद्वारा बाध्य गर्छे । **फालिएको सामान**मा नैतिकता र सामाजिक मान्यताको साँध नाघेर अनुचित काम गरेको परपुरुषसँगको सहवासप्रति उपेक्षा निर्विरोधतामा प्रकट हुन्छ । कुसुमलाई नपुंशक लोग्नेकी स्वास्नी हुनुपरेको भूल आमाबाबुको थियो । तर लोग्नेका आमाबुबालाई छोरो नपुंशक हो भन्ने थाहा छैन । त्यसकारण बाँझी कुसुम ठहरिएकोमा उसको मातृत्व विह्वल हुन्छ र यसैलाई हँकको रूपमा कुसुमले लिन्छे । प्रतिशोधका यी कारण बन्न जान्छ । यौनसुखको आकाङ्क्षा र बाँझो मातृत्वको संयुक्त आघातको साझा उत्तर दिने भित्री मनसुवा दिनेशलाई पाएपछि प्रकट हुन्छ । यसका लागि कुसुमले दिनेशलाई प्रयोग गर्छे । यसरी दिनेशबाट गर्भिणी हुँदा उसले ढालचाँहि आफ्नै लोग्ने केदारराजलाई बनाउन पाएकाले सामाजिक लाञ्छनाबाट ऊ सजिलैसित उम्कन्छे । तर केदारराजले बुझ्न सकेन । परन्तु यस कुराको

[९] कृष्णचन्द्रसिंह प्रधान, *तारिणीका उपन्यास र यौनमनोविश्लेषण,* **गरिमा,** पूर्ववत्, पृ. ४४ ।

ज्ञान माइतीमा आमा शर्मिष्ठा देवी र बहिनी जुनूलाई पनि छ तर यतिले पनि कुसुमलाई चित्त बुभ्दैन लठ्याब्रे लोग्नेको हत्या नगरी शान्ति नमिल्ने निष्कर्षमा प्रतिशोध चुलिएर उसको वासना रूपी दमित ग्रन्थि घृणावृत्तिमा बदलिन्छ । हत्याका लागि दिनेशलाई नै उपयोग गरेर षड्यन्त्र रच्छे । विलम्ब हुँदै गएकोमा चिन्तित र हतारिएकी कुसुम कौसीको पर्खालमा चढेर हा हा गर्दै परेवा उडाउन थालेको केदारराजलाई देख्नविक्तिकै अकस्मात् उसको मनमा स्फुरित भयो- यो अवसर गुमाउनु हुँदैन । स्वयंको अग्रसरतामा दोषरोषित नहुने भूमिका निर्वाह गर्दै उसले घच्याडेर सदाका लागि समाप्त गरिदिन्छे । त्यसपछि कथाले अर्को मोड लिन्छ । शिथिल हुँदै गएको काम अयुक्ति र प्रतिशोधको ज्वालाले अब विक्षिप्त तथा असमाजिक चित्तवृत्तिको रूप लिन्छ र अतिराय प्रिय दिनेश कुमारको भरथेग पनि शंकास्पद लाग्न थाल्छ । मानसिक सन्तुलन हराइसकेकी विक्षिप्त कुसुम लाजभाउ कै नराखी सबैमाथि जाइलाग्छे- आमा, दिनेश र बहिनी जुनुमाथि पनि जथाभावी बोलेर असामाजिक चित्तवृत्तिको परिचय दिन्थे । भयभीत कुसुमको लागि दिनेशको उपस्थिति अब जोखिम सम्भियो । अन्ततः घरबाट जान जुनूको आर्द्र अनुरोध मान्न कर लाग्छ । दिनेशप्रति कुसुममा देखापरेको एक्कासी परिवर्तन तथा आक्रामक विक्षिप्तताको कारण जुनु र दिनेशको प्रेम हो बिहेका लागि आफैले राखेको पूर्वप्रस्ताव पनि सत्य लागेन । कुण्ठित स्वत्वको अपहरण ठानेर अचेतनको कामेच्छालाई कुसुमको यही असामाजिक आक्रामक चित्तवृत्तिले सङ्केत गर्छ । निचोडमा यसले पागलपनलाई चरितार्थ गर्छ । उपन्यासकार तारिणीप्रसाद कोइरालाले पनि मनोविश्लेषणात्मक सिद्धान्तलाई व्यवहारमा प्रयोग गरी त्यसैद्वारा जीवनलाई हेर्ने केलाउने गरेका हुनाले यो उनको विचारभन्दा पनि त्यसबाट प्रभावित भई सामाजिक, मानसिक विकृति यथार्थता र परिणतिबाट सचेत हुन उपन्यासकारले जुन सामाजिकता, परिवशेको रचना गरेका छन्, परिकल्पना गरेका छन् त्यो उनको आफ्नो हो ।[१०] कुनै पनि सिद्धान्त अथवा दर्शन प्रतिपादन गर्ने हेतुले अथवा त्यसलाई सामाजिक व्यावहारिक जीवनमा प्रयोग गरेर कथात्मक परिकल्पनाको संरचनाद्वारा सिद्धान्तहरूको पुष्टि गर्न खोजिए पनि त्यसभित्र कतिपय मानवीय प्रवृत्तिगत यथार्थ वा चारित्रिक पक्षहरू उद्घाटित हुन्छन् । साथै

[१०] निनु चापागाई, **यथार्थवादी रचना दृष्टि र विवेचना**, काठमाडौँ : दिलवरदान महिम चापागाई, २०५१, पृ. १२५ ।

त्यस विचारद्वारा निर्देशित हुनुपर्ने अनुकूल स्थितिको सृजनाका लागि लेखकलाई बाँधिनुपर्ने हुन्छ पात्रहरूको सृष्टि गर्नुपर्ने हुन्छ । यहाँ पात्रहरू आफूजस्तै भइदिनुपर्ने भन्दा प्रतिपादनले खोजेजस्तो हुनुपर्ने बाध्यता लेखकको सामु उपस्थित भइदिंदोरहेछ । यसर्थ कुनै दार्शनिक सैद्धान्तिक प्रतिपादन खोज्ने उपन्यासका लागि सिद्धान्तलाई बाद गरेर हेर्दा सबैभन्दा ठूलो विशेषता र आफ्नै सामाजिक सांस्कृतिक परिवेशमा निरूपण गर्ने त्यसको परिकल्पनालाई मान्नुपर्छ । उदाहरणका लागि केदारराजको हत्यालाई हेर्न सकिन्छ । यौन असन्तुष्टिको चरम विकास घृणावृत्ति हो र यो विनाशकारी हुन्छ भन्ने सिद्ध गर्नलाई कुसुमद्वारा उसको हत्या गराउनुपऱ्यो ।[११]

मानसिक सन्तुलन हराउँदै जाँदा विक्षिप्त भइदिन्छे । अन्ततः जुनु र दिनेशको प्रेम पनि कुसुमलाई सहज हुँदैन । यी सबै फ्रायडको मनोविश्लेषणद्वारा प्रमाणित मान्यता हुनाले कुसुमको विनाशकारी अहमको तुष्टिमा केदारमात्रै होइन जुनू, दिने पनि सोहरिन्छन् ।[१२] यसरी प्रतिपादनले खोजेजस्तो आयोजित पात्रहरू हुनाले निर्दिष्ट उद्देश्य अनुरूप सृष्टि भएका हैनन् भन्न गाह्रो पर्ला । भनूँ भने जुनूले नचालीकनै दिनेशलाई घर छाड्ने अनुनय गर्नुमा पनि लेखकको विवशता जस्तो लाग्छ । **फालिएको सामान**मा अतृप्त यौनको विकाराल रूप दर्शाउन जुन समाजको रचना गरेका छन् यो पनि द्रष्टव्य छ । भारदारहरूको रोव-रवाफ विरुद्ध कसैको क्यै नलाग्ने खान्दानी मर्यादानुकूल र चिने विहेवारीमा कसैको सरोकार नराखेर निर्णय गर्नु एउटा वास्तविक थियो । यसका लागि सुहाउँदो समाजको छनौटमा सरदार र राजगुरु पुरोहितले खान्दान रोजेर नेपाली सामाजिक परिवार दिइएको त्यस्तोमा पोइ नपुंशक पर्नु स्वाभाविक घटना हो । मातृत्वहीनता नेपाली नारीको निम्ति उपेक्षनिय जीवन ठहरिन्छ । गाउँमा बाँझी भएर अवहेलित हुनुले नारीको मर्यादित स्थितिको साथै पुरुषप्रधान समाजको कुप्रथालाई औंल्याउँछ भने अर्कोतिर वासनालाई दबाएर शरीरिक विद्रोह गर्ने विवशता कुसुमको विद्रोह, प्रतिशोध विक्षिप्तताका कारण हुन । यी सबै खेतल्ने परिप्रेक्ष्य छ यो उपन्यासमा र यो नै उपन्यासकारको सृजना हो । **फालिएको सामान** मर्यादा, शील र कामवासना माझको त्रिकोणित अन्तरसङ्घर्षको उपन्यास प्रतित हुन्छ । मर्यादाको नाउँमा कसैको जिन्दगीसँग खेलवाड गर्नु जति अशोभनिय छ त्यत्तिकै नपुंशक लोग्नेको जोइ

[११] ऐजन ।

[१२] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, ललितपुर : साझा प्रकाशन, २०६१, पृ. ४३ ।

भएर शारीरिक सुखभोगबाट वञ्चित हुनु असहनीय हुन्छ । यी दुई माझ अवस्थित शीलस्वभावले हमेसा त्याग र दमनको अपेक्षा राख्ने गर्छ । **फालिएको सामान**लाई समेट्ने हो भने तलका बुँदामा एकत्रित हुन्छ[१३] -

क) लाटो, लठेब्रो तथा नपुंशक पुरुष भए पनि खान्दानी र सम्पन्न कुलको हो भने त्यस्तोसँग वैवाहिक सम्बन्ध जोडेर छोरी जन्माउने सामन्ती प्रचलन ।

ख) आफ्नै छोराको असमर्थताबाट सन्तान नभए पनि बुहारीलाई बाँझीभनेर आरोप लगाई घृणा र हेला गर्ने दुष्टप्रवृत्ति ।

ग) नारी होस् वा पुरुष सबैमा हुने कामतृष्णा एउटा प्रकृति हो । त्यसको अतृप्तिबाट उत्पन्न हुन सक्ने यौनविकार, मानसिक विक्षिप्तिहरू भयानक र विनाशकारी हुन्छन् ।

घ) सामान्यतया मातृत्वबाट वञ्चित हुन कोही नारी चाहँदैन । असमर्थ लोग्नेबाट यो पनि गुमाएर उल्टै बाँझी भई अवहेलित र अपमानित हुनु दुःखदायी कुरो हो । कुसुमलाई दुवै थोकबाट वञ्चित हुनुपर्‍यो । यौनसुखबाट पनि र मातृत्व शक्तिबाट पनि त्यस्तोमा बाँझी होइन भनेर एकातिर सिद्ध गर्न कसैको भरथेग चाहिन्छ भने अर्कोतिर सन्तान पाइदिएर आफूमाथि लगाइएको आरोप झुटो हो भन्नाको साथै अपद्धत सम्भोग-सुखको हक प्रतिष्ठापित गर्नु छ । विरोधका लागि सामाजिक मान्यता र नैतिक आचरणविपरित शिलभङ्ग गर्ने साहस र अग्रसरता चाहिँदोरहेछ । प्रतिशोध गर्नेको अहम् र विनाशकारी चित्तवृत्तिको सामु असहज नहुने प्रसङ्गमा यो बडो भयानक रूप लिएर दुर्घटित भइदिने गर्दछ भने यथार्थको उद्घाटन ।

## ५.४ मनोवैज्ञानिक उपन्यास परम्परामा तारिणीप्रसाद कोइरालाको योगदान

मनोविश्लेषणवादमा अचेतनमनको स्थान सर्वोपरि हुन्छ । सबै मनोविश्लेषणहरूले यसको महत्त्वलाई प्रमुखता दिई विश्लेषण गरेका हुन्छन् । अचेतन मनको अज्ञात रहस्यमान शक्तिबाट परिचित हुने र त्यसलाई उदघाटित गर्ने मुख्य उद्देश्य मनोविश्लेषणवादको रहेको

[१३] हिक्मतबहादुर खडका, *विश्वेश्वरप्रसाद कोइराला र तारिणीप्रसाद कोइरालाको साहित्यमा यौनमनोविज्ञान*, **चान्द्रमसी**, वर्ष १३, अङ्क १, तारिणी स्मृति अङ्क, २०५२, पृ. १११ ।

छ । मनोविश्लेषण अनुसार चेतन मन अनुशासित हुन्छ, नियमित हुन्छ, सामाजिक प्रवृत्तिहरूको अनुकूल हुन्छ तर अचेतन मन स्वतन्त्र र स्वेच्छाचारी हुन्छ । यो सामाजिक बन्धनबाट मुक्त हुन्छ र यसको शक्ति पनि चेतन मन भन्दा अत्यधिक हुन्छ । सामाजिक विधि निषेधले गर्दा मानिसका इच्छा आकाङ्क्षाहरू सबै पूरा हुन सक्दैनन् । फलस्वरूप पूरा हुन नपाएका उसका इच्छा आकाङ्क्षाहरू अवचेतन मनमा एकत्रित हुन्छन् । ती दमित अवस्थामा रहेका अचेतन मनका इच्छाहरू निरन्तर कोशिस गर्दा पनि सामाजिक र नैतिक मान्यताको बन्देजमा परेर, तिनीहरूकै अवरोध स्वरूप चेतनमनमा पुनः स्थापित हुन सक्दैनन् । त्यसैले पुनः अवचेतन मनमा प्रवेश गरेर ती दमित इच्छाहरू मनोग्रन्थिको रूप लिन थाल्छन् । त्यस्तो मनोग्रन्थिहरू मानसिक रोगका मूल कारण हुन भन्ने मनोविश्लेषण सिद्धान्तको मान्यता रहेको छ ।[१४]

उपन्यासकार कोइराला आधुनिक नेपाली उपन्यासको इतिहासमा मनोविश्लेषणवादी सफल उपन्यासका मानिन्छन् । फ्रायडवादी विचारलाई सांस्कृतसापेक्ष उपन्यासमा स्विकार्ने काम यिनबाट भएको छ । एक उपन्यासकारका हैसियतले सैद्धान्तिक मनोविज्ञानभन्दा मनोवैज्ञानिक साहित्य सिद्धान्तका मूलभूत मान्यताहरूलाई नेपाली समाज, परम्परा र संस्कृतिका सापेक्षतामा कलात्मक अभिव्यक्ति प्रदान गर्ने उपन्यासकार तारिणीको प्रमुख वैशिष्ट्य देखिन्छ । सैद्धान्तिक मनोविज्ञान र मनोवैज्ञानिक साहित्यका मान्यताहरूको प्रेरणा र सामान्यीकरणबट निर्मित आफ्नो मनोवैनिक दृष्टिद्वारा पात्रका चरित्रको आत्मविश्लेषणलाई भन्दा निरपेक्ष विश्लेषणलाई यिनले बढी महत्त्व दिएका छन् । विविध मानसिक कार्यपद्धतिका माध्यमबाट पात्रका अन्तर्व्यथाको रहस्योदघाट्न गर्ने काम यिनका उपन्यासमा भएको छ । कोइरालाका उपन्यासमा पाइने यही मनोवैज्ञानिक आधारलाई यिनको मौलिक वैशिष्ट्य मानिन्छ र यही मौलिकता यिनको उपन्यास **फालिएको सामान** मा मुखरित भएको छ । उनले यस उपन्यासमा सामाजिक विधि निषेधबाट जन्मेको अचेतन मनको आक्रामक स्वरूपलाई देखाएका छन् ।[१५] उपन्यासकी नायिक कुसुम नपुंसक लोग्नेकी स्वास्नी हुनुपर्ने

---

[१४] शारदा अधिकारी, *एक कृति केही दृष्टि, पल्लो घरको भ्याल,* **समकालीन साहित्य**, वर्ष ५, अङ्क ४, पूर्णाङ्क २०, २०५२, पृ. १९ ।

[१५] कुलप्रसाद कोइराला, *नियतिको अर्न्तद्वन्द्वमा बाबु, आमा र छोरा,* **विश्वेश्वरप्रसाद कोइराला, समालोचना र विचारमा**, जीवनचन्द्र कोइराला (सम्पा.), काठमाडौं : वि.पि. अनुसन्धान तथा सेवा केन्द्र, २०५३, पृ. ५३ ।

दुर्भाग्यले गर्दा बाँझी बन्न अभिशापित भई तर छोरा केदारराज आचार्य नपुंशक को हो भन्ने कुरा उसकै आमा बालाई थाहा थिएन । त्यसैले आफू बाँझी ठहरिएर दोषरोपित हुनुपरेकोमा कुसुमको मातृत्व विह्वल हुन्छ र यसलाई उसले हाँकको रूपमा लिन्छे । प्रतिशोध गर्न उसलाई पनि दुई कुराले सुच्याउँछ । एउटा हो दुर्दमनीय कामको अतृप्ति, दोस्रो हो मातृत्वको भोक । दुवैको सामाधान उसले एउटै उत्तरले दिन खोजी र यसका निम्ति उसले आफ्नै अग्रसरतामा दिनेशलाई प्रयोग गर्दै दिनेशबाट गर्भिणी भइदिँदा आफ्नो छोरा केदार नपुंसक होइन भन्ने पुष्टि लोग्नेका बाबुआमाका निम्ति हुन्छ भने कुसुमका निम्ति चाँहि लोग्ने केदारलाई ढाल बनाएर बाँझी होइन भन्ने लाञ्छनाबाट मुक्त हुने र यौन तृप्ति गर्ने बाटो खुल्छ । तर कुसुमको प्रशिोध केवल बाँझी होइन भन्ने सिद्ध गर्नु नै सीमित हुँदैन । सारा अपगाल र असन्तोषको जरो त लठेब्रो केदार हो, तसर्थ उसलाई सधैंको निम्ति पन्छाउने परिणति यसको विन्दु हुन पुग्छ । यसरी तीव्र घृणा वृत्ति चुलिएर कुसुमको प्रशिोधले विनाशात्मक रूप लिन्छ ।[१६]

यस उपन्यासमा सामान्य मनोविश्लेषण, असामान्य मनोविश्लेषण सामान्य यौनविश्लेषण तथा असामान्य यौन मनोविश्लेषण गरिएको छ साथै यसमा सामाजिक मनोविज्ञमन र व्यक्ति मनोविज्ञानको पनि प्रयोग भएको छ । कुसुमका बाबु एकातिर हीनत्व मनोग्रन्थिले पीडित व्यक्ति हुन् भन्ने अर्कोतिर उच्चता ग्रन्थिले पीडित हुन् । जो हीनत्व ग्रन्थिले पीडित रहन्छ त्यसैमा उच्चता ग्रन्थिको स्थिति पनि रहन्छ । राणाका अगाडि आफू निरीह बन्ने र आफ्नो परिवारप्रति कठोर बन्ने प्रवृत्ति यिनै हीनत्व ग्रन्थि र उच्चता ग्रन्थिका परिणति हुन् तर स्वास्नी तथा छोराछोरीको दुस्वभावको कडा विरोध गर्ने अधिकार प्रयोग भने गर्न सक्दैनन् । यस्ता व्यक्तिमा हीनता ग्रन्थिको प्रवलता रहेको ठान्न सकिन्छ । कुसुमकी आमामा हीनत्व ग्रन्थिकै प्रबलता भए पनि उनमा वस्तुस्थिति बुझ्ने सामर्थ्य छ । छोरीलाई बाँझी भन्ने प्रति प्रतिशोधको भावना पनि छ । केदारकी आमा होमकुमारी र मञ्जरी एकातिर हीनत्व ग्रन्थिले पीडित रहेका छन् भने अर्कातिर परपीडक ग्रन्थिद्वारा पनि ग्रसित छन् । बुहारीको रूप र वैंशका अगाडि छोरी कुरूप र उमेरमै झोलिएको देख्दा र बुहारी सम्पन्नताकी भोगिनी बन्ने तर आफ्ना छोरीहरू चाँहि कङ्गालजस्ता भएकाले गर्दा

---

[१६] नरेन्द्र चापागाई, *फालिएको सामान : परिचयात्मक अवलोकन,* **चान्द्रमसी,** पूर्ववत्, पृ. ३९ ।

होमकुमारीले बुहारीप्रति राक्षसी व्यवहार गरेकी छन् । उनका छोरीहरू पनि यस्तै मनोग्रन्थिले पीडित देखिन्छन् । उच्चता ग्रन्थि र नपुंशकताको हीनताबाट ग्रसित केदार मनोविकृत पात्र हो । उसको अप्राकृतिक यौनक्रियाकलाप यसकै परिणाम हो । उता दिनेश पनि हीनत्व ग्रन्थि प्रवल भएको पात्र हो । आफू गरिब भएर अर्काको घरमा मास्टर भएर बस्नुपर्दाको हीनत्वको उसलाई आक्रमण गरेको छ । त्यसैगरी सबैभन्दा बढी विक्षिप्त र विकृत मनोग्रस्थिले पीडत पात्र कुसुम रहेकी छ । उसको चरित्रको प्रारम्भमे त्यस्तो अवस्था नआए पनि घटनात्रमका आधारमा गतिशील हुँदै उ विकृत मकानसिकतामा आफ्नो सन्तुलन गुमाउन पुग्छे । उ अन्तमा अचेतन मनबाट सञ्चालित हुँदै र अपराधबोधले ग्रसित भई असन्तुलिन व्यवहार प्रकट गर्न पुग्छे । कुसुमको यही मनोवैज्ञानिक विशेषतालाई कोइरालाले मनोविश्लेषण सिद्धान्तको आधारमा सफलता साथ चित्रण गरेका छन् ।[१७]

फ्रायडीय मनोविश्लेषणात्मक सिद्धान्तलाई व्यावहारिक जीवनमा प्रयोग गरेर मानसिबाट हुन सक्ने र भइदिने गरेका विविन्न क्रियाकलाप अल्पकालीन घटना, अद्‌भुत चरित्र र जटिल मनःस्थितिलाई घटित परिदृश्यमा भित्रित गर्नु मनोविश्लेषणवादी लेखकहरूको विशेषता हो । सिद्धान्तको औचित्य व्यावहारिक जीवन नै हो जो बाह्य वा आन्तरिक प्रभावबाट मुक्त हुँदैन । यसकै अध्ययन, मनन र विश्लेषणबाट निरूपित हुने निष्कर्षलाई नियमन गरे पछि सिद्धान्तको रूपमा स्थापित हुन्छ । यस्तै सिद्धान्तको आधारमा घटनाहरू बुनेर बनाइएका उपन्यासमा जीवन कहलाउन गर्छौं । तारिणी प्रसाद कोइरालाले पनि मनोविश्लेषणात्मक सिद्धान्तलाई व्यवहारमा प्रयोग पारी त्यसैद्वारा जीवनलाई हेर्ने केलाउने गरेको हुनाले यो उनको विचार भन्दा पनि त्यसबाट प्रभावित भई सामाजिक, मानसक विकृति यथार्थमा र परिणतिबाट सचेत हुन कोइरालाले मनोविश्लेषणलाई आफ्नो उपन्यासमा प्रयोग गरे र उनी मनोविश्लेषणवादी उपन्यासकार बन्न पुगे ।

उपन्यासकार तारिणीप्रसाद कोइराला नेपाली उपन्यास परम्परामा एउटा नायँ प्रवृत्तिलाई भित्र्याउने सफल उपन्यासकार हुन् । उनका केवल दुई औपन्यासिक कृतिमध्ये **फालिएको सामान**ले त्यति महत्त्व र गरिमा स्थापित गर्न नसके पनि उनको **सर्पदंश** उपन्यासले कोइरालालाई जति माथि पुऱ्यायो त्यो निकै उल्लेखनीय छ । नेपाली उपन्यासको

[१७] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** पूर्ववत्, पृ. २०८ ।

क्षेत्रमा बाल यौनमनोविज्ञानलाई चित्र्याएर नेपाली उपन्यासको गरिमा र महत्त्वलाई बढाउने अद्वितीय उपन्यासकार रूपमा उनी आज पनि स्थापित छन् ।

## ५.५ निष्कर्ष

**फालिएको सामान** उपन्यासमा मनोविज्ञानका विभिन्न पक्षको विश्लेषण गरिएको छ । यसमा सामान्य तथा असामान्य मनोविज्ञान साथै सामान्य यौन तथा असामान्य यौन मनोविज्ञानको प्रयोग भएको छ । अर्कोतिर सामाजिक मनोविज्ञान र व्यष्टि मनोविज्ञानको पनि प्रयोग भएको छ । यस उपन्यासका प्रत्येक पात्रहरूले अलग अलग मनोविज्ञानलाई अँगालेका छन् ।

उपन्यासकी केन्द्रीय पात्र कुसुम नै असामान्य मनोविज्ञानकी शिकार भएकी छिन् । उनमा एकातिर यौन अतृप्ति छ भने अर्कोतिर प्रतिशोध र अपराधको भावना देखापरेको छ । दिनेशसँगको सहवास र पतिको हत्या यसैको परिणाम बनेको छ । पतिको हत्यापछि त उनी अर्धचेत अवस्थामा पुगेकी छिन् । कुसुमका पिता पुरेन्द्रनाथ एकातिर हीनत्व ग्रन्थि र अर्कोतिर उच्चता ग्रन्थिले पीडित छन् । केदारराजमा उच्चता ग्रन्थि विकृत अवस्थामा पुग्दा यौनविकृतिको शिकार भएको छ । नायक दिनेशकुमारमा पनि तरुनी उसका नजरमा पर्नासाथ कामातुर हुने मनःस्थितिहरू देखापरेका छन् तर उसको यौन मनोग्रन्थिमा विकृति आइसकेको चाहिँ छैन ।

मनोविज्ञानका साथसाथै फालिएको सामान उपन्यासमा सामाजिक पक्षको समेत उदाङ्ग चित्र पाउन सकिन्छ । अभिजात्य सामाजिक रहनसहन र पारिवारिक संघर्षजस्ता जटिलताहरूको विश्लेषण यस उपन्यासमा गरिएको छ । कुसुम पुरुष प्रधान समाजको कुप्रथाको शिकार भएकी छिन् । पुरेन्द्रनाथले लाटो, लठेब्रो र नपुंशक भए पनि खानदानी र सम्पन्न कुलको भएको आधारमा छोरी दिनु, कुसुमकी सासूले आफ्नो छोरोको नपुंशताबाट सन्तान नभए पनि बुहारीलाई बाँझी भनेर हेला गर्नु, कुसुमले आफू बाँझी होइन भन्ने देखाउन परपुरुषका सहारा लिनु, बी. ए. पढेर पनि दिनेश बेरोजगार रहनु आदि प्रसङ्गले उपन्यासको सामाजिक पक्षलाई प्रतिबिम्बित गरेको छ ।

उपन्यासकार कोइराला आधुनिक नेपाली उपन्यासको इतिहासमा मनोविश्लेषणबादी सफल उपन्यासकार मानिन्छन् । सैद्धान्तिक मनोविज्ञान र मनोवैज्ञानिक साहित्यका मान्यताहरूको प्रेरणा र सामान्यीकरणबाट पात्रको निरपेक्ष विश्लेषणलाई यिनले बढी जोड दिएका छन् । फ्रायडवादी विचारलाई समयसापेक्ष उपन्यासमा यिनले स्वीकारेका छन् । कोइरालाको उपन्यासमा पाइने यिनै मनोवैज्ञानिक आधारलाई यिनको मौलिक वैशिष्ट्य मान्न सकिन्छ ।

## परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

# परिच्छेद : छ
# उपसंहार तथा निष्कर्ष

## ६.१ पृष्ठभूमि

साहित्यका अनेक विधाहरूमध्ये एउटा उपन्यास पनि हो । आधुनिक साहित्यमा यसले महत्त्वपूर्ण ठाउँ ओगटेर सर्वाधिक लोकप्रियता कमाएको छ । यसको मुख्य कारण हो, उपन्यासको रोचकता, बृहत् जीवनको परिचय र सत्याभास । यसले गर्दा उपन्यासको सर्वतोमुखी औचित्य र सर्वाङ्गिण चित्र अङ्कित गर्ने भावाभिव्यक्तिको बाटोमा यो अपेक्षाकृत सशक्त र सक्षम सिद्ध भएको छ । यसको स्वरूपबारे मतभेद देखिए पनि साहित्यको प्रतिपाद्य विषय त अन्ततः जीवन अथवा समाज नै हो । समाजका अन्तविरोध, व्यक्तिमनका अन्तर्द्वन्द्व समस्याहरूमा जेलिएको यथार्थ जीवनमा अल्झाइहरू तथा अविछिन्न गतिले अनेकौं फड्को हालेर बढिरहेका मनुष्य र उसका प्रयत्नहरूको प्रतिबिम्बमा उपन्यासको कल्पनालोक निर्मित हुन्छ । उपन्यास जीवन र जगतप्रति नै एक विहङ्गम दृष्टि हो । जो उद्घाट्न मात्र नभएर यो एक सम्पूर्ण जीवित मनुष्यको संसार हो । यसको महत्त्व जीवनको दर्शन र मानसिक प्रक्रियाहरूको अध्ययनमा निहित छ । त्यसैले यथार्थमा चित्राङ्कन गर्ने कलाको एक विशिष्ट रूप उपस्थित गरेर उपन्यासकारले उपन्यासमा नयाँ दृष्टिकोण प्रस्तुत गरेको हुन्छ । त्यसै कारणले नै होला उपन्यास विधा सबैभन्दा पछि विकसित भएर पनि सबैभन्दा लोकप्रिय विधा हुन पुग्यो ।

नेपाली साहित्यमा उपन्यासको आगमको पूर्णतया उपलब्धि भने वि.सं. १९९१ सालमा रुद्रराज पाण्डेको उपन्यासबाट भएको हो । प्रारम्भमा आदर्शोन्मुख सामाजिक यथार्थवादी औपन्यासिक प्रवृत्तिबाट भित्रिएर सामाजिक यथार्थवाद, ऐतिहासिक यथार्थवाद, मनोवश्लेषणवाद, अतियथार्थवाद जस्ता धारागत प्रवृत्तिहरू पनि नेपाली उपन्यासका क्षेत्र

चित्रिए । यी विभिन्न औपन्यासिक प्रवृत्तिमध्ये उपन्यासकार तारिणीप्रसाद कोइराला मुख्यतः मनोविश्लेषणवादी र स्वल्प रूपमा सामाजिक यथार्थवादी पनि देखिएका छन् ।

कोइरालाका प्रवृत्तिहरूलाई र उपन्यासकारितालाई चिनाउने प्रमुख उपन्यासमध्येको उपन्यास **फालिएको सामान** उपन्यास पनि हो । यस उपन्यासको चाँहि सामाजिक विधि र निषेधको जाँतोमा आफ्नो वासनात्मक आकाङ्क्षालाई उत्सर्थ गर्न पुगेकी एउटी नारीको मानसिक विक्षिप्तताको विश्लेषण गरिएको छ । यो उपन्यास तारिणीप्रसाद कोइरालाका औपन्यासिक धरोहर हो । कोइरालाको यो उपन्यास विषयी हो । यो उपन्यासमा यौनजन्य मूल प्रवृत्तिहरूद्वारा उत्प्रेरित समस्या र जटिलतामा जेलिएको छ । मनोविश्लेषणवादको सिद्धान्तलाई आत्मसात गरी फ्रायडवादको धरातलमा यी उपन्यास उभिएको छ ।

फ्रायडवादी सिद्धान्त र उपन्यासकार कोइरालाको अन्तः सम्बन्धनका बारेमा के भन्न कसिन्छ भने फ्रायडवादी चिन्तनले आधुनिक मनोवैज्ञानिक सिद्धान्त र साहित्यलाई समेत नयाँ जीवन दृष्टिको खोज गर्ने वैज्ञानिक ढाँचा प्रदान गरेको छ । अझ यस सिद्धान्तले विश्वको आधुनिक आख्यान साहित्यलाई बढी प्रभावित पारेको देखिन्छ । साथै मूलतः मनोविश्लेषण र व्यक्ति मनोविज्ञान तथा विश्लेषणात्मक मनोविज्ञानको समष्टिगत प्रभाव समेत आधुनिक कथा उपन्यासमा पाइन्छ । यी मनोवैज्ञानिक धारा सम्प्रदायहरूको मूल काम्य अचेतन मनोविज्ञान हो । यसमा अज्ञात मनका विषयवस्तुको विश्लेषणात्मक अध्ययन गरिएको हुन्छ । अचेतन अव्यक्त तथ्यका प्रसङ्गमा मानवीय संवेग र व्यवहारको व्याख्या मनोविज्ञान सिद्धान्तको अभिष्ट हो । व्यक्तित्वको व्याख्या र विश्लेषणको प्रयोजनका लागि अचेतनको खोज अचेतन मनोविज्ञानमामा गरिएको हुन्छ । मनोविज्ञानमा रुचि राख्ने साहित्यकारले संस्कृति सापेक्षवादको स्वीकृतिमा यस सिद्धान्तबाट आवश्यक सङ्गत स्विकारेका पाइन्छ ।

तारिणीप्रसाद कोइराला यही मौलिक सर्तको परिपालनमा फ्रायडवादी जीवन चिन्तनलाई उपन्यासमा अङ्गिकार गर्ने उपन्यासकार हुन् । यिनको उपन्यास लेखनमा खास गरी फ्रायडीय प्रतिबद्धता नै मुख्य रूपमा पाइएन्छ । तापनि त्यहाँ पश्चिमी मनोवैज्ञानिक ढाँचा र कथा लेखन पद्धतिको मात्र प्रभाव छैन र देशीय परम्पराको पूर्व अनुकरण पनि छैन । तारिणीको उपन्यास लेखनमा पश्चिमी यसमा नेपाी सामाजिक, सांस्कृतिक सिद्धि प्रदान गर्ने

उद्देश्य प्राप्तिको गतिशिलता भेटिन्छ । यो प्रवृत्ति तारिणीको उपन्यास लेखनको विश्वेश्वरप्रसाद कोइरालापछिको नवीन प्राप्ति हो भने आधुनिक नेपाली मनोवैज्ञानिक उपन्यासको मौलिक विशेषता पनि हो ।

आधुनिक नेपाली उपन्यासको इतिहासमा प्रथम यौन मनोवैज्ञानिक उपन्यासकार तारिणी प्रसाद कोइराला मनोविज्ञान बेला अथवा मनोवैज्ञानिकको छाँया नबनी साहित्यको कलात्मक अवधारणाका सापेक्षतामा साहित्यिक मनोविज्ञानको स्वीकृति तथा मनोवैज्ञानिक साहित्य सिद्धान्तको अनुप्रेरणा यिनले आफ्ना दुबै उपन्यासमा स्वदेशीय परिस्थितिकै नैतिक सामाजिक र खास गरी मनोवैज्ञानिक पक्ष उद्घाटन गरेका छन् र उनको यही प्रवृत्ति नै उनको उपन्यासकारितालाई नेपाली साहित्यमाभ्क चिनाउने प्रमुख हेतु हो ।

## ६.२ पहिलो परिच्छेदको निष्कर्ष

प्रस्तुत स्नातकोत्तर तहको दोस्रो वर्षको शोधप्रयोजनार्थ लेखिएको **फालिएको सामान उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्रको पहिलो परिच्छेद शोधपरिचयमूलक रहेको छ । यसमा विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्यहरू, पूर्वकार्यको समीक्षा र शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, सीमाङ्कन, शोधविधि, सामग्री सङ्कलन विधि, विश्लेषण विधि र शोधपत्रको रूपरेखा विभिन्न शीर्षकमा विभाजन गरी राखिएको छ ।

## ६.३ दोस्रो परिच्छेदको निष्कर्ष

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा नेपाली उपन्यासको सैद्धान्तिक परिचयअन्तर्गत उपन्यासको परिचय र परिभाषा, उपन्यासका आधारभूत तत्त्वहरूमा कथानक, चरित्र, देशकाल र वातावरण, भाषा, शैली, उद्देश्यको चर्चा गरिएको छ । जसमा उपन्यास शब्दको उत्पत्ति संस्कृत साहित्यबाट भएको र शाब्दिक अर्थ स्थापना गर्नु भन्ने तथ्यलाई अघि सारिएको छ । उपन्यास शब्द संस्कृत साहित्यमा भेटिए पनि यो मूलतः पाश्चात्य साहित्यको गद्य विधागत रचना हो भन्ने निष्कर्ष निकालिएको छ । यसका साथै एउटा उपन्यास तयार हुन विभिन्न औपन्यासिक उपकरणहरूको जरुरत पर्दछ जसअन्तर्गत घटनाहरूको शृङ्खलित योजना (कथानक), कथानकभित्र चलखेल गर्ने मानवीय तथा मानवेतर तत्त्व (चरित्र), घटना

घटित स्थान, समय र अवस्था (देश,काल,वातावरण), अभिव्यक्तिलाई सौन्दर्यमय, अर्थपूर्ण, सरस र प्रभावोत्पादक बनाउने माध्यम (भाषा), लेखकको लेखाइको विशिष्ट प्रस्तुति (शैली), लेखकले पाठकका लागि छाडेको विचार (उद्धेश्य), साहित्यको शृङ्गार (प्रतीक र बिम्ब) र लेखकको उपन्यासमा प्रत्यक्ष र परोक्ष सहभागिता (दृष्टिबिन्दु) को चर्चा प्रस्तुत गरिएको छ ।

## ६.४ तेस्रो परिच्छेदको निष्कर्ष

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा तारिणीप्रसाद कोइरालाको साहित्ययात्रा, व्यक्तित्व र प्रवृत्ति अन्तर्गत पृष्ठभूमि, तारिणीप्रसाद कोइरालाको सङ्क्षिप्त परिचय, साहित्यिक लेखनको प्रेरणा र प्रभाव, साहित्य लेखनको यात्रा र निष्कर्ष प्रस्तुत गरिएको छ । जसअनुसार उनी उपन्यासकारका साथसाथै कथाकार, कवि, गीतकार, अनुवादक, सम्पादक, प्रकाशक र सञ्चारकर्मीजस्ता बहुआयामिक व्यक्तित्व भएको कुरा प्रष्ट हुन्छ । नेपालको प्रजातान्त्रिक लडाइँमा पनि उनले महत्त्वपूर्ण योगदान दिएको तथ्यबाट उनी प्रजातन्त्रवादी राजनीतिज्ञ भएको व्यहोरा प्रष्ट भएको छ । सानैदेखि साहित्यमा रुची राखेका कोइरालाका कथाहरूमा गुरूप्रसाद मैनाली, बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइरालाजस्ता अग्रज साहित्यकारहरूको प्रभाव परेको देखिएको छ । तर उनको कथाकारिता र उपन्यासकारिताको मुख्य आधारशिला भने फ्रायडबाद नै रहेको देखिएको छ ।  कोइरालाको दुई चरणको साहित्यात्रा अन्तर्गत पहिलो चरण (वि.सं. १९९६-२०१६) मा अघु आयामका रचनाहरूको कालखण्ड हो । दोश्रो चरण (वि.सं.२०१७-२०३१) बृहत् आयामका रचनाहरूको कालखण्ड हो । यससमयमा उनले **सर्पदंश** (२०२६), **फालिएको सामान** (२०४२), **अग्निबाटिका** उपन्यास, **रातो स्वेटर** (२०३८) कथासङ्ग्रह, **नैनी** (२०५६) महाकाव्यको रचना गरेको र यो चरण नै उनको परिमाणात्मक र गुणात्मक दुवै दृष्टिले उर्वर साहित्य लेखन काल रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.५ चौँथो परिच्छेदको निष्कर्ष

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा उपन्यासका तत्त्वहरूको विश्लेषण तथा परिचय र त्यसैका आधारमा **फालिएको सामान** उपन्यासको विधातात्विक विश्लेषण गरिएको छ ।

विधातत्त्वका आधारमा उपन्यासको कथानक, चरित्रचित्रण, द्वन्द्व, दृष्टिबिन्दु, परिवेश तथा उद्देश्यको चर्चा गरिएको छ । यस क्रममा उपन्यासमा देखिएका विभिन्न तात्विक विश्लेषणलाई विभिन्न कृतिगत सन्दर्भद्वारा पुष्टि गरिएको छ । यस उपन्यासमा सघन कथावस्तुको प्रयोग भएको छ । सामाजिक परिवेशभित्र लेखिएको उपन्यासमा फ्रायडवादी यौनमनोविज्ञानलाई भित्र्याउने काम भएको छ । यहाँ कुसुमको यौन अतृप्ति नै मूल कथावस्तु भएर रहेको देखाइएको छ । बहुपात्रीय यस उपन्यासमा कुसुम, दिनेश र जुनु मुख्य पात्रको भूमिकामा रहेका छन् । दिनेशको अर्थहीन जिवनलाई लक्षित गर्दै उपन्यासको शीर्षक फालिएको सामान राखिएको चर्चा चौथो परिच्छेदमा पाइन्छ । उपन्यासले काठमाडौँको भौगोलिक परिवेश लगायत उच्च मध्यम वर्गीय समाजको हिन्दू तथा बाहुने संस्कृतिलाई परिवेशको रूपमा लिइएको छ । भाषाशैली पनि स्वभाविक किसिमको प्रयोग गरिएको छ जहाँ अनुकरणात्मक शब्द, प्रतीक र बिम्ब, उखानटुक्का, चित्रभाषा, मनोवादीय भाषाको प्रयोगले उपन्यास जीवन्त बनाएको छ । यसका साथै केही अश्लीलता पनि उपन्यासमा पाइन्छ तर कथाले मागेअनुसार त्यो स्वाभाविक र अनिवार्य रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । उपन्यासमा हिन्दी, अङ्ग्रेजी, मराठी र मैथिल भाषाका आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । यसका साथै उपन्यासमा प्रशस्त मात्रामा वर्णविन्यासको अपचलन तथा त्रुटिहरू भएको औँल्याइएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी लेखिएको यस उपन्यासमा नेपाली अभिजात वर्गीय समाजको साँस्कृतिक परिवेश र संस्कारले उब्जाएका यौन अतृप्ति र लान्छनाबाट प्रताडीत नारीको मनोग्रन्थि कसरी विष्फोट हुन्छ भन्ने कुराको यथार्थ चित्रण नै यस उपन्यासको प्रमुख उद्येश्य रहेको निष्कर्ष व्यक्त गरिएको छ ।

## ६.६ पाँचौँ परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा नेपाली उपन्यास परम्परामा **फालिएको सामान**को प्राप्ति र वैशिष्ट्यको चर्चा गरिएको छ । चर्चा गर्ने क्रममा मनोवैज्ञानिक उपन्यासमा तारिणीप्रसाद कोइरालाको योगदान तथा सामाजिक तथा यौनमनोवैज्ञानिक विषयवस्तुका आधारमा **फालिएको सामान**ले नेपाली उपन्यास क्षेत्रमा के कस्तो परिवर्तन र प्रभाव भित्र्यायो त्यसको

विश्लेषण र मूल्याङ्कन गरिएको छ । कोइरालाका प्रवृत्तिहरू र उपन्यासकारितालाई चिनाउने फालिएको सामान प्रमुख उपन्यास भएको र उनले यस उपन्यासमा फ्रायडवादी जीवनचिन्तनलाई प्रस्तुत गरिएको तथ्य उक्त परिच्छेदमा प्रस्तुत गरिएको छ । यहाँ पश्चिमी मनोवैज्ञानिक ढाँचा र कथा लेखन पद्धतिको मात्र प्रभाव छैन देशीय परम्पराको अनुकरण पनि रहेको तथ्य स्वीकारिएको छ । सैद्धान्तिक मनेविज्ञान र  मनोवैज्ञानिक साहित्यका मान्यताहरूको प्रेरणा र सामान्यीकरणबाट निर्मित आफ्नो मनोवैज्ञानिक दृष्टिद्धारा पात्रको चरित्रको आत्मविश्लेषणलाई भन्दा निरपेक्ष विश्लेषणलाई कोइरालाले बढी महत्व दिएको र विविध कार्यपद्धतिको माध्यमबाट पात्रको अर्न्तव्यथाको रहस्योद्घाटन गरिएकोले यही मनोवैज्ञानिक आधारलाई उपन्यासकार कोइरालाका मौलिक वैशिष्ट्य भएको निष्कर्ष यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ६.७ समग्र निष्कर्ष

उपन्यासकार तारिणीप्रसाद कोइराला नेपाली उपन्यास परम्परामा एउटा नयाँ प्रवृत्तिलाई भित्र्याउन सफल उपन्यासकार हुन् । उनका केवल दुई वटा मात्र औपन्यासिक कृति प्रकाशित भए पनि उनको **फालिएको सामान** उपन्यासले कोइरालालाई नेपाली उपन्यास परम्परामा स्थापित गराउन सफल भएको छ । नेपाली उपन्यासको क्षेत्रमा यौनमनोविज्ञान र सामाजिक यथार्थलाई मिश्रण गरी नयाँ प्रवृत्ति भित्र्याउने उपन्यासको रूपमा **फालिएको सामान** आज पनि उल्लेखनीय छ ।

फ्रायडवादी चिन्तनले आधुनिक मनोवैज्ञानिक सिद्धान्त र साहित्यलाई नयाँ जीवनदृष्टिको खोज गर्ने वैज्ञानिक ढाँचा प्रदान गरेको छ । मनोवैज्ञानिक धारा सम्प्रदायको मूल काम्य अचेतन मनोविज्ञान हो । व्यक्तित्वको व्याख्या र विश्लेषणको प्रयोजनको लागि अचेतनको खोज अचेतन मनोविज्ञानमा गरिएको हुन्छ । तारिणीप्रसाद कोइराला यही मौलिक शर्तको परिपालनामा फ्रायडवादी जीवन चिन्तनलाई उपन्यासमा अङ्गिकार गर्ने उपन्यासकार हुन् । उनले मनोविश्लेषणात्मक सिद्धान्तलाई व्यवहारमा प्रयोग गरी त्यसैद्धारा जीवनलाई हेर्ने केलाउने गरेको पाइन्छ । उनले सामाजिक मानसिक विकृति यथार्थमा र

परिणतिबाट सचेत हुन मनोविश्लेषणलाई आफ्नो उपन्यासमा प्रयोग गरेका छन् र उनी मनोविश्लेषणवादी उपन्याकार बन्न सफल भएका छन् ।

हुन त उनको **फालिएको सामान** उपन्यासलाई अश्लील र छाडा शब्दहरूको प्रयोग गरिएको उपन्यास भनेर लाञ्छना नलागेको भने होइन । तर पनि उपन्यासकारले सामाजिक यथार्थलाई र मनोयथार्थलाई जस्ताको तस्तै उपस्थित गराउने क्रममा त्यसो नगरी नहुने अवस्था थियो । मानवीय नैसर्गिकतालाई स्पष्ट रूपमा उतार्नु पर्दा उपन्यासकारले कृत्रिम शिष्टतालाईभन्दा सहज यथार्थलाई अगाडि ल्याउने सन्दर्भमा यतिका खुलापनलाई हामीले सहजताकासाथ लिनुपर्ने देखिएको छ ।

कोइराला बहिर्मुखी स्वभावका हँसिला र रसिला व्यक्ति थिए । पिता कृष्णप्रसाद कोइराला भारतमा निर्वासित जीवन बिताइरहँदा वि.सं.१९७९मा बनारसमा उनको जन्म भएको थियो । उनी उपन्यासकारमात्र नभएर कवि, कथाकार, सम्पादक, गीतकार आदि बहुमुखी व्यक्ति भएको तथ्य स्पष्ट भइसकेको छ । उनी प्रजातान्त्रिक लडाइँका एकजना योद्धा पनि थिए । नेपालको जहानियाँ निरङ्कुश राणाशासनको पतन गराइ प्रजातन्त्रको स्थापना गराउन उनले लामो समयसम्म संघर्ष गरेको देखिन्छ । विराटनगरको जुटमिलको मजदुर आन्दोलन लगायत विभिन्न राणाविरोधी गतिविधिमा उनको संलग्नता रहेको थियो । प्रजातन्त्र प्राप्तिको लागि संघर्षरत रहँदा उनले थुप्रै पटक जेल जीवन भोग्न बाध्य भएका थिए । २००७ सालमा प्रजातन्त्रको आगमन भइसकेपछि हालको रेडियो नेपालको स्थापना गरी प्रथम डाइरेक्टर समेत भएका थिए । नेपालको सञ्चार जगत्मा उनको यो कार्य महत्वपूर्ण योगदान सावित हुन पुग्यो । सानैदेखि विद्रोही स्वभावका कोइराला प्रायः सामाजिक तथा नैतिक बन्धनहरू तोड्न चाहन्थे । उनी कसैको नियन्त्रण र बन्धन नरुचाउने प्रवृत्तिका थिए । त्यसैले कहिले राणाशासन त कहिले पञ्चायती व्यवस्थाको विरुद्ध कडा संघर्षमा उत्रिए । रक्सी र चुरोटको सेवन गर्ने बानी भएका कोइराला वि.सं. २०१७ देखि २०२३ सम्म नख्खु जेलमा यातना भोग्नु पर्दा झन् रोगी बन्न पुगे । उपचारको क्रममा बनारसको सर सुन्दरलाल अस्पतालमा २०३१ साल बैशाख १७ गते उनको निधन भएको देखिन्छ । उनको यस्तो सङ्घर्षशील जीवन धेरैका लागि प्रेरणाको स्रोत बन्न सक्दछ ।

कोइरालाले साहित्यको विविध फाँटमा कलम चलाए पनि उनको उपन्यासकारिता बढी चर्चा हुने गरेको छ । उनको पहिलो उपन्यास **सर्पदंश** बालयौनमनोविज्ञानमा आधारित उपन्यास हो भने दोस्रो **फालिएको सामान** उपन्यास पनि मनोविज्ञानमा आधारित रहेको छ । वि.सं. २०१६ मा गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** उपन्यासबाट शुरु भएको मनोविश्लेषणात्मक धारालाई कोइरालाले निरन्तरता दिएको देखिन्छ । उनको **फालिएको सामान** उपन्यासलाई साहित्यको शिष्टता र मर्यादालाई मिचेको अनि साहित्यको मूल मान्यतालाई गुमाएको आरोप लागिरहँदा यौन अतृप्ति र लाञ्छनाबाट पीडित नारीको मनोग्रन्थिको यथार्थ चित्रण गर्न भने उनी सक्षम देखिएका छन् । यही नै यस उपन्यासको प्रमुख उद्येश्य पनि हो ।

यसरी उनको **फालिएको सामान** यौनमनोविज्ञानको दृष्टिकोणबाट एउटा सफल उपन्यास बन्न पुगेको छ । मनोवैज्ञानिक धारा अन्तर्गत नेपाली साहित्यले प्राप्त गरेको अर्को एउटा महत्वपूर्ण कृतिको रूपमा यसलाई लिन सकिन्छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी लेखिएको यस उपन्यासमा अङ्ग्रेजी, हिन्दी, मराठी, मैथली आदि भाषाका आगन्तुक शब्दहरूको प्रशस्त प्रयोग गरिएको छ । मानक व्याकरणको प्रयोग नगरिनु र वर्णविन्यासगत त्रुटि रहनु यस उपन्यासको कमजोरी पक्ष हो । भाषागत रूपमा हिन्दी भाषाको बढी प्रभाव उपन्यासमा पर्न गएको देखिन्छ । उखानटुक्का, चित्रभाषा, मनोवादीय भाषा, प्रतीक र बिम्बको प्रयोगले उपन्यासलाई जीवन्त बनाउन सहयोग पुऱ्याएको छ । समग्रमा सामाजिक विधि र निषेधको जाँतोमा आफ्नो वासनात्मक आकाङ्क्षा उत्सर्जन गर्न पुगेकी एउटी नारीको मानसिक विक्षिप्तताको विश्लेषण गर्न भने **फालिएको सामान** उपन्यास सफल देखिन्छ ।

# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची

## क) सन्दर्भग्रन्थसूची


कोइराला, कुलप्रसाद, *नियतिको अन्तर्द्वन्द्वमा बाबु, आमा र छोरा,* **विश्वेश्वरप्रसाद कोइराला: समालोचना र विचारमा,** जीवनचन्द्र कोइराला (सम्पा.), काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र, २०५३ ।

कोइराला, तारिणीप्रसाद, **सर्पदंश,** काठमाडौं : प्रतिनिधि साहित्य प्रकाशन, २०२६ ।

———— **फालिएको सामान,** वाराणसी : प्रशान्त प्रकाशन, २०४२ ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली आख्यान,** कीर्तिपुर : क्षितिज प्रकाशन, २०६३ ।

घर्ती, दुर्गाबहादुर, **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान**, ललितपुर : साझा प्रकाशन, २०६७ ।

दाहाल, दुर्गाप्रसाद, **नेपाली गद्य, भाषा र साहित्य,** काठमाडौं : के.पी. पुस्तक भण्डार, २०६४ ।

न्यौपाने, श्रीराम, **नेपाली गद्य, भाषा र साहित्य,** काठमाडौं : पैरवी प्रकाशन, २०६५ ।

प्रधान, कृष्णचन्द्रसिंह **नेपाली उपन्यास र उपन्यासकार** (चौ.सं.), ललितपुर : साझा प्रकाशन, २०६१ ।

बन्धु, चूडामणि (सम्पा.), **नेपाली साहित्यको इतिहास**, (प्रथम खण्ड), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिठान, २०६० ।

भट्टराई, डी.पी., **नेपाली गद्य, भाषा र साहित्य,** काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, २०६४ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (सम्पा.), **नेपाली गद्य र भाषा साहित्य,** काठमाडौं : नवीन प्रकाशन, २०६३ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (दो.सं.), ललितपुर : साझा प्रकाशन, २०६४ ।


## ख) सन्दर्भपत्रिकासूची


अधिकारी, शारदा, *एक कृति केही दृष्टिः पल्लो घरको झ्याल,* **समकालीन साहित्य**, वर्ष ५, अङ्क ४, पूर्णाङ्क २०, २०५२, पृ. १९-१३१ ।

आचार्य, गिरिराज, *तारिणीप्रसाद कोइराला, केही खोजखाज,* **चान्द्रमसी**, वर्ष १३, अङ्क-१, २०५२ ।

कोइराला, तारिणीप्रसाद, *आमाको हृदय,* **शारदा,** वर्ष ५, अङ्क १२, १९९६ ।

खड्का, हिक्मत, *विश्वेश्वरप्रसाद कोइराला र तारिणीप्रसाद कोइरालाको साहित्यमा यौनमनोविज्ञान,* **चान्द्रमसी,** २०५२, पृ. १११-११३ ।

चापागाई, नरेन्द्र, *फालिएको सामान परिचयात्मक अवलोकन,* **चान्द्रमसी**, वर्ष १३, अङ्क १, २०५२ ।

ताना सर्मा, *हालै देखा परेको सर्पदंश,* **रत्नश्री**, वर्ष ७, अङ्क २, २०२६, पृ. ४६-५२ ।

*तारिणीका उपन्यास र यौनमनोविश्लेषण,* **गरिमा,** वर्ष १२, अङ्क ५, पूर्णाङ्क १३७, वैशाख २०५१, पृ. २०७-२१५ ।

**पब्लिकेशन म्यानुअल अफ द अमेरिकन साइकोलजिकल एसोसिएसन**, वासिङ्टन डिसी : अमेरिकन साइकोलजिकल एसोसिएसन, सन् २०१० ।

*रेडियो नेपालको जन्म,* **झङ्कार,** वर्ष १, अङ्क ५, २०१६ ।

रेग्मी, मुरारीप्रसाद, ***सर्पदंश*** *एक मनोवैज्ञानिक अध्ययन,* **रूपरेखा**, वर्ष १६, अङ्क ९, पूर्णाङ्क १७७, पुस २०३२, पृ. ५-८, ४३-४५ ।

रेग्मी, सूर्यप्रसाद, ***सर्पदंश*** *बालयौन मनोवैज्ञानिक विवेचना,* **गरिमा,** वर्ष २१, अङ्क १०, पूर्णाङ्क २५०, असोज २०६०, पृ. ४५-४६ ।

शर्मा, मोहनराज, **साइबरउपन्यास : साइबरसमालोचना,** जिरो कटेज, लेखक टंक चौलागाई, काठमाडौ : कखरा किताब, २०६८ ।

शर्मा, विष्णुकुमारी, ***सर्पदंश*** *उपन्यासको असामान्य कम्मु,* **चान्द्रमसी,** वर्ष १३, अङ्क १, २०५२ ।

सुवेदी, दधिराज, *कथा एवम् उपन्यास शिल्पी तारिणीप्रसाद कोइराला,* **चान्द्रमसी,** तारिणी स्मृति अङ्क, २०५२, पृ. २१ ।

### ग) सन्दर्भशोधपत्रसूची

गैरे, गोपालप्रसाद, **रातो स्वेटर कथासङ्ग्रहको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर, २०४९ ।

न्यौपाने, सुदर्शन, **सर्पदंश उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तपुर, २०६३ ।